**DIKTEL MULTIPLE CAMPUS**

Diktel Rupakot Majhuwagadhi Municipality -02, Khotang
Koshi Province, Nepal

Prof. Dev Raj Adhikari, PhD.
Chairman

Date of UGC Board Decision : January 04, 2024 AD
Valid Up to : January 03, 2029 AD

Date of Issue : January 26, 2024 AD

## अनुसूची-९

सामुदायिक क्याम्पस वर्गीकरणको फोटो



त्रिभुवन विश्वविद्यालय

**योजना निर्देशनालय**

कीर्तिपुर, काठमाडौं

**प्रमाणपत्र**

श्री दिक्तेल बहुमुखी क्याम्पस
दिक्तेल, खोटाङ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त त्यस क्याम्पसले क्याम्पस सञ्चालन गर्न पेश गरेको विधान २०७५ र त्रि.वि. सम्बन्धन सम्बन्धी नियम २०७३ बमोजिम क्याम्पस सञ्चालन प्रयोजनार्थ सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको रुपमा यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मितिः २०८०।४।१८

प्रा.डा. ध्रुव कुमार गौतम
योजना निर्देशक


# शुभकामना

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४५, छठ, उँधौली र ल्होसारको उपलक्ष्यमा वडा एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**सामुदायिक वन महासंघ**
खोटाङ

| | | |
|---|---|---|
| मोहन गुरुङ | सम्बर बहादुर भुजेल | राजेन्द्र राई |
| अध्यक्ष | केन्द्रीय सदस्य | केन्द्रीय सदस्य |
| सामुदायिक वन महासंघ | सामुदायिक वन महासंघ | सामुदायिक वन महासंघ |
| जिल्ला समिति खोटाङ | | ९८५२८४९२१४ |

# सामुदायिक क्याम्पसको स्थायित्वका लागि हाम्रो भूमिका



दुर्गा जयन्ती राई

अध्यक्ष, क्याम्पस सञ्चालक समिति

## (१) पृष्ठभूमि ः

समुदायद्वारा समुदायकै लागि सञ्चालित समुदायकै स्वामित्वमा रहेको उच्च शिक्षा प्रदान गर्न आवश्यक छ शैक्षिक संस्था हो, सामुदायिक क्याम्पस । नेपालको दूरदरारमा बस्ने, आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई पनि शिक्षाको मूलधारमा ल्याउने सामुदायिक क्याम्पसहरूको अभिष्ट हो । ती अभिष्ट पूरा गर्न सामुदायिक क्याम्पसहरूले हर कोसिस गरिरहेका छन् । तथापि सामुदायिक क्याम्पसहरूले थुप्रै चुनौतीसँग लडिरहेको छ । यी चुनौतीलाई किनारा लगाउन आजका पुस्ताले सोच्न आवश्यक छ ।

## (२) संक्षिप्त शैक्षिक इतिहासः

सामुदायिक क्याम्पसहरूको स्थायित्वको सन्दर्भमा चर्चा गर्दै गर्दा नेपालको औपचारिक शैक्षिक इतिहासलाई पनि फर्केर हेर्न आवश्यक छ । २० औं शताब्दीमा हाम्रो देशमा जहानीया राणा शासन कायम थियो । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत भ्रमणबाट नेपाल फर्किए पश्चात् राणाहरूका छोराछोरी र आफ्ना विश्वास पात्रका छोराछोरीहरूलाई पढाउन वि.सं. १९१० मा काठमाडौँमा दरबार हाइस्कुल स्थापना गरे जुन नेपालको पहिलो विद्यालयको रूपमा परिचित छ । विद्यालय शिक्षा सुरुवात भएको ६५ वर्ष पश्चात् उच्च शिक्षा प्रदान गर्न आवश्यक छ शैक्षिक संस्थाको रूपमा त्रि-चन्द्र कलेजको स्थापना वि.सं. १९७५ मा भयो भने विद्यालय शिक्षा सुरु भएको १०६ वर्ष पश्चात् प्रजातन्त्रको स्थापनासँगै वि.सं. २०१६ साल असार ३० गते त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो त्यस पश्चात् नेपालमा उच्च शिक्षाले गति लिएको देखिन्छ ।

वि.सं. २०१६ देखि वि.सं.२०३६ सम्ममा देशका निश्चित स्थानमा त्रिभुवन विश्वविद्यालयका आङ्गिक कलेजहरू खुले पनि समयको गतिशीलता र दूरदरारमा रहेका उच्च शिक्षा हाँसिल गर्न इच्छुक विद्यार्थीहरूको चाहनालाई आंशिक कलेजहरूले धान्न नसकिरहेको अवस्थामा वि.सं. २०३७ सालमा पहिलो पटक त्रिभुवन विश्वविद्यालयले एकैपटक ११ वटा क्याम्पसलाई सम्बन्धन दिएर सामुदायिक कलेज खोल्ने अवसर दियो । जसमध्ये दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल पनि एक हो । यस्ता सामुदायिक क्याम्पसले विशेष गरेर दूरदरारमा रहेका गरिब, महिला, आदिवासी, दलित समुदायको उच्च शिक्षा हाँसिल गर्न चाहने विद्यार्थीहरूका लागि ठूलो टेवा दिएको छ भने राज्यलाई दक्ष जनशक्ति पनि प्रदान गरेको छ ।

वर्तमान अवस्थामा विश्वविद्यालय अनुदान आयोगको शैक्षिक तथ्याङ्क सन् २०२२/०२३ अनुसार ११ वटा विश्वविद्यालय, ५ वटा चिकित्सा शिक्षाका अध्ययन संस्थानहरू र २ वटा प्रादेशिक

विश्वविद्यालय गरी जम्मा १८ वटा विश्वविद्यालयहरू सञ्चालनमा रहेको पाइन्छ । यी सबै विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित शैक्षिक संस्थाहरूलाई नियाल्दा ३ प्रकारका उच्च शैक्षिक संस्थाहरू रहेको देखिन्छ । जुन यस प्रकार रहेका छन्ः– आङ्गिक १६२ वटा, सामुदायिक ५३९ वटा, निजी ७५४ वटा । यसरी हेर्दा सम्पूर्ण उच्च शिक्षा प्रदान गर्न आवश्यक छ । शैक्षिक संस्थाहरू जम्मा १,४५५ वटा रहेका छन् ।

**नेपालमा सञ्चालित विश्वविद्यालय र तिनका मातहतमा रहेका क्याम्पसहरूः**

| क्र.सं. | विश्वविद्यालयको नाम | आङ्गिक | सामुदायिक | निजी |
|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | ६२ | ५२८ | ५५४ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | १४ | ३ | २ |
| ३ | काठमाडौं विश्वविद्यालय | ९ | ० | १५ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | ९ | ६ | १०८ |
| ५ | लुम्बिनी विश्वविद्यालय | ३ | २ | ९ |
| ६ | पोखरा विश्वविद्यालय | ९ | ० | ५८ |
| ७ | कृषि तथा वनविज्ञान विश्वविद्यालय | ११ | ० | ७ |
| ८ | सुदूर पश्चिम विश्वविद्यालय | १६ | ० | ० |
| ९ | मध्य पश्चिममाञ्चल विश्वविद्यालय | १९ | ० | १ |
| १० | नेपाल खुला विश्वविद्यालय | १ | ० | ० |
| ११ | राजर्षि जनक विश्वविद्यालय | १ | ० | ० |
| १२ | गण्डकी प्रदेश विश्वविद्यालय | १ | ० | ० |
| १३ | मनमोहन प्राविधिक विश्वविद्यालय | १ | ० | ० |
| १४ | वि.पि.कोइराला विश्वविद्यालय | १ | ० | ० |
| १५ | नेपाल एकेडेमी अफ मेडिकल साइन्स | २ | ० | ० |
| १६ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | ० | ० |
| १७ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | ० | ० |
| १८ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | ० | ० |
| | जम्मा | १६२ | ५३९ | ७५४ |

(काफ्ले, २०८१)

तालिका - १

**प्रदेश नं. १ मा सञ्चालित सामुदायिक क्याम्पसहरू र सञ्चालित कार्यक्रमहरूः**

| क्र.सं. | जिल्ला | क्याम्पसको सङ्ख्या | सञ्चालित कार्यक्रम | QAA प्राप्त संस्था |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | २ | स्नातक, स्नातकोत्तर | छैन |

| | | | | |
|---|---|---|---|---|
| २ | पाँचथर | ४ | स्नातक, स्नातकोत्तर | छैन |
| ३ | इलाम | ४ | स्नातक, | छैन |
| ४ | झापा | १७ | स्नातक, स्नातकोत्तर | १ |
| ५ | मोरङ | १२ | स्नातक, स्नातकोत्तर | ३ |
| ६ | सुनसरी | ७ | स्नातक, स्नातकोत्तर | १ |
| ७ | धनकुटा | ६ | स्नातक, स्नातकोत्तर | १ |
| ८ | तेह्रथुम | ५ | स्नातक, | छैन |
| ९ | सङ्खुवासभा | ५ | स्नातक, स्नातकोत्तर | छैन |
| १० | भोजपुर | २ | स्नातक, स्नातकोत्तर | छैन |
| ११ | उदयपुर | ७ | स्नातक, स्नातकोत्तर | छैन |
| १२ | खोटाङ | ६ | स्नातक, स्नातकोत्तर | १ |
| १३ | ओखलढुङ्गा | ८ | स्नातक, स्नातकोत्तर | १ |
| १४ | सोलुखुम्वु | ४ | स्नातक, स्नातकोत्तर | छैन |
| | जम्मा | ८९ | | ८ |

(काफ्ले, २०८१)

## (३) सामुदायिक क्याम्पसको अवस्थाः

माथिको तथ्याङ्कलाई हेर्दा १,४५५ वटा क्याम्पसहरूमध्ये ५३९ वटा सामुदायिक क्याम्पस (सम्बन्धन प्राप्त) हरू जसले कूल विद्यार्थी सङ्ख्याको ३०% विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्दै आएको छ तर तिनै उच्च शैक्षिक संस्थाहरू आज धराशायी छन् । सामुदायिक क्याम्पसहरूलाई हेर्ने सही दृष्टिकोण राज्यले बनाउन नसक्नु बिडम्वना हो । प्रदेश नं. १ मा ८९ वटा सामुदायिक क्याम्पसहरू सञ्चालनमा रहेका छन् । जसमध्ये दिक्तेल बहुमुखी क्याम्पस पनि एक हो । वि.सं. २०३७ साल असोज १६ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्थापना गरिएको पूर्वी पहाडी जिल्लाको पुरानो सामुदायिक क्याम्पसमध्ये एक हो, दिक्तेल बहुमुखी क्याम्पस । खोटाङ जिल्लाका शिक्षाप्रेमी तत्कालीन नेतृत्वहरू वृषबहादुर राई, दीपबहादुर राई, नरेन्द्र राजभण्डारी, पर्शुराम बजिमय, जसराज किराँती, तेजबहादुर बस्नेत, प्रेमकुमार राई लगायतका व्यक्तिहरूको पहलमा दिक्तेल बहुमुखी क्याम्पसको स्थापना भएको हो । स्थापनाको ४३ औं वसन्तको दौरानमा यो क्याम्पस अथक प्रयासपछि विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चित तथा प्रत्यायनकृत (QAA) भएको छ । यो सामुदायिक क्याम्पसहरूको लागि नै गौरवको विषय हो ।

दिक्तेल बहुमुखी क्याम्पस जस्तै ५३९ वटा सामुदायिक क्याम्पसहरूमध्ये केही बाहेक धेरै क्याम्पसहरू विविध समस्याबाट गुज्रिँदै अनेक चुनौतीहरूको सामना गरिरहेको छ । सामुदायिक क्याम्पसहरू समुदायबाटै सञ्चालित भएका हुनाले यस्ता क्याम्पसहरूको सरोकारवाला पक्षहरू भनेको सञ्चालक समिति, जनप्रतिनिधिहरू, प्राध्यापकहरू, कर्मचारीहरू, विद्यार्थीहरू, तिनै तहको सरकार, व्यापारी, उद्योगी, बुद्धिजीवी, सञ्चारकर्मीहरू मुख्य हुन् भने सम्बन्धन प्रदान गर्न आवश्यक छ

T.U., U.G.C., सामुदायिक क्याम्पस छाता सङ्गठन नेपाल पब्लिक क्याम्पस सङ्घ पनि सरोकारवाला पक्ष नै हुन् । यी सरोकारवाला पक्षहरूले सामुदायिक क्याम्पसहरूको स्थायित्वको लागि आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु जरूरी छ ।

## (४) सामुदायिक क्याम्पसका चुनौतीहरूः

- सामुदायिक क्याम्पसको व्यवस्थापनको निम्ति राज्यको ठोस र मूर्त नीति नहुनु,
- सामुदायिक क्याम्पसको आर्थिक स्रोत विद्यार्थीलाई मात्र बनाइनु,
- विश्वविद्यालय अनुदान आयोग, त्रिभूवन विश्वविद्यालय र प्रदेश सरकारबाट आउने रकम (बजेट) सञ्चालनमा खर्च गर्न नपाउनु,
- आर्थिक स्रोतको अभावमा प्राध्यापक र कर्मचारीलाई समयमा तलब उपलब्ध गराउन नसक्नु,
- प्राध्यापक, कर्मचारीलाई बदलिँदो परिस्थितिमा आवश्यक ज्ञान, सिप, क्षमता वृद्धिको निम्ति वातावरण दिन नसक्नु,
- आवश्यताअनुसार विद्यार्थीमैत्री वातावरण बनाउन नसक्नु,
- सरोकारवाला पक्षाहरूसँग निरन्तर र घनिभूत रूपमा क्याम्पसको बारेमा छलफल र संवाद नगर्नु,
- क्याम्पसको स्वामित्वमा रहेको भौतिक संरचना (भवन, जग्गा) लाई उपयोग गरेर आर्थिक स्रोत वृद्धि गर्न नसक्नु ,
- नियमन निकायले बेलाबखतमा क्याम्पसको अनुगमन, मूल्याङ्कन र व्यावस्थापनमा भूमिका निर्वाह नगर्नु,
- कतिपय क्याम्पसमा राजनीतिक हस्तक्षेप समेत हुनु,
- आवश्यक भौतिक पूर्वाधार नहुनु,
- प्राज्ञिक विषयमा ध्यान नजानु,
- शैक्षिक नीति तथा कार्यक्रमहरू पुराना हुनु,
- ठूलो लगानीमा सुञ्चालित निजी क्याम्पसहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता हुनु,
- प्रविधिमैत्री शिक्षण प्रक्रिया अवलम्वन गर्न नसक्नु,
- आवश्यकताअनुसार शैक्षिक सामग्री र खेलकुद सामग्री व्यावस्थापन गर्न नसक्नु,
- सरकारी कार्यालयहरूसँग समन्वयमा कमी हुनु,
- रोजगारीको अभावमा उच्च शिक्षाको निम्ति विद्यार्थीहरू विदेशिनु ।

## (५) समाधानको उपायहरूः

- सामुदायिक क्याम्पसको व्यावस्थापन र स्थायित्वको लागि सरकारले ठोस नीति निर्माण गर्नु पर्दछ ।
- आर्थिक समस्या समधान गर्न राज्यले नीति निर्माण गरी अनुदान प्रदान गर्न आवश्यक छ ।
- क्याम्पस आफैंले पनि विद्यार्थीको शुल्क बाहेक अन्य आर्थिक स्रोतको पहिचान गरी स्रोत जुटाउन मेहनत गर्न आवश्यक छ ।
- प्राध्यापक र कर्मचारीहरूको क्षमता विकासका लागि क्याम्पसले अन्य सङ्घ संस्थाको सहकार्यमा आवश्यक तालिमहरूको आयोजना गर्न आवश्यक छ ।
- विद्यार्थीमैत्री वातावरण निर्माण गरी विद्यार्थीलाई सामुदायिक क्याम्पसप्रति आर्कषित गर्न आवश्यक छ ।

- सरोकारवाला पक्षहरूसँग नियमित र जीवन्त सम्पर्क गरी काम गर्न आवश्यक छ ।
- क्याम्पसको स्वामित्वमा रहेको सम्पत्तिलाई आर्थिक आयआर्जनसँग जोड्ने कार्यक्रम बनाउन पहल गर्ने
- नियमन निकायले नियमित अनुगमन, मूल्याङ्कन गरी सुझाव दिन आवश्यक छ ।
- आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि पहल गर्न आवश्यक छ ।
- विद्यार्थीहरूका निम्ति रचनात्मक कार्यक्रमहरू आयोजना गर्न आवश्यक छ ।
- क्याम्पसले अन्य निकायसँग समन्वय गरी इच्छुक विद्यार्थीहरूलाई पढ्दै कमाउँदैको नीति बमोजिम आर्थिक आयसँग जोड्न सहयोग गर्न आवश्यक छ ।
- प्रविधिमैत्री शिक्षण विधिलाई अवलम्वन गर्न आवश्यक छ ।
- सञ्चालक समितिले र क्याम्पस प्रशासनले ३ तहको सरकार, U.G.C., T.U. लगायतका निकायसँग जीवन्त सम्पर्क र सम्बन्ध कायम राखी काम गर्न आवश्यक ।
- प्राध्यापक र कर्मचारीहरूको सेवा सुविधा समयमा नै उपलब्ध गराउन क्याम्पस प्रशासन र सञ्चालक समिति सदैव लागी पर्न, पहल गर्न आवश्यक छ ।
- प्रयोगात्मक परीक्षामा T.U. बाट खटिई आउने निरीक्षकलाई अघोषित ब्ल्याकमेलिङमा T.U. ले नै कडाइ गर्न पहल गरिनुपर्ने ।
- सञ्चालक समिति गठन गर्दा शिक्षा र शैक्षिक संस्थाको महत्त्वलाई आत्मसात गर्नसक्ने व्यक्तिहरूलाई छानोट गरी सक्षम नेतृत्व चयन गर्नु पर्ने ।

## निष्कर्षः

शिक्षा मानिसको नैसर्गिक अधिकार हो । नेपालको संविधानमा शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरिएको छ । नेपाल सरकारको शिक्षा नीतिमा शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने विषयलाई आत्मासाथ गरिएको छ तथापि वर्तमान अवस्थामा पनि शिक्षा क्षेत्रमा विभेद छ । हुने खानेहरू र हुदाँ खानेहरूको बिचमा ठूलो खाडल छ । अझ उच्च शिक्षाका लागि खुलेका शैक्षिक संस्थाहरूमा ती समस्या धेरै छन् । सरकारी लगानीमा सञ्चालित आङ्गिक क्याम्पस, पैसा हुनेहरूद्वारा आर्थिक लाभ लिन खोलिएका निजी क्याम्पस र समुदायले समुदायकै निम्ति सञ्चालन गरेका सामुदायिक क्याम्पसहरू बिचको अवस्थालाई हेर्ने हो भने सामुदायिक क्याम्पसहरू सञ्चालन गर्न निरन्तरता दिन निकै नै गाह्रो देखिन्छ । त्यसैले उच्च शिक्षा हासिल गर्ने कूल विद्यार्थीहरूको ३०% भार बोकिरहेको सामुदायिक क्याम्पसहरूको स्थायित्वका लागि स्पष्ट नीति निर्माण गरी सरोकारवाला पक्षहरूले गम्भीरतापूर्वक काम गर्न जरुरी छ । यसका निम्ति सरकार, क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रमुख, प्राध्यापक वर्ग, विद्यार्थी, बुद्धिजीवी, उद्योगी, व्यापारी, जनप्रतिनिधि आदि स्वयम् सचेत र क्रियाशील भई सामुदायिक क्याम्पसको स्थायित्व र स्तरोन्नतिका लागि पहलकदमी गर्न जरुरी छ ।

## सन्दर्भ सामग्रीहरूः

काफ्ले टोलनाथ,(२०८१) नेपाल पब्लिक क्याम्पस सङ्घ, स्मारिका, युनिक प्रिन्टिङ,चावहिल

दाहाल(भट्टराई) सावित्रा,(२०८१) नेपाल पब्लिक क्याम्पस सङ्घ, स्मारिका, युनिक प्रिन्टिङ,चावहिल

दिक्तेल बहुमुखी क्याम्पस, क्याम्पस सभा-२०७९, प्रतिवेदन

# प्राज्ञिक समितिको प्रगति प्रतिवेदन वा गतिविधि


✍ पदमबहादुर विष्ट क्षेत्री

संयोजकः दिक्तेल बुहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालय वा उच्च विश्वविद्यालयबाट स्वीकृति लिई सञ्चालित विभिन्न कार्यक्रम अन्तर्गत अध्ययन, अध्यापन, अनुसन्धान, शैक्षिक योजना निर्माण गर्न तथा अन्य प्राज्ञिक गतिविधिहरूलाई समय सापेक्ष एवम् गुणस्तरीयता कायम गर्न र क्याम्पसलाई आवश्यक सल्लाह, सुझाव दिन एक प्राज्ञिक समिति रहने व्यवस्था दिक्तेल बहुमुखी क्याम्पस आन्तरिक गुणस्तर सुधार निर्देशिका-२०७६ को परिच्छेद-४ मा उल्लेख गरिएको छ । यस समितिको उद्देश्य शिक्षण-सिकाइ, अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा खोज कार्यलाई व्यवस्थित गर्दै समसामयिक विश्व बजारको मागलाई सम्बोधन गर्नसक्ने जनशक्ति उत्पादनमा जोड दिने रहेको छ । हाल यस क्याम्पसमा निम्नानुसारको प्राज्ञिक समिति रहेको छ–

१. संयोजक : पदमबहादुर विष्ट
२. सदस्य : केशर कुमार राई
३. सदस्य : रविन सुनुवार
४. सदस्य : वेदीकुमार राई
५. सदस्य : लिलाबहादुर खत्री

२०८० साल असार १ गते प्राज्ञिक तथा परामर्श समिति पुनर्गठन तपसिल बमोजिम भयो ।

संयोजक : पदमबहादुर विष्ट क्षेत्री
सदस्य : वेदीकुमार राई (संयोजक सल्लाह तथा परामर्श उपसमिति)
सदस्य : नईन्द्रकुमार खत्री (सदस्य सचिव सल्लाह तथा परामर्श उपसमिति)
सदस्य :रविन सुनुवार (संयोजक अतिरिक्त क्रियाकलाप उपसमिति)
सदस्य : पार्जुन राई (सदस्य सचिव अतिरिक्त क्रियाकलाप उपसमिति)
सदस्य : कृष्णबहादुर राई (संयोजक Out reach program उपसमिति)
सदस्य : लक्ष्मीकुमार राई (सदस्य सचिव Out reach program उपसमिति)
सदस्य : एल्मिका राई (SQC प्रतिनिधि )
सदस्य सचिव : मीनकुमार दाहाल ।

१) २०८० साल साउन १२ गते दिक्तेल बहुमुखी क्याम्पसको वार्षिक कार्य पात्रोअनुसार अतिरिक्त क्रियाकलाप उप-समितिद्वारा सञ्चालित T.T. प्रतियोगितामा सहभागी ६ जना मध्ये प्रथम BBS प्रथम वर्षका **किरण महरा** र दोस्रो BBS दोस्रो वर्षका **हरी केसी** भए ।

२) २०८० साल साउन १२ गते दिक्तेल बहुमुखी क्याम्पसको वार्षिक कार्य पात्रोअनुसार अतिरिक्त क्रियाकलाप उप-समितिद्वारा सञ्चालित Chess प्रतियोगितामा सहभागी ८ जना मध्ये प्रथम BA दोस्रो वर्षका **उमेश ढकाल** र दोस्रो BBS प्रथम वर्षका **वरदान राई** भए ।

३) २०८० साल साउन २४ गते क्याम्पसमा सञ्चालन भइरहेको non credit course बाहेकका थप लामो तथा छोटो अवधीको non credit course वा life skill सम्बन्धी suvey गर्न निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सहायक प्राध्यापक लक्ष्मीकुमार राई संयोजक, सहायक प्राध्यापकहरू रविन सुनुवार र पार्जुन राई सदस्य रहेको ३ सदस्यीय उपसमिति गठन भयो । साथै कमाउदै शिक्षा (learning by earning) सबन्धी निर्देशिका, योजना र कार्यविधि निर्माण तथा कार्यन्वन गर्न सहायक प्राध्यापक वेदीकुमार राई संयोजक, सहायक प्राध्यापकहरू नईन्द्रकुमार खत्री, लक्ष्मीकुमार राई, कृष्णबहादुर राई र SQC प्रतिनिधि एल्मीका राई सदस्य रहेको ५ सदस्यीय उपसमिति गठन भयो ।

४) २०८० साल साउन २६ गते दिक्तेल बहुमुखी क्याम्पसको वार्षिक कार्य पात्रोअनुसार अतिरिक्त क्रियाकलाप उप-समितिद्वारा सञ्चालित नेपाली समाज र महिला विषयक वतृत्वकला प्रतियोगितामा सहभागी ८ जना मध्ये प्रथम BED दोस्रो वर्षका **मित्रनाथ खनाल** र दोस्रो BA चौथो वर्षका **सुनिता राई** भए । क्याम्पस प्रमुख प्रमुख अतिथि रहनुभएको उक्त प्रतियोगिताको निर्णय सुवाशचन्द्र राई र मीनकुमार दाहालले गर्नुभएको थियो ।

५) २०८० साल साउनदेखि दिक्तेल बहुमुखी क्याम्पसको प्राज्ञिक तथा परामर्श समितिको मार्ग निर्देशिका, TOR, Action plan र SQC को निर्देशिका IQAC मार्फत सञ्चालक समितिद्वारा पारित भई कार्यान्वयनमा छ ।

६) २०८० साल भदौ २२ गते दिक्तेल बहुमुखी क्याम्पसको वार्षिक कार्य पात्रोअनुसार अतिरिक्त क्रियाकलाप उपसमितिद्वारा सञ्चालित **विज्ञान वरदान कि अभिशाप** विषयक वादविवाद प्रतियोगितामा सहभागी ८ जना मध्ये प्रथम BED तेस्रो वर्षका **मित्रनाथ खनाल** र दोस्रो BBS दोस्रो वर्षका **रमेश थापा**, तृतीय BED दोस्रो वर्षका **दिपक भट्टराई** र सान्त्वना BBS प्रथम वर्षकी **सुनिता घिमिरे** भए । क्याम्पस प्रमुख प्रमुख अतिथि रहनुभएको उक्त प्रतियोगिताको निर्णय नईन्द्रकुमार खत्री र मीनकुमार दाहालले गर्नुभएको थियो ।

७) २०८० साल भदौ २३ गते RMC ले पाध्यापकहरूको Skill gap survey गर्दा Power point presentation को अभिमुखीकरण वा तालिम आवश्यकता देखिएकाले power point presentation कार्यशाला सञ्चालन गरियो । यसको सहजीकरण सहायक क्याम्पस प्रमुख कृष्णबहादुर राईले गर्नुभयो ।

८) २०८० साल असोज २५ गते दिक्तेल बहुमुखी क्याम्पस खोटाङ Student quality circle (SQC) द्वारा २०८० सालको बडादसैं, शुभ दीपावली, छठ, नेपाल सम्वत्, उधौली लगायतका पर्वहरूको

पावन अवसरमा शुभकामना अदान-प्रदान, विद्यार्थीका लागि रिचार्ज कार्डको एउटा अङ्क अनुमान गर्ने र जित्ने शिक्षक तथा कर्मचारीका लागि हन्डीफोर लगायतका मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गऱ्यो । संयोजक सुनिता राई, प्रमुख अतिथि क्याम्पस प्रमुख रहनु भएको उक्त कार्यक्रमको सञ्चालन मित्रनाथ खनाल र सोनामहाङ राईले गर्नुभएको थियो । शिक्षक तथा कर्मचारीतर्फको हन्डीफोर सहायक प्राध्यापक **पार्जुन राईले** जित्नुभएको थियो । उहाँलाई प्रमाण-पत्र सोही दिन हस्तान्तरण भयो । रिचार्ज कार्डको एउटा अङ्क अनुमान गर्ने र जित्ने विद्यार्थीहरू **मनिषा राई** (बीबीएस दोस्रो), **सुनिता रोका** (बीए तेस्रो), **युनिसा गुरूङ** (बीए चौथो), **जुना कार्की** (बीए तेस्रो ), **निशान श्रेष्ठ**, डिगन भुजेल, **पवन पोखरेल** (बीएड दोस्रो)

९) २०८० साल मङ्सिर ३० गते यस क्याम्पसको प्राध्यापक तथा विद्यार्थीहरूको संयुक्त शैक्षिक भ्रमण कार्यक्रम गरियो । सम्पूर्ण प्राध्यापक र ४३ जना विद्यार्थी सहभागी उक्त भ्रमणमा शुभ कृषि फर्म, पेन टावर, र अन्य रमणीय ठाउँहरूको समेत अवलोकन गरियो । सोही अवसरमा फर्मका सञ्चालक शुभचन्द्र राईले व्यवसायिक किबी खेती, यसको जुस, वाइन लगायतका उपयोगिता, कृषि र पर्यटन लगायतका विषयमा motivational speach समेत दिनुभयो ।

१०) २०८० साल पौष ६ गते बिएड तेस्रो वर्षमा अध्ययनरत **मित्रनाथ खनाल**लाई अ.ने.रा.स्व.वि.यू. भोजपुर जिल्ला कमिटीद्वारा आयोजित **युवा विद्यार्थी पलायन परिस्थिति र परिवर्तनको बाटो** विषयक वक्तृत्वकला प्रतियोगितामा रु.३,०००/- यातायात खर्च सहित पठाइएकोमा १५ वटा क्याम्पसका सहभागीलाई जितेर प्रथम स्थान हाँसिल गर्न सफल हुनुभयो ।

११) २०८० साल पौष १३ गते सोल्मा स्पोर्ट क्लवको खेलमैदानमा faculty wise football कार्यक्रम सञ्चाल गरियो । कार्यक्रमको प्रमुख अतिथि तथा दिक्तेल रूपाकोट मझुवागढी न.पा. २ का वडा अध्यक्ष ध्रुवविक्रम राई र क्यापस प्रमुख हिराकुमार राईले संयुक्त रूपमा उद्घाटन गरिएको उक्त कार्यक्रममा वडा अध्यक्ष ध्रुवविक्रम राईले चियापान गराउनुका साथै क्यापसलाई १ थान फुटबल समेत उपलब्ध गराउनुभयो ।

१२) २०८० साल माघ १९ गते faculty wise भलिबल प्रतियोगिता गरियो ।

१३) २०८० माघ २७ गते एमएड प्रथम सेमेस्टरका विद्यार्थीहरू र अध्यापनरत प्राध्यापकहरूबिच परिचयात्मक तथा अभिमुखीकरण कक्षा सम्पन्न भयो । क्याम्पस प्रमुखको अध्यक्षतामा गरिएको उक्त कार्यममा सहायक क्याम्पस प्रमुख कृष्णबहादुर राईले क्याम्पस र एमएड को पाठ्यक्रमको बारेमा प्रस्तुति गर्नुभयो ।

१४) २०८० साल माघ २९ बाट सुरु भएको ३० दिने Tally Software programme को कक्षा चैत्र ५ गते समापन गरियो ।

१५) २०८० फागुन २४ देखि २७ गतेसम्म MA Sociology fourth semester का विद्यार्थी र प्राध्यापकहरूलाई SPSS सम्बन्धी कार्यशाला Nepal open university का सह प्राध्यापक डा. जीवन खड्का मार्फत सञ्चालन भयो ।

१६) २०८१ साउन २० गतेदेखि भदौ २२ सम्म कक्षा १२ अङ्ग्रेजी विषयमा ग्रेड वृद्धि गनुपर्ने सम्पूर्ण विद्यार्थीहरूका लागि निःशुल्क विशेष कक्षा सञ्चालन गरियो । उक्त कक्षाको सहजीकरण क्याम्पसका उप-प्राध्यापक लालप्रसाद घिमिरेले गर्नुभयो ।

# निर्माण, खरिद, मर्मत सम्भार स्वास्थ्य तथा सरसफाइ समिति



✍ लिला बहादुर खत्री

संयोजकः दिक्तेल बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल,खोटाङ एउटा सामुदायिक उच्च शैक्षिक संस्थाको रूपमा परिचत खोटाङ जिल्लाको प्रतिष्ठित पहिलो शैक्षिक संस्थाको रूपमा परिचित सामुदायिक उच्च शैक्षिक संथा हो । यस संस्थामा नेपालको प्रचलित कानुन बमोजिम आफ्नो गतिविधिहरूलाई अगाडि बढाउनु नितान्त आवश्यक हुने कुरा ठहर गरी नेपाल सरकारद्वारा सञ्चालन गरिएको सार्वजनिक खरिद ऐन अनुरूप कार्य सञ्चालन गर्न दिक्तेल बहुमुखी क्याम्पसको भौतिक संरचना निर्माण, खरिद, मर्मत, सम्भार लगायतका कार्य चुस्तदुरुस्त गर्नु र आर्थिक पारदर्शिता समेतको कार्यलाई ध्यानमा राखी संस्थाको सम्पूर्ण क्षेत्रको भौतिक विकास र विस्तारको लागि यस क्याम्पसमा दिक्तेल बहुमुखी क्याम्पस सञ्चालन विधान २०७५ को दफा ११६ र १३० ले दिएको अधिकार प्रयोग गरी एक दिक्तेल बहुमुखी क्याम्पस निर्माण, खरिद, मर्मत, सम्भार, स्वास्थ्य तथा सरसफाइ सम्वन्धी निर्देशिका २०७९ तयार गरी एक समिति गठन गरिएको छ ।

## समिति

१,संयोजकः श्री लिला बहादुर खत्री

२,सदस्यः श्री विजय कुमार राई

३,सदस्यः श्री शेर बहादुर तामाङ

४,सदस्यः श्री चुडा बहादुर कार्की

५,सदस्यः सचिव श्री कृष्णबहादुर गुरूङ

## यस समितिले गरेका महत्त्वपूर्ण गतिविधिहरूः–

१, भौतिक संरचना भवन निर्माण

२, मर्मत सम्भार

३, फर्निचर व्यवस्थापन

४, इलेक्ट्रोनिक्स सामग्री व्यवस्थापन

५, जनचेतनामूलक कार्यक्रम

६, नियमित स्वास्थ्य परीक्षण कार्यक्रम

७, नियमित प्राथमिक उपचार कार्यक्रम

८, नियमित सरसफाइ कार्यक्रम

९, प्राकृतिक सौन्दर्यताको संरक्षण

१०, रक्तदान तथा रक्त परीक्षण कार्यक्रम

११, फूलबारी निर्माण

१२, पुस्तक खरिद तथा व्यवस्थापन

यस मूल समितिको मातहतमा रहने गरी मूल समितिलाई थप टेवा पुऱ्याउने उद्देश्यले health care and nature cell उपसमिति गठन गरी निम्न सदस्यहरूको व्यवस्था गरिएको छः– <u>*Health care and nature cell*</u>

१, संयोजकः श्री लिला बहादुर खत्री (९८४२८४९३०६)
२, सदस्यः श्री दिपा कार्की ( ९८४२३१०१३८)
३, सदस्यः श्री अजय राई (९७४९२१७६०५)
४ सदस्यः श्री पुष्पाकला राई (९७४६४१९११९६)
५, सदस्यः श्री साकिलाभुजेल (९८१०१५७३२८)
६, सदस्यः श्री करिष्मा राई ( ९८४३३७९५८४)
७, सदस्यः श्री समना फुयल (९७६५२६७१२३)
८, सदस्यः श्री हिराकाजी श्रेष्ठ (९७४२२७९०७१)
९, सदस्यः श्री काजल दाहाल (९७४५४६४६०३)
१०, सदस्यः श्री विनिता कार्की (९८०५९१८८७९)
११, सदस्यः श्री अनुमा परियार (९८१८७६११६१)
१२, सदस्यः श्री सुनिता खत्री (९८२७७६९७४०)
१३, सदस्यः श्री एलम खड्का (९७४५३११०३५)
१४, सदस्यः श्री मनिशा वि.क. (९८४६२९०५१३
१५, सदस्यः श्री तारा गुरूङ (९८४२८१४५८६)
१६, सदस्यः गणेश धिमाल (९८६२९२६२३२)
१७, सदस्यः मुना भट्टराई (९७४२४२२०४७)
१८, सदस्यः दिपा राई (९८०७७९०५७७)
१९, सदस्यः एनिशा राई (९७४१७५२८२८)
२०, सदस्यः नव प्रकाश भण्डारी
२१, सदस्यः निर्मता कालिकोटे ( ९८६५२८५६०१)
२२, सदस्यः मुना आचार्य (९७४५९१६५४०)
२३, सदस्यः नवराज सुवेदी (९७४५९५४४७६)
२४, सदस्यः सन्तोष आचार्य (९७४२५६१६६८)
२५, सदस्यः लिला घिमिरे (९७४५२७३५६५)
२६, सदस्यः दिपेन कार्की (९८४२४३५७३१)
२७, सदस्यः दिपा राई (९८०७७९०५७७)
२८, सदस्यः एनिश राई (९७४१७५२८२७)

हाल यस दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल खोटाङमा तपशिलअनुसारका प्राथमिक उपचारकहरू रहेका छन् ।

१, मित्रनाथ खनाल विद्यार्थी
२,जुनिता राई विद्यार्थी
३, क्रियशना राई विद्यार्थी
४, प्रतिक्षा तामाङ विद्यार्थी
५, अन्जु बुढाथोकी विद्यार्थी
६, राम प्रसाद राई प्राध्यापक
७, शशीकला राई विद्यार्थी
८, मैया कार्की विद्यार्थी
९, भिमकुमारी मगर विद्यार्थी
१०, मनिषा राई विद्यार्थी
११, युवराज खड्का विद्यार्थी
१२, लक्ष्मी सुवेदी विद्यार्थी
१३, सविता कट्वाल विद्यार्थी
१४ रञ्जना बुढाथोकी विद्यार्थी
१५, तुलसा निरौला विद्यार्थी
१६, अग्मिता राई विद्यार्थी
१७, पारस भुजेल विद्यार्थी
१८, अनिशा तामाङ विद्यार्थी
१९, सन्ध्या राई विद्यार्थी
२०, उमेश ढकाल विद्यार्थी
२१, स्वस्तिका फयाल विद्यार्थी
२२, सपना कार्की विद्यार्थी
२४, लमी शेर्पा विद्यार्थी
२५, सपना फयाल विद्यार्थी
२६, सरु विष्ट विद्यार्थी
२७, सुस्मिता राई विद्यार्थी
२८, लिला घिमिरे विद्यार्थी
२९, उमेश भट्राई विद्यार्थी
३०, निरोज तिरुवा विद्यार्थी
३१, अनिशा रम्तेल विद्यार्थी
३२, दिपा कार्की विद्यार्थी
३३, पुजा थापा विद्यार्थी
३४, सुनिता खत्री विद्यार्थी
३५, पवन पोखरेल विद्यार्थी
३६, पवन कट्वाल विद्यार्थी
३८, मीनकुमार दाहाल सहायक प्राध्यापक
३९, लक्ष्मीकुमार राई सहायक प्राध्यापक

## यस क्याम्पसमा प्राथमिक उपचारका निम्ति सर्म्पक व्यक्तिहरूः–

- **सहायक प्राध्यापकः** श्री लिला बहादुर खत्री ९८४२८४९३०६
- **क्याम्पस प्रमुखः** श्री हिरा कुमार राई ९८६२९७६३९८
- **विद्यार्थीः** श्री तुलसा निरौला ९७४६३६४१६५
- **विद्यार्थी** श्री लिला घिमिरे ९७४५२७३५६५
- **विद्यार्थी** श्री सरु विष्ट ९८४३२८७६५२
- **कर्मचारी** श्री रामचन्द्र राई ९८४२ ९०६०५५

यस दिक्तेल क्याम्पसमा सञ्चालित प्राथमिक उपचार क्षेत्रको फोकल पर्सनको जिम्मेवारी सहायक प्राध्यापक श्री लिला बहादुर खत्रीलाई प्रदान गरिएको छ ।

यस दिक्तेल बहुमुखी क्याम्पसको समग्र गतिविधिलाई सहयोग गर्न तथा विशेष अतिरिक्त क्रियाकलाप प्राथमिक उपचार तथा सरसफाइको क्षेत्रमा कार्य गर्न युवा रेडक्रस सर्कलको समेत व्यवस्था गरिएको छ । युवा रेडक्रस सर्कलको कार्यसमिति विवरण तपशिलअनुसार रहेको छ ।

## कार्यसमिति

१, अध्यक्षः श्री योगेन्द्र भट्टराई
२, उपाध्यक्षः श्री तुलसा निरौला
३, सचिवः श्री केविन ढकाल
४, सह-सचिवः श्री लमी शेर्पा
५, कोषाध्यक्षः श्री सुनिता घिमिरे
६, सदस्यः श्री ललित जङग राई
७, " श्री बिसुराज राई
८, " श्री नवीन सुवेदी
९, " श्री लगुघन राई
१०, " श्री निरज तिरुवा
११ " श्री आदेश थापा
शिक्षक नायक श्री नईन्द्र कुमार खत्री
सह शिक्षक नायक श्री सुवाश चन्द्र राई

## सल्लाहाकार समिति

१, संयोजकः श्री हिराकुमार राई
२, सदस्यः श्री लिला बहादुर खत्री
३, सदस्यः श्री कृष्ण बहादुर गुरूङ

## दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ

## प्राथमिक उपचार सामग्रीको विवरण २०८१/०८२

- दराज थान– १
- खाट थान– २
- स्टेचर थान– १
- कम्बल थान– ३
- पाल थान– २
- तन्ना थान– ५
- बाल्टी थान– २
- जग थान– १
- थर्मोमिटर थान– १
- तौलिया थान– २
- म्याट्टेस थान– २
- सिरानी थान– १
- सेनेटरी प्याड थान– ४० प्याक
- कुर्सी थान– ५
- साबुन र साबुन केस थान– ५,५
- सेनिटाइजर बोतल– ७
- माक्स– ५०० पिस
- औषधिः सिटामोल– ४०० पिस, एमजिट १०० पिस, ब्रोफिन १०० पिस, हेन्डिप्लाष्ट, बेटाडिन २ बोतल, जीवन जल १००, कपास, आदि ।

## भौतिक सामग्रीको विवरण २०८१/०८२

- जग्गा :- ३५-१-२-३ रोपनी महोत्सवबाट प्राप्त भएको सहित) ।
- भवन सङ्ख्या–१८ (पक्की २ तले-४ बाँकी सबै एकतले कच्ची)
- शिक्षण सिकाइमा प्रयोग भएका भवन सङ्ख्या-१२
- शिक्षण सिकाइमा प्रयोग भएका कक्षा कोठा सङ्ख्या-२४
- सहायक क्याम्पस प्रमुख शिक्षा र मानविकी -१+१=२ कोठा
- कम्प्युटर ल्याब+EMIS-१+१=२ कोठा
- व्यवस्थापन सङ्काय क्याम्पस प्रमुख कार्यकक्ष - १ कोठा
- स्टोर -१ कोठा
- क्याम्पस प्रशासनिक भवन - १ वटा
  - क्याम्पस प्रमुख कार्यकक्ष -१ कोठा
  - लेखा, परीक्षा शाखा-१ कोठा
- लाइब्रेरी भवन सङ्ख्या- १ कोठा
- सभाहल भवन सङ्ख्या-१ कोठा
- तल्लो भवन-१
- हाइटेक -१
- प्राथमिक उपचार कक्ष-१ कोठा
- लेडिज चेन्जिङ रुम -१ कोठा
- विद्यार्थी युनियन कक्ष-१ कोठा
- विद्यार्थी होस्टल भवन सङ्ख्या-२
- (कोठा सङ्ख्या-१६, सञ्चालन-६ वटा)
- QAA Office 6 rooms
- निर्माणाधिन ४ कोठे RCC भवन UGC
- ६० मिटर सपोर्ट वाल निर्माणाधिन नगरपालिका
- शौचालय १२ वटा
- सञ्चालन कोठा - २१, महिला- ८, संयुक्त- ६, पुरुष-७
- डेक्सबेन्च फलामे सङ्ख्या- २३९ जोर
- डेक्सबेन्च काठे सङ्ख्या- ३२६ जोर
- ह्वाइटवोर्ड -२९
- टेबल सङ्ख्या- ७०
- कुर्सी जम्मा-२९०
- लङ चेयर-४
- सोफा सेट-१ सेट
- स्टिल दराज-५ वटा
- काठको दराज-१९ वटा
- रिडिङ रुम टेवल - ७ वटा
- कम्प्युटर टेवल-२४ वटा
- स्टिल र्याक-२१ वटा
- काठको र्याक-३५ वटा
- लेक्चर बोर्ड - १५
- रोस्टम- २
- कम्प्युटर-५७
- ल्याप्टप-८ वटा
- प्रिन्टर-७ वटा
- प्रोजेक्टर- १४वटा
- फोटोकपी मेसिन-१ वटा
- पुसिपन बोर्ड-१ वटा
- खाट-१८ वटा
- पुस्तक-२२८४९
  - विषयगत- १५०२७
  - रिफरेन्स- ९६४७
- स्टेचर-१ वटा
- पाल-२ वटा
- कम्बल-३ वटा
- सूचना पार्टी-४ थान
- डस्ट बिन - १२ थान
- इन्टरनेट
- हिल टेङ्क-५थान
- Web camera – 5
- Head phone – 2
- Head sheet – 3
- CCTV – 1 Camera – 9
- Display board -1
- Interactive White board -1



S.B. Tamang (Reader)

# विश्वव्यापीकरणको अर्थ चालकहरू, विश्वव्यापीकरणको फाइदा/बेफाइदाहरू

राष्ट्रिय अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक प्रविधि आदिको आधारमा जोडिनु नै विश्वव्यापीकरण हो वा एउटा देशमा उत्पादित वस्तु तथा सेवा प्राविधिक ज्ञान, सिप बिना अवरोध अर्को देशमा प्रवेश पाउनु नै विश्वव्यापीकरण हो । यस अन्तर्गत विभिन्न राष्ट्रका मानिसहरू, कम्पनीहरू सरकारले स्वतन्त्र रूपमा अन्तरक्रिया तथा भेटघाट गर्न पाउँछन् । यसले विश्वव्यपी रूपमा वातावरण, संस्कृति राजनीति, आर्थिक विकास, समृद्धि र मानवको भौतिक कल्याणमा प्रभाव पार्दछ । आज विश्वव्यपीकरणले गर्दा विभिन्न देशहरू बिच परनिर्भरता बढिरहेको छ । सम्पूर्ण विश्व एक परिवार एक गाउँ भइसकेको छ । विभिन्न विद्वानहरूले विश्वव्यापीकरणलाई यसरी परिभाषित गरेका छन् ।

According to Tadaro "Globalization is the increasing integration of national economics into the Global market"

'विश्वव्यापीकरण भनेको विश्व बजारसँग राष्ट्रिय अर्थतन्त्रहरूको बढ्दो एकीकरण हो ।'

निष्कर्षमाः– विश्वव्यापीकरणमा कुनै पनि देशमा उत्पादित वस्तु तथा सेवाहरूलाई स्वतन्त्र रूपमा विश्व बजारमा प्रवेश गर्न दिइन्छ । यसले विश्वका विभिन्न देशहरूलाई आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृति प्रविधि आदिको आधारमा आपसमा जोड्दछ ।

## विश्वव्यापीकरणका चालकहरू Drivers of Globalization

विश्वव्यापीकरणका चालकहरू भन्नाले अन्तरराष्ट्रिय व्यापारमा आइपर्ने अवरोधहरूको कटौटी, उपभोक्ताको सञ्चार तथा यातायातमा प्राविधिक उन्नति गर्ने उपायहरूलाई बुझिन्छ । विश्वव्यपीकरणका चालकहरूलाई ५ भागमा विभाजन गरिएको छ ।

### १, प्राविधिक चालकहरू (Technological Drivers)

विश्वमा आएको प्राविधिक उन्नति नै विश्वव्यापीकरणको प्रमुख आधार हो । यातायात तथा सञ्चारमा सहजता र तीव्रता पनि प्राविधिक उन्नतिकै कारणले सम्भव भएको छ । उत्पादन क्षेत्रमा प्रविधिको प्रयोगले औधौगिक क्षेत्रमा नयाँ क्राान्ति आएको छ । प्राविधिक चालक अन्तर्गत इन्टरनेट सबैभन्दा पछिल्लो चालक हो । इन्टरनेटको आविष्कारले गर्दा नै विश्वव्यापार र इ-व्यापारको उदय भएको हो ।

### २, राजनैतिक चालक (Political Drivers)

उदारीकरण विकसित राष्ट्रहरूको राजनैतिक स्वार्थको परिणाम हो । विश्वका अधिकांश मूलुकहरूमा न्यूनदरको शुल्क र प्रत्यक्ष वैदेशिक लगानीको अनुमति उदारीकरण नीति तथा अनियन्त्रित

बजारका परिणाम हुन् । GATT, WTO आदि संगठनहरू राजनैतिक चालकका केही उदाहरण हुन् ।

### ३, बजार चालकहरू (Market Drivers)

स्वदेशी बजार सम्पूर्ण रूपमा उत्पादनहरूले ढाकिए पछि बजार विस्तारका अवसरहरू सीमित हुन्छ। यस्तो अवस्थामा धेरै जसो संगठनहरूले बजारको समस्या समाधानको लागि विश्वबजारमा प्रवेश गर्न निर्णय लिन्छन् । जुन संगठनहरूले उपभोक्ताहरूको आवश्यकता र छनौटलाई बुझ्न सक्नुका साथै आफूले उत्पादन गरेका वस्तुहरूका विश्व बजारीकरणका लागि विश्वभरका सञ्जाल भएको विज्ञापन एजेन्सी छनोट गर्न सक्छन् । तिनीहरू आफ्नो उत्पादनलाई अन्तरराष्ट्रियकरण गर्न सफल छन् ।

### ४, लागत चालकहरू (Cost Drivers)

स्रोत साधनहरूको क्षमता र उत्पादन लागत देशअनुसार फरक-फरक हुन्छन् । स्रोत साधनहरूको क्षमता र उत्पदन लागतमा भिन्नता भएकै कारणले अन्तरराष्ट्रिय स्तरका संगठनहरूले फाइदा लिने गर्दछन् । विश्वस्तरीय अर्थतन्त्रको निमार्ण गर्ने अवसर र उच्च स्तरीय वस्तु उत्पादनको लागि गरिएको विकास लागत विश्वव्यापीकरणका अन्य लागत चालकहरू हुन् ।

### ५, प्रतिस्पर्धी चालकहरू (Competitive Drivers)

विश्वबजारको विस्तारले गर्दा अन्तर फर्म प्रतिस्पर्धा बढ्नुको साथै व्यावसायिक संगठनहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न बाध्य छन् । विभिन्न देशहरू बिचको अन्तर निर्भरता, ठूलो परिमाणमा द्विपक्षीय व्यापार र प्रत्यक्ष बैदेशिक लगानीले प्रतिस्पर्धालाई अझ प्रोत्साहित गरेका छन् ।

## विश्वव्यापीकरणका फाइदाहरू (Advantage of Globalization)

विश्वव्यापीकरणका फाइदाहरू निम्नुसार छन्:

### १, स्वतन्त्र व्यापर (Free Trade)

स्वतन्त्र व्यापार भन्नाले एउटा देशमा उत्पादिन वस्तु तथा सेवाहरू बिना अवरोध अरू देशमा विक्री गर्न पाउनु भन्ने बुझिन्छ। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय व्यापारको तुलनात्मक लाभको सिद्धान्तको आधारमा वस्तुहरू उत्पादन गरी निर्यातमा वृद्धि गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

### २, श्रमिकहरूको स्वतन्त्र प्रवाह (Free movement of labour)

विश्वव्यापीकरण अन्तर्गत श्रमिकहरूलाई एक देशबाट अर्को देशमा जान कुनै अवरोध सिर्जना गरिदैन यसले गर्दा उच्च बेरोजगारी भएको देशमा श्रमिकहरू रोजगारका अवसर भएको देशमा गएर काम गर्न सक्दछन् । यसबाट श्रमिकको कमी भएको देश र श्रमिकहरू बढी भएको दुवै देश फाइदामा हुन्छन् ।

### ३, स्तरको मितव्यायितामा वृद्धि (Increment in economics of Scale)

स्तरको मितव्यायिता भन्नाले उत्पादनको विशिष्टीकरण बढ्दै छ भन्ने बुझिन्छ। उत्पादनको विशिष्टीकरणले स्तरको मितव्ययिता  वृद्धि हुन्छ। जुन अवस्थामा औसत लागतमा कमी आई वस्तुको मूल्य पनि घटछ। जसले गर्दा विश्वको कुनै पनि ठाउँमा वस्तु उत्पादन गर्न सकिन्छ।

**४, आर्थिक वृद्धिमा प्रवर्धन (Promotion of economics growth)**

उदारीकरणको कारणले चीन, थाइल्याण्ड र भारत जस्ता विकासोन्मुख देशहरूले ठूलो स्तरमा निर्यात बजार कब्जा गरेको छ । निर्यातमा बृद्धि हुँदा उत्पादन र आम्दानीमा बृद्धि हुन्छ ।

**५, लागतमा बृद्धि (Increment in Investment)**

विश्वव्यापीकरणमा एउटा देशको लागानी कर्ताहरूलाई अर्को देशमा लगानी गर्न कुनै अबरोध हुँदैन त्यसैले अल्पकालीन तथा दीर्घकालीन लगानी आकर्षण गर्न सहज हुन्छ । त्यसैले विश्वव्यापीकरणले लगानीमा वृद्धि गर्दछ ।

**६, प्रविधिको प्राप्ति (Gain of Technology)**

कुनै पनि देशको औद्यौगिक विकासको निम्ति उच्च स्तरको प्रविधिको ठूलो आवश्यकता पर्दैन । विश्वव्यापीकरणले गर्दा उत्पादनमा विभिन्न मूलुकहरूले आधुनिक प्रविधिहरू प्राप्त गर्न सक्दछ ।

**७, अन्तरराष्ट्रिय उपभोक्तालाई फाइदा (Benefit to the international consumers)**

विश्वव्यापीकरणले अन्तर्राष्ट्रिय बजारका उपभोक्ताहरूलाई न्यूनतम् मूल्यमा उच्च गुणस्तर युक्त वस्तु तथा सेवाहरू खरिद तथा विनिमय गर्न मद्दत गरेको छ । जस अन्तरगत प्रत्येक देशले तुलनात्मक रूपमा कम लागत भएका वस्तुहरू उत्पादन र विनिमयमा विशिष्टता हासिल गर्दछन् ।

**विश्वव्यापीकरणका बेफाइदाहरू Disadvantages of Globalization**

**विश्वव्यापीकरणका बेफाइदाहरू निम्नुसार छन् :**

**१, विकासोन्मुख देशहरूलाई प्रतिकूल असर (Free Trade can harm developing countries)**

गरिब मूलुकका उद्योगहरूले धनी देशका उद्योगहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन् त्यसैले विश्वव्यापीकरणको फाइदा धनी देशहरूले मात्रै लिन सक्दछन् । गरीव मूलुकमा भर्खर स्थापना भएका शिशु उद्योगहरूलाई संरक्षणको आवश्यकता पर्दछ । विश्वव्यापीकरण नीतिले गर्दा यस्ता उद्योगहरूको अभाव हुन्छ ।

**२, वातावरणीय ह्रास (Environmental Degration)**

विश्वव्यापीकरणले गर्दा नवीकरण गर्न नमिल्ने Non-renewable साधनहरूको प्रयोग बढ्दो छ । जसले गर्दा वायु प्रदुषण तापक्रम विश्वव्यापी रूपमा वृद्धिले गर्दा वातावरणमा ह्रास आउँछ । अन्तरराष्ट्रिय कम्पनीहरूले जहाँ वातावरणीय कडाइ कम हुन्छ त्यहीँ गएर उत्पादन गर्दछ ।

**३, प्रतिभा पलायन (Brain Drain)**

विश्वव्यपीकरणमा श्रमिकहरू स्वतन्त्र रूपमा एक देशबाट अर्को देश जान आउँन सक्दछन् । जुन देशका कम्पनीले आर्कषक ज्याला दिन्छ त्यतैतिर जान्छन् । जसले गर्दा आफ्नो देशले प्रतिभा पलायनको समस्या भोग्नु पर्दछ ।

### ४, स्वदेशी बजार गुम्ने (Loss of domestic market)

विश्वव्यापीकरणले व्यापारमा कडा प्रतिस्पर्धा उत्पन्न गराएको हुन्छ । स्वदेशी बजारमा रहेका स्थानीय उद्योगहरू ठूलो स्तरमा आर्थिक रूपमा बलियो बहुराष्ट्रिय कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । परिणामस्वरूप स्वदेशी उद्योगहरूले आफ्नो बजार गुमाउँछन् ।

### ५, बेरोजगारी (Unemployment)

विश्वव्यापीकरणमा सरकारी हस्तक्षेप कम हुन्छ । विश्वव्यापीकरण अन्तर्गत स्वदेशमा ठुला-ठुला बहुराष्ट्रिय कम्पनीहरू स्थापना भएका हुन्छन् । यस्ता कम्पनीहरू श्रम प्रधान उत्पादन प्रविधिलाई विस्थापन गरी पूँजी प्रधान प्रविधिको प्रयोग भएको हुन्छ । त्यसैले श्रमिकहरू बेरोजगारीको मारमा पर्दछन् ।

### ६, बचत र लगानीमा कमी (Reduction Saving and investment)

विश्वव्यापीकरणले गर्दा गरीव मूलकहरूमा उच्च गुणस्तरका बिलासिताको वस्तुहरू सुर्तीजन्य, मदिराजन्य वस्तुहरू आयत र उपभोग प्रवृत्तिले आम्दानी लगानी र बचत घटिरहेको हुन्छ ।

### ७, आर्थिक निर्भरता (Economics dependency)

विश्वव्यापीकरण अन्तर्गत हरेक मूलुकले अन्तर्राष्ट्रिय व्यापारको तुलनात्मक लाभको सिद्धान्तको आधारमा आफ्नो देशमा वस्तुको उत्पादन गर्दछ । लागत बढी लाग्ने वस्तुहरू विदेशबाट आयत गर्दैन । जसले गर्दा विभिन्न देशहरू बिच परनिर्भरता बढ्दछ ।


## शुभकामना

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल सम्वत ११४५, छठ, उँधौली र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै

यस पञ्च मा.वि. मा बाली विज्ञान (प्राविधिक धार) तर्फ ९-१२ र कानुन विषयमा ११-१२ कक्षासमेत सञ्चालित रहेको व्यहोरा सम्पूर्णमा सहर्ष अवगत गराउँदछौं ।

**सरस्वती मा.वि., दिक्तेल**

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- १, दिक्तेल, खोटाङ

शिवहरी ढकाल
प्रधानाध्यापक
९८५२८४९३३२

इन्दिरा बस्नेत
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
एवम् विद्यालय परिवार
९८६२८१८२३१

संमरण

# जीवनका भोगाइ, त्यो के थियो ? के होला ?



हर्कवीर राई
सहायक क्याम्पस प्रमुख

२०५९ साल पौष १३ तिर हुनुपर्छ म, धनप्रसाद सुवेदी, सुकराज राई, केशरकुमार राई, एक वर्षे बि.एड. परीक्षाको लागि दिक्तेल बहुमुखी क्याम्पसमा पर्यवेक्षक भई आउनुभएका स्व. चोलाराज दाहाल सरहरू सहित हामी त्रिभुवन विश्वविद्यालय सेवा आयोग उप-प्राध्यापकको खुल्ला लिखित परीक्षामा सहभागी हुन हामी बिहानै पैदल मार्गबाट खानीडाँडा हुँदै हिँडियो । साह्रै रमाइलो, हासीमजाक गर्दै हामी रेग्मीटार हुँदै बेलुकीको ५ बजे भण्डारेघाटमा बास बस्न पुग्यौं । आदरणीय सरहरू डा. सुकराज राई र डा. धनप्रसाद सुवेदीको रमाइलो गफ अनि केशर सर र म अलि कम बोल्ने तर उमेर मिल्ने भएकोले हामी पनि सँगसँगै रमाइलो गफ गर्दै अगाडि बढिरह्यौं । भोलिपल्ट बिहान ९ बजेतिर रसुवाघाटमा करिब ४ के.जी. नरम चाना (बङ्गुरको मासु) सुकराज दाइले जोहो गर्नुभयो । मूल भान्से हुनुभयो डा. धनप्रसाद सुवेदी । आदरणीय गुरू चोलाराज दाहाल, तीन छक्क ! मलाई केटा हो तिमीहरूले नछुनू है भन्दै गनगनिनु भयो । यसरी नै रमाइलो मान्दै हामी तेस्रो दिन गाईघाट पुग्यौं । त्यही दिन नाइट बस चढी काठमाडौं लागियो ।

डा. धनप्रसाद सुवेदी मेरो सहोदर दाइजस्तै लाग्ने गाडिमा ठाउँहरू देखाउँदै, चिनाउँदै जानुभयो । किन हो कुन्नी उहाँ जहिले काठमाडौं नै गइरहनु हुने, उतै बस्न मन पराउने सायद अहिले सम्झन्छु उहाँलाई काठमाडौं नै बस्न लेखेको रहेछ । हामी चाहिँ उति सारो बस्न र जान मन नलाग्ने । त्यसैले होला स्थायी जिल्लाबासी भएको । सरुवा पनि नहुने, बढुवा पनि नहुने दिक्तेल क्याम्पसको स्थायी प्राध्यापक ! करीब १ महिनाको कीर्तिपुरको मित्र केशव आचार्यसँगको (हाल आदर्श बोर्डिङ स्कुलका लगानीकर्ता तथा प्रिन्सिपल) बसाइ पछि म चाहिँ दिक्तेल फर्कने परेँ । मेरो जीवनमा कीर्तिपुरको हामी तीन डा. धनप्रसाद सुवेदी, केशव आचार्य र म अविश्मरणीय रह्यो । मलाई बस चढाउन केशव सर र धनप्रसाद सर बसपार्कसम्मै पैदल हिडेर आयौं । विदाइको हात हल्लाउँदै चरम माओवादी द्वन्द्वकालमा म काठमाडौंबाट गाईघाटको लागि बस चढेँ ।

यस्तै माघ १५-१६ तिर हुनुपर्दछ । गाईघाटबाट एक्लै कोइलाखाँदे झोला (ठूलो हरियो रङ्गको) बोकेर म करिब ३ बजे दिक्तेलको लागि पाइला चालेँ । उक्त दिन म खाबु साउने मुनि बास बसेँ । भोलिपल्ट बिहान म एकदम फूर्तिसाथ हिडेँ । बेलुकी ६, ७ बजेतिर दिखुवाखोला फेदी हाल खानीडाँडा एयरपोर्टबाट डेढ दुई घण्टा तल आइपुगियो । चार-पाँच जना नुनतेल लिएर आउनुभएका

नेपा तिरका बुबाहरूसँग भेट भयो । मैले पनि अलिकति चामल, तेल र मसुरोको दाल उहाँहरूसँगै मिसाएँ । सँगै खाना खाइयो । करिब रातको ९ बज्यो । अब मेरो सत्य भोगाइको बेला आइसकेको रहेछ । उहाँहरूले भन्नुभयो, “यहाँ सुतियो भने कुड्की (मसिनो भिंगा) ले दुःख दिन्छ । जति सकिन्छ उभो उकालो चढौं । जुनेली रात छ ।” मेरा त विकल्प नै थिएन । उहाँहरूको पछिपछि लागेँ तर करिब १ घण्टा उकालो चढेपछि उहाँहरूले भन्नुभयो “बाबु, तिमी रित्तो छौ । हाम्रो त भारी छ, हामी अब विस्तारै आउँछौ । तिमी उकालो चढ्दै गर । एक घण्टामा त माथि आहाले पुग्छौ । उहाँ आराम गर ।” मलाई पनि त्यस्तै लाग्यो । हुन पनि एक डेढ घण्टासँगै हिँडेको बाटो मेरो लागि १५ मिनेटको थियो । अब म लगभग साढे एघार बजे एक्लै रातो माटो भएको, बुट्यान भाडी, सल्लाको मसिनो ठूलो बोट भएको उकालो तर फराकिलो बाटो हुँदै उकालो चढ्न सुरु गरेँ । वास्तवमा मलाई अलि मनैदेखि कता कता डरचाँहि लागिरहेको नै थियो । करिब आधा घण्टा हिँडेपछि चौतारी जस्तो (ढाकर बिसाउन मिल्ने) ठाउँ आइपुगियो । अलि १५, २० कदम हिँडेपछि माथि डाँडामा करिब १५ मिनेट उकालो चढ्दा पुगिने ठाउँमा घोडा जस्तो कराएको घण्टी बजाएको जस्तो आवाज आयो । मलाई लाग्यो पक्कै कोही मान्छे राती घोडा चढेर तल भर्दैछ । हुने खाने, हाकिमहरू घोडामा अलि मन ढुक्क भयो उतिबेला गाडीको बाटो थिएन । हुने खाने, हाकिमहरू घोडामा चढ्थे । तर त्यो माथि घोडा कराएको ३० सेकेन्ड जतिमा होला म भन्दा करिब २०- ३० कदम पर पो त्यो आवाज त आइपुगेछ । कति छिटो ? दुरुस्त माथिकै घोडाको आवाज, घण्टीको आवाज, भूकम्प जस्तै भूँइ नै हल्लिएको ।

म त्यसपछि के भएँ ? कहाँ के भयो ? केही थाहा पाउँन सकिन । अनुमान लगाउँदा करिब २० मिनेट जति म बेहोस भएछु । म बिउँभदा यस्तो अवस्था थियो । मेरो बाटोमुनि ४ फिट तल सल्लाको सानो बोटको फेदमा उधोमुन्टो परेको, भोलाले पुरै टाउँको छोपेको, हातको छुरी (अभैपनि छ मसँग दाइ गोपालसिं राईले दिनुभएको) हातैमा छ । टर्च जुनेली रात भए पनि बालेकोले माथि बाटैमा उभो बलिराखेको, मुख सुकेर जिब्रो नै नचल्ने अवस्था, आवाज नै बन्द । मैले विस्तारै मेरो जिब्रोले अलिअलि यताउता चलाएर थुक निकालेँ । म जिउँदै रहेछु भन्ने निश्चित गरेँ । आँट गरेर विस्तारै हात चलाएँ । कालिका भगवती देवीको स्मरण गर्दै विस्तारै उठेँ । टर्चसम्म आइपुग्न निकै साहस बटुलेँ । टर्च टिपेर करिब १० मिनेट उकाली यसरी चढेँ त्यो कल्पना नै गर्न सक्दिन । म एकै सासमा आहाले बस्ती २/३ घर भएको ठाउँमा आइपुगेँ । वरको फेद वरतिर आगो बालेर घरमा बुढी आमै माघको जाडो छल्न खोक्दै गरेको भेटेँ । मेरो तापक्रम, प्रेसर आधा घट्यो । लामो सास फेरेँ । बुढी आमालाई कहानी सुनाएँ । छक्क पर्नुभयो । छोराछोरी सबै भित्र निन्द्रामा मस्त थिएँ । तिमीले भूत भेटेछौ । कसो बिताएन, सकेन भन्नुभयो । आगो छुन लगाउनुभयो । एउटा ठूलो कोइला बाहिर मिल्काउनु भयो र ढोका बन्द गर्नुभयो । म त्यही सुतेँ । भोलि बिहान १० बजे मात्र उठेँ । उहाँ भन्नुहुन्थ्यो , मलाई धेरै चोटि हेर्नु भएछ । सुतेको बेला केही अनिष्ठ नहोस् भनेर ।

आखिर आजको यो विज्ञानको युगमा हामी जतिको व्यक्तिले यस्तो कुरामा कति विश्वास गर्ने ? यो मेरो भोगाइ नितान्त व्यक्तिगत र सत्य हो । आखिर के चिज हो त्यो ? कस्तो परिवेश, अवस्था हो त्यो ? किन त्यसो भयो ? के त्यो सत्य हो ? भ्रम हो ? यो प्रश्नको उत्तर अभसम्म मसँग छैन । मलाई किन केही भएन ? घरिघरि मेरो मानसपटलमा यो कुराले डेरा जमाउँछ ।

# केही हाइकुहरू

कृष्ण आठपहरिया

पार्टीको नारा
चट्टानको कवाफ
पाक्नु न चाखु ।

शिक्षाको नारा
काकुलको तिर्सना
पुसको ओस ।

मान्छेको तिर्खा
मरूभूमिको बास
घर न घाट ।

## केही सेर्नुयुहरू

देशको शिक्षा
खोरन्डोको हिँडाइ
स्पोर्ट जुत्ता ।

देशको नीति
बोइलर कुखुरा
भाले न पोथी ।

आजका मान्छे
रोबटिक मेसिन
भोक न शोक

बिहेको वाचा
काँचो धागोको गाँठो
तुन्नु न बुन्नु ।

आजका मान्छे
मोबाइलका दास
नाता न गोता ।

नेताको वाचा
सपनाको भोजन
तातो न चिसो ।

कविता

# डर लाग्छ

पवन पोखरेल (जिज्ञासु कान्छो)
बि.एड. तेस्रो वर्ष

डर लाग्छ
हो मलाई मदेखि नै डर लाग्छ
मलाई असङ्ख्य आशा निराशाको
घनघोर भारी बोकाइएको छ......
बढ्दो उमेरसँगै अनेक
जिम्मेवारी थपिरहेको छ..
कति जिम्मेवारपरक रहुँला त
कति निरिह बनुँला त्यसैले त
...मलाई डर लाग्छ......
मलाई मभन्दा प्यारो तिमी लाग्छ
मैले म बिर्सुंला .सानी. तर
म भित्रको तिमी कदापी सक्दिन
कल्पेको त्यो सानो संसारमा
दुई गाँस र साथ सँगै पुग्न सकुँला
या नसकुँला सम्झिदा डर लाग्छ
म भोकाउँदा आधा खाई
मलाई अघाउने ती आमा
मेरो उन्नति र प्रगतिका निम्ति
आफ्नो हात काँध पिल्साउने ती बाबा
आज मैले भोकाएकी आमा
पिल्सिएका ती बाका हात र काँधमा
मलमपट्टी गर्न सकुँला या नसकुँला
फर्की हेर्छु अनि डर लाग्छ....

निबन्ध



# दश औंलाको नमस्कार

घिमिरे, लाल प्रसाद
उपप्राध्यापक

एक पटक पाँच वटा औँलाहरू बिचको ठूलो भन्ने विषयमा घम्सा घम्सी परेछ। बुढी औँलाले धाक दिएछ, "म तिमीहरू भन्दा ठूलो।" चोरी औँलाले आफ्नो हुँदै नभएको ओठ लेर्प्याएर भनेछ, "म जुरुक्क उठेँ भने तिमीहरू सबै लुइकिन्छौ।" चोर औँलाको कुरा सुनेर माझी औँलाले पनि मुख खोलेछ, "म जति अग्लो कोही छैन।" यो सुनेर साइली औँलालाई बोलौँ बोलौँ लागेछ र उसले भने छ, "लम्बाइमा लामो, मोटाइमा मोटो हुँदैमा ठूलो भइने भा त ...। जोसँग धेरै धन, पैसा, किम्मती, सुना चाँदी छ, ऊ ठूलो हुन्छ। मान्छेहरू तिमीहरूलाई विश्वास गर्दैनन्। मलाई त हेर न सुनको औँठी लगाएर सम्मान गरेको। अनि को ठूलो ?" साइली औँलाले सुनको औँठीको धाक दिएको देखेर कान्छी औँलालाई पटक्कै मन परेन छ। उसले पनि भनिछ, "वस्तुको मूल्य त उसले अरूप्रति देखाउने आदर, सत्कार वा व्यवहारमा भर पर्दछ। ठूला मानिस अरू मानिससामू हात जोड्छन्। त्यसमा सबैभन्दा अगाडि मलाई राख्दछन्। अनि को ठूलो ?"

तपाईँ आफ्ना सबै औँलाहरूलाई नियालेर हेर्नुस्, औँलाहरू लामा, छोटा, साना, ठूला, अगि, पछि पाउनुहुन्छ। आकारमा सबैभन्दा ठूलो औँलो बुढी औँलो र सबैभन्दा सानो कान्छी औँलो हुन्। त्यस्तै सबैभन्दा लामो औँलो माझी औँलो र सबैभन्दा छोटो बुढी औँलो पाउनुहुने छ। चोर औँलो र साइँली औँलो मझौला लम्बाइ र साइजका छन्। औँलाहरूको पङ्तिमा बुढी औँलो अलग्गै र अरू चार वटा औँलाहरू लहरै छन्। सबै औँलाहरूलाई हेर्ने हो भने बुढी औँलो एका छेउमा र कान्छी औँलो अर्का छेउमा छन्। चोर, माझी र साइली औँलाहरू बुढी औँला र कान्छी औँलाका बिचमा छन् । सबैको बिचमा माझी औँलो छ।

फेरि दुई हातहरू जोडेर अँजुली बनाउनुस्, कान्छी औँलाहरू जोडिन्छन् र बुढी औँलाहरू छेउ छेउमा पर्दछन्। फेरि हत्केलाहरू जोडेर नमस्कारको अवस्थामा बस्नुस्, बुढी औँलाहरू तपाईँको निधारमा र कान्छी औँलाहरू सबैभन्दा अगाडि सँगसँगै पर्दछन्। बुढी औँलामा दुई- दुईवटा जोर्नीहरू हुन्छन्। जब अरू औँलामा तीन-तीनवटा जोर्नीहरू हुन्छन्। सायद त्यही कारण होला चारवटा औँलाहरूको पल्टिने/दोब्रिने क्षमता बढी हुन्छ र मुठी (मुड्की) पार्दा तिनीहरूका नङहरू पुरै छोपिन्छन्। बुढी औँलाको दोब्रिने क्षमता कम हुन्छ र मुठी पार्दा त्यसका नङहरू प्रायः बाहिरै देखिन्छन्।

फेरि सबै औँलाहरू घुमाएर हेर्नुस्। सबैभन्दा बढी घुम्न सक्ने क्षमता बुढी औँलाकै छ। अरू औँलाहरू एकअर्कामा टाँसिएर रहेका हुनाले एकअर्काको लचकतालाई बाधा पुऱ्याएका हुन्छन्। बुढी औँलो त्यस्तो बाधा मुक्त छ। त्यस्तै बुढी औँलाको फेद अरू औँलाको भन्दा ठूलो छ। काम पनि

बुढी औँलाले अरू चारवटा औँलाहरूकै जति गर्दछ । जुनजुन औँलाले जेजे तर्क गरे पनि बुढी औँलो सबैभन्दा बलियो र महत्त्वपूर्ण चाहिँ हो ।

औँलाहरूको स्थान र सङ्ख्याको आधारमा विश्लेषण गर्दा, बुढी औँलो एक्लै छ र बलियो छ तर अरू औँलाहरू बाक्लै छन् तर साना छन् । यसले पातलो भए फष्टाउँछ भन्ने तथ्यलाई पनि प्रमाणित गरेको छ । हाम्रा औँलाहरूका नामहरूको एक क्षण समीक्षा गरौँ । बुढी, साइली र कान्छी औँलाका नामहरू स्त्रीलिङ्गी, चोर औँलालाई पुलिङ्गी तथा माझी औँलालाई लिङ्गमुक्त नामको रूपमा प्रयोग गरेको पाइन्छ । अरू धेरै नामुद भाषाहरूमा औँलाहरूका नाम लैङ्गिक छैनन् । नेपाली, अङ्ग्रेजी तथा संस्कृत भाषामा औँलाहरूको समानान्तर नामहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| क. सं. | सामान्य विशेषताहरू | नेपाली नाम | अङ्ग्रेजी नाम | संस्कृत नाम |
|---|---|---|---|---|
| १ | छोटो मोटो | बुढी औँठो/औँलो | Thumb | अंगुष्ठ |
| २ | सङ्केत गर्ने/ देखाउने | चोर औँलो | Index finger | तर्जनि |
| ३ | बिचको लामो | माझी औँलो | Middle finger | मध्यमा |
| ४ | औँठी लगाउने | साइँली औँलो | Ring finger | अनामिका |
| ५ | सबैभन्दा सानो | कान्छी औँलो | Little finger | कनिष्ठिका |

माथिको तालिका अध्ययन गर्दा अङ्ग्रेजी र संस्कृतमा औँलाहरूलाई लिङ्गमुक्त नामका रूपमा प्रयोग गरेको देखिन्छ र नेपालीमा मात्र लैङ्गिक रूपमा प्रयोग गरेको पाइन्छ । यसरी औँलाहरूलाई लैङ्गिक रूपमा प्रयोग गर्नुका पछाडि केही कारणहरू छन् कि यो संयोग मात्र हो ? यस विषयमा अनुसन्धान हुन बाँकी छ ।

नेपाली आमाहरू सानो छँदा छोरोलाई पनि प्यारो गरेर सम्बोधन गर्दा छोरी भन्नुहुन्छ । जस्तै वहाँहरू खान्छ्यौ, सुत्छ्यौ जस्ता शब्दहरू प्रयोग गर्नुहुन्छ । खाना मुखमा पुर्‍याइदिएर अद्वितीय सेवा दिने हुनाले त्यसो भनेको हो कि ? तर त्यसो गरेको भए त सबै औँलाहरूलाई स्त्रीलिङ्गी नाम नै प्रयोग गर्नुपर्ने, त्यस्तो भएको छैन । यस अर्थमा यो कारण त्यती विश्वसनीय छैन । माझी औँलाको नाम उसको स्थानका आधारमा, साइँली र कान्छी औँलाको नाम तिनीहरूका साइजका आधारमा राखिएको हुनुपर्छ तर चोर औँलाको नाम चाहिँ कसरी रहन गयो होला, रहस्यमय छ । सायद अरू औँलाहरूभन्दा यही औँलाले छिटो र सजिलो गरी धेरै घ्यू, कुराउनी, दही, मह खम्किएर झिक्न सक्ने भएकाले मानिसले यस प्रयोजनको लागि यही औँलाको प्रयोग गरे हुन् । परिणामस्वरूप यो औँलाको नाम चोर औँलो रह्यो होला ।

औँलो आफैँ चोर्दैन । यो त एउटा साधन मात्र हो । मानिसले चोर्ने बेलामा यसको प्रयोग गर्दछ । यो साध्य हो । जब यो औँलाले खम्किन्छ र झिक्छ, त्यो पदार्थ मान्छेले नै उपयोग गर्दछ । आफैँ चोर्न लगाउने, चोरेको सामान आफैँ उपभोग गर्ने अनि औँलालाई चोरको उपमा दिने ? यो त चण्डाल ज्योतिषीको चलाख्याइँ भएन र ? यसलाई व्याकरणीय हिसाबले शुद्धीकरण गर्ने हो भने चोरको चोर्ने औँलो भन्ने हुन्छ । औँलाको उपमा सरक्क मान्छेमा सर्छ । द्वैध चरित्र भएका चण्डाल ज्योतिषीले घुमाउरो पाराले यसको नाम चोर औँलो राखे, नेपाली भाषीहरूले विवेचना नगरी आँखा चिम्म गरेर त्यो नामलाई स्वीकारे, प्रयोग गर्दै आए र घुमाउरो पाराले आफूलाई चोर स्वीकारे ।

ज्योतिषको यो चलाख्याइँमा एउटा मान्यता पनि छ । अक्सर सबै मान्छेले जीवनमा सानो ठूलो अनियमितता, बेइमानी गरेकै हुन्छ । आर्थिक कारोबार गर्नेले २-४ रूपैयाँ अपचलन गरेकै हुन्छ । भान्सेले अलिकति चाखेकै हुन्छ । हलो जोत्नेले राँटो राख्छ, आलु बेच्नेले बाँको राख्छ भन्ने त उखान नै छ । कपडा सिलाउने ले टाउकालाई टोपी नपुगे पनि औँलालाई धोती पुग्ने कपडा नास गरेकै हुन्छ । कर्मचारीले हुने कामलाई हुँदैन भनेर फर्काएकै हुन्छ । सुरक्षाकर्मीले निरपराधलाई थर्काएकै हुन्छ । न्यायधिसले चोरलाई चौतारामा र साधुलाई सुलीमा चढाएको हुन्छ । यी सबै अपराधहरू सोझो वा घुमाउरो भाषामा चोरी नै हुन् र सबै मान्छे साना ठूला चोर नै हौँ । खलिद हुसेनीले आफ्नो उपन्यास 'द काइट रनर' मा हत्या, ठगी, षड्यन्त्र आदिलाई चोरी नै भनेका छन् । तर सबै मान्छेलाई चोर उपमा दिनुभन्दा अप्रत्यक्ष रूपमा औँलाको नाम चोर राखेर, चोर औँलावाला सबै चोर भनेर सबैको चरित्र उजागर गर्ने ज्योतिषीको यो चलाखीपूर्ण ज्योतिष्याइँ हुन सक्छ ।

तसर्थ हातमा चोर औँला हुने जति सबैले सावधानीपूर्बक सोच्नुपर्दछ । यो औँलाको नाम फेर्ने वा यो उपमाको बिल्ला भिर्ने ? यो औँला माथि भएको अन्यायलाई सफाइ दिने अनि आफू पनि सफाइ लिने वा नलिने ? हाम्रा सामु यी दुवै अवसरहरू मौजुदा छन् । मात्र विवेकशील निर्णय लिन बाँकी ।

यसको कारण अर्को पनि हुन सक्छ : कि चोर्दै गरेको वा चोरेर भाग्दै गरेको चोर देखाइदिएकाले कामकै आधारमा यसको नाम 'चोर देखाइदिने औँलो' बाट अपभ्रंश भई चोर औँलो भएको हुन सक्छ । त्यस्तै आम मानव चरित्रमाथि चोर औँला खबरदार ! भनेर खबरदारी गरेकाले यस्तो नाम रहेको हुनसक्छ । नाम जसरी रहेको होस, यो औँलाको नाम सुन्दा रमाइलो लाग्दैन ।

हत्केलादेखि औँलासम्मले एकपटकमा जति समाउन सकिन्छ, त्यसलाई एक मुठी भनिन्छ । यो पनि नापको एउटा इकाई हो । साधारणतया १० मुठीको एक मानो हुन्छ भन्ने मान्यता छ । तर मान्छे पिच्छे हात र औँलाहरू साना ठूला हुने हुनाले सबैका १० मुठीको एक मानो हुन्छ भन्न सकिन्न ।

बुढी र चोर औँलाले एक पटकमा जति समाउन सक्छन्, त्यसलाई एक चिम्टी भनिन्छ । विभिन्न खाद्यपदार्थ तयार गर्दा नुन, चिनी, मसला, बेसार जस्ता थोरै मात्रामा प्रयोग गरिने सामग्रीहरूको नाप चिम्टीमै लिइन्छ । जस्तै एक चिम्टी नुन, एक चिम्टी मसला, एक चिम्टी खोर्सानीको धुलो आदि ।

मानव शरीरमा सबैभन्दा बढी काम गर्ने अङ्ग औँलाहरू नै हुन् । समाउने, लेख्ने, रोप्ने, उखेल्ने, काट्ने, गोड्ने, टिप्ने, पल्टाउने सबै काममा औँलाकै प्रयोग हुन्छ । दाउरा चिर्दा बञ्चरोको बिँड समाउने, आरा काट्दा आराको ........ समाउने, जोत्दा हलोको अनौ समाउने, रुख चढ्दा रुखको हाँगा समाउने, स्विटर, टोपी बन्न, कम्प्युटर चलाउन, कपडा धुन, गाडी चलाउने, सबै काममा औँलाकै प्रयोग हुन्छ । मुख धुन, दाँत मोल्दा ब्रस समाउन, नुहाउन, वाद्यवादन गर्न औँलाहरूकै प्रयोग हुन्छ । औँला नहुनेलाई जिफर खोल्न र लाउन, सुरुवालको इँजार कस्न तथा खोल्न, मोबाइल फोन चलाउन निकै गाह्रो हुन्छ ।

औँलाका टुप्पामा नङहरू छन् । औँलाका साइजका आधारमा नङहरू पनि साना ठूला हुन्छन् । नङका बनोट पनि व्यक्ति पिच्छे फरक फरक हुन्छन् : बाक्ला, पातला, चौडा, डोली परेका, बाहिर उत्रिएका, मासुमा टाँसिएका, छेउहरू मासुमा गाडिएका, चम्किला, धमिला, राता, फुलेका, लामा छोटा, बलिया, कमजोर आदि ।

नङको मुख्ये कामहरू मध्ये एउटा काम कन्याउने हो । नङ भएकाले हामीले कन्याउने गऱ्यौं । हामीले त्यही कन्याउने गरेकै भएर चिलाउने गरेको हो या चिलाउने विशेषता भएकै कारण नङको सृष्टि भएको हो, यसै हो भन्न गाह्रो छ । विभिन्न पशुपन्छीहरूले पनि कन्याउँछन् । त्यसो हुँदा नङ भएकाले मात्र किन्याउने होइन । बरु चिलाउँने भएकै कारण नङ पलाएको हुनुपर्छ । नङ नभएको भए हामी कसरी कन्याउँथ्यौं होला ? न पशुको जस्तो जिब्रो, दाँत वा खुट्टाले कन्याउनु ? न भित्तामा, थाममा, ढोकामा, रुखमा रगडिनु ? परेन फसाद ! नङ बिनाका औंलाले र माथि उल्लेखित काम गर्ने हो भने औंलाका टुप्पाहरू फर्किएर टोप्रिन्थे होलान् ।

हिजो आज नङलाई सजावटका साधनको रूपमा लिने गरिन्छ । लामा लामा नङ पाल्ने, विभिन्न नङमा विभिन्न रङका पालिसहरू लगाउने मात्र होइन, एउटै नङमा पनि रङ-रङका पालिसहरू लगाएर सजाउने चलन छ । नङ पाल्ने कार्यमा अक्सर महिलाहरू अगाडि छन् । जुम्रा, उडुस, उपियाँ मार्न पनि नङहरू नै प्रयोग गरिन्छन् ।

औंलाका दुईवटा जोर्नीका बिचमा बाहिरपट्टि पलाउने रौंलाई छुसी भनिन्छ । यसको अर्थ न्यून महत्त्वको भन्ने हुन्छ । यसको न काम छ, न मान छ, न मूल्य नै छ । केही न केही ।

कसिलो मुठीलाई मुड्की भनिन्छ, यो मान्छेको एउटा हतियार हो । औंलाहरू फुकाएर, आपसमा जोडेर बनाएको हतियारलाई लबटो भन्निछ । हातबाट लबटोभन्दा बलियो हतियार बनाउनु परेमा मुड्की बनाइन्छ । लबटाले हान्दा चित्त नबुझे हामी मुड्की अगि साछौं । त्यसले पनि चित्त नबुझेमा मात्र हामी अरू साधनको खोजी गर्दछौं । कतिले अरूलाई तर्साउन परे 'मुड्की (अङ्ग्रेजीमा boxing) ले... !' भन्छौं । हुन पनि पञ्चाङ्गुले मोर्चाको तागत कडै हुन्छ । म ५ दाइहरूको कान्छो भाइ, मैले पनि यसको राम्रै अनुभव गरेको छु । उस्तै ठाउँमा पऱ्यो भने त तिन त्रिलोक चौध भुवन भर नै तोरीको फूल देखिन्छ । नाक, दाँतबाट लाल वर्षा हुन्छ । अझै अरू के-के के-के । आफूले अरूलाई मुक्याउँदा पनि यो तथ्यलाई हेक्का राख्नु पर्दछ । नत्र कुनै बेला हानिएको मुक्का त धर्मराजले उसलाई पठाएको निम्तो पत्रमा स्वीकृतीको हस्ताक्षर बराबरै हुन्छ ।

औंलाको टुप्पामा खास गरी टुप्पामा खस्रा खस्रा रेसाहरूले विभिन्न आकृतिहरू बनाएका हुन्छन् । सामान्यतया तिनीहरूलाई शङ्खाकार र चक्राकार भनिन्छ । औंलाको माथि भित्रपिट्ट मसी दलेर कागजमा ठ्याप्प राख्दा बिचमा सानो वृत्त, त्यस बाहिर अलिक ठूलो वृत्त, त्यस बाहिर अझै ठूलो वृत्त हुँदै सयौंवटा वृत्तबाट एउटा सिङ्गो वृत्ताकृती - चक्र वा एक ठाउँमा आंशिक भुमरी परेको केश सर्लङ्ग झरेजस्तो शङ्खाकार बन्दछ ।

भनिन्छ यी रेसाहरू र रेसाकृती व्यक्ति विशिष्ट हुन्छन् । त्यसैकारण मानिसको हुलिया लिँदा मानिसका शाब्दिक, चित्राङ्कित र रेसात्मक विवरणहरू सङ्कलन गरिन्छ । कतिपय मानिस अरूका औंलाको रेसाकृति हेरेर उसको भविष्यवाणी गर्दछन् ।

औंलाहरूको पछाडि पल्टिने/ढल्किने क्षमता फरक फरक हुन्छन् । गट्टी खेल्दा यसको खुब ठूलो महत्त्व हुन्छ । लामा लामा औंलाहरूको पल्टिने क्षमता बढी हुन्छ । गट्टी खेल्दा उसको जित्ने सम्भावना अक्सर बढी हुन्छ ।

औंलाहरूको सबैभन्दा ठूलो महत्त्व अभिवादनसँग छ । अभिवादनको सर्वोक्तम विधि दश

औंला जोडेर गरिने प्रार्थना शैलीको नमस्कार हो । आफन्त, विशिष्ट व्यक्तित्वहरूदेखि देवी देवताहरू, पितृ आदिलाई दशाङ्गुलीको नमस्कार स्वीकार्य छ भनिन्छ । दुवै हातका हत्केला जोड्यो, शिरलाई अलिकति झुकायो, जोडिएका हातहरूलाई नब्बे डिग्रीको कोण बन्ने गरी निधारमा राख्यो र शब्द पनि प्रयोग गऱ्यो, उच्च स्तरको अभिवादन सृजना भइहाल्छ । साष्टाङ्ग दण्डवत्का साष्टाङ्ग मध्येको महत्त्वपूर्ण एकाङ्ग उही दशाङ्गुली मोर्चा हो । यी दश औंलाहरू जोडेर अभिवादन गरेपछि नेता, नाता पनि मख्ख, कर्मचारी पनि दङ्ग, आफन्तहरू पनि खुसी । नमस्कारले असम्भव कामलाई सम्भव तुल्याइदिन्छ, रुष्टलाई खुसी तुल्याइदिन्छ, टाढाकालाई नजिक ल्याइदिन्छ, परकालाई घरको बनाइदिन्छ, अप्रीयलाई प्रीय बनाइदिन्छ, बिग्रेको सप्रिन्छ र गल्ती गरेको माफ हुन्छ, वैमनस्यता साफ हुन्छ, के-के हो के-के !

नमस्कार भेट्दा पनि काम लाग्छ, छुट्दा पनि काम लाग्छ । नेतालाई नमस्कारले चुनाव जिताउँछ, माग्नेलाई रोटी र धोती दिलाउँछ, दान, वरदान, धन्यवाद, आशिर्वाद, सहयोग जुटाउँछ । पाटी बैठकमा ढिलो पुग्नु भयो भने हातहरू जोड्नुस् , माफहुन्छ । त्यहाँ लामो वा पुरा समय बस्न भ्याउनु भएन भने हातहरू जोड्नुस्, बिदा मिल्छ । सेवा सहयोग गर्नु थियो गर्नु भएन, हातहरू जोड्नुस्, माफ हुन्छ । यो दशाङ्गुली मोर्चामा भएको तागत शब्दमा वयान गर्ने सकिन्न । स्वस्थानी कथामा भने झैं हजार जिब्रा भएका शेष नागले पनि यसको महत्व वयान गर्नै शक्तैनन् । यो अपार, अथाह र रहस्यमय छ । काम चाहिँ आफ्ना दश औंलाहरू आफ्नै निधारमा लाने हो, ठूलो कुरा हैन ।

तर दुई हातहरू जोडेर जसरी निधारमा लगिन्छ, लगभग एउटा हात मात्र निधारमा लैजानुस्, ठिक उल्टो कार्य गर्दछ । यसले ठूलो श्रापको अभिव्यक्ति दिन्छ । गणितीय भाषामा भन्ने हो भने दशाङ्गुली निधारमा बराबर उत्तम अभिवादन र दशाङ्गुली निधारमा भाग दुई बराबर श्राप हुन्छ ।

कहिलेकाहीँ ठिक भन्नुपऱ्यो भने बुढी औंलो ठड्याइन्छ, चुनौती दिन चोर औंलो ठड्याइन्छ, राम्रो भन्न चोर औंला र बुढी औंलाका टुप्पाहरू जोडेर वृताकार बनाइन्छ, खिसी गर्नु परे माझी औंलो ठड्याइन्छ, प्यारो गरेर केही कुरा देखाउनु परे कान्छी औंलाले देखाइन्छ । साइँली औंलो सायद सुन देखाएर सान दिन प्रयोग हुन्छ होला ।

दुवै हातका औंलाहरूलाई पालैपालो एकअर्काको च्यापमा खाँदेर विभिन्न आकृतिहरू बनाउन सकिन्छ । भगाकार, जालीकार, ओडार आदि ।

औंलाहरूको प्रयोग गरेर थुक कि सुक, थुकसारी, माछो माछो भ्यागुतो जस्ता खेलहरू खेल्न पनि सकिन्छ ।

औंलाका हाड र जोर्नीहरू स-साना हुने हुनाले स्वभावैले कमजोर हुन्छन् । थोरै लड्दा, कुल्चिँदा, किचिँदा, यिनीहरू सजिलैसँग मर्किन्छन्, भाचिँन्छन् । हतियार, आगो, औषधी विभिन्न औजारहरू प्रयोग गर्दा धेरै तातो चिसो चलाउँदा यिनीहरूमा सजिलै घाउ, चोट, दाग आदि लाग्न सक्छन् । छाला र रगतको परीक्षण नगरी विभिन्न किसिमका क्रिम, सावुन, नङपालिस, विभिन्न किसिमका रसायनहरू, ग्लोब, औषधीहरू प्रयोग गर्दा हात र औंलामा अल्पकालीन र दीर्घकालीन असरहरू हुन्छन् । चर्म रोग लाग्ने, छालाको चमक हराउने, हाड जोर्नीहरू दुख्ने, साथै औंलाहरू सुक्ने वा सुनिन गई हातै विरूप हुनसक्छ । मानिसको जीवनको अस्तित्वसँग जोडिएका यी औंलाहरूको सुरक्षा गर्नु अत्यन्त जरुरी छ । स्वस्थ तथा आकर्षक हातले दिएको मिठो खाना र मूलायम औंलाको

आनन्ददायी स्पर्शको आजीवन अनुभव गरौं ।

हिन्दु संस्कृतिअनुसार वरले वधुलाई र वधुले वरलाई औंलामा औठी लगाइदिने परम्परा छ । यसले सम्बन्धलाई चीरस्थायी बनाओस भन्ने चाहना हो । सम्बन्ध कस्तो छ भन्ने कुरा औंलाको औंठी हेरेर पनि थाहा पाउन सकिन्छ ।

विभिन्न कार्यमा विभिन्न औंलाहरूको संगठन बनाउने चलन छ । हिन्दु धार्मिक पूजाआजा गर्दा माझी र साईंली औंलाहरूका अग्र भागमा चरु राखेर बुढी औंलाले ठेली 'ॐ स्वहा' भन्दै हवन गर्ने चलन छ । अरू औंलाहरूले गरेको हवनलाई मान्यता छैन ।

माझी र बुढी औंलाले बजाउने चुट्कीको बेग्लै अर्थ छ । बुढी औंलाको अन्तर भागमा माझी औंलाको अन्तर भाग जोडेर बलले माझी औंलो तलतिर चिप्ल्याउँदा बुढी औंलाको फेदमा ठ्याप्प ठोकिन्छ र एउटा ध्वनि पैदा हुन्छ । त्यस ध्वनिलाई चुट्की भन्ने चलन छ ।

चुट्कीको अर्को लाक्षणिक अर्थ 'छिट्टै ठिक हुन्छ' भन्ने हुन्छ । जस्तै, दाँत दुखेमा अलिकति रुवा लिनुस् , त्यसमा एक थोपो ल्वाङको तेल राख्नुस् र दुखेको दाँतले च्याप्नुस् , दुखाइ चुट्की हुन्छ ।

एक पटक मेरा केशव भन्ने साथीले गाउँखाने कथा (प्रश्न) सोधे, एक खुट्टे घोडामा तीन भाइको सवार, कागजकै पानामा देखिन्छ संसार, के हो ? मेरो दिमागको कन्दरामा पनि उत्तरको छेउटुप्पै आएन । उनले गाउँ ले भने । मैले दिक्तेल गाउँ दिएँ । उनी भन्न थाले, "दिक्तेल गाउँको सेरो फेरो सबै मेरो, यहाँका खुल्ला चर्पी, गन्हाउने सुँगुरका थलाहरू, जाँड खाएर बर्बराउँदै सार्वजनिक स्थलमा पिसाब फेर्ने भद्र भलाद्मी जत्ति सबै तेरो । घरका अगाडिपट्टिका टिलिक्क परेका भाग जत्ति मेरो पछाडिपट्टि जिङ्ग्रिङ्ग काँडा पलाउने सिकसिको र घिन लाग्दो भाग चाहिँ सबै तेरो । असल, इमान्दार विद्यार्थी, नेता, व्यापारी बुद्धिजीवी, वकील जत्ति मेरा । बेइमान कर्मचारी, नेता, व्यापारी, वकील, ठेकदार जत्ति सबै तेरा .... " भनेर मलाई उल्ल्याउनसम्म उल्ल्याए । त्यसपछि भने "कर्मचारीमा भ्रष्ट, व्यापारीमा ठग, अगस्ती जस्तै खाने र कुम्भकर्ण जस्तै सुत्ने, दिमागमा लिदी पसेकाले नजानेको उत्तर के हो ? कलमले लेखेको भने"। म तीन छक परें । दुई हातका हत्केला उल्टो पारी भित्रबाट घुमाएर दुई चोर औंलाहरू जोडी देवतालाई अर्पण गरेको फूल शिरमा लगाउने प्रचलन छ हिन्दु संस्कारमा ।

हाम्रा औंलाहरूले विभिन्न रूपमा अश्लिलताको सङ्केत पनि गर्दछ । बायाँ हातको चोरी र माझी औंलाको माझबाट दायाँ हातको चोरी औंला सोझै छिराउँदा अश्लिलताका पराकाष्टा नै बन्दछ । यो मानव सृष्टि कार्यको नक्कल वा अभिनय हो भन्न पनि लाजमर्दो ! पाठकहरू सामु क्षमाप्रार्थी

मान्छेहरू कान्छी औंलो ठड्याएर, "लघुसंका कता छ ?" भनेर प्रश्न गर्दछन् । यसो गरेर उनीहरूले पुरुष मुत्राङ्गको सङ्केत गरेको होला । शब्दमा मात्र सोधे पनि भै हाल्ने नि । किन सङ्केत पनि गर्नुपर्‍या होला ।

छोटो छोटो चोर औंलाको टुप्पामा तुलनात्मक रूपमा लामो माझी औंलाको टुप्पाले समाई दुवैतिर तानातान गरी भगाकार जन्मद्वारको अनुकरण गरेको पनि पाइन्छ, (विशेष गरी युवाहरूले) ।

माझी औंलो ठड्याउँदा कसैलाई होच्याएर 'यी..... नापिस्' भनेर निच वस्तुसँग तुलना गरेको मानिन्छ । यो पनि एक हदसम्म अश्लिल नै हो ।

हिन्दु संस्कारअनुसार पितृ श्राद्ध गर्दा चोर औंलामा मटक धारण गर्ने र धार्मिक कार्य गर्दा

साइँली औँलामा मटक धारण गरिन्छ । यो हिन्दु धार्मिक नियम नै रहेछ ।

दायाँ हातको सेवा क्षेत्र खाने, जिउने र बायाँ हातको सेवा क्षेत्र दिसा धुने, पिसाब गराउने आदि हुन् । सम्मानको लागि दायाँ हातको प्रयोग उपयुक्त मानिन्छ । यो परम्परा हो, नियम होइन ।

पानी, दुध, चिया, कफी, आदि पेय पदार्थका भाँडा, कप, लोटा समाउँदा मुखभन्दा तल समाउनु पर्छ । तर शौचालयमा सूचीगर्ने पानीको भाँडो (लोटा) समाउँदा कप, लोटा ..... आदिको बिटमा पाँचै औँलाले समाउने चलन छ । यसो गर्दा हाम्रो हत्केलो भाँडाको मुखभन्दा माथि पर्दछ । यो पनि नियम होइन ।

हिन्दु संस्कारमा अरू सबैलाई खाना खान दिइसकेपछि मात्र आफू खाना खाने चलन छ । तर एक दिन म, मेरा दाइ र मेरा एकजना साथी एउटा खालिङ राईको घरमा बास बस्यौँ । खाना खाँदा त्यस घरकी महिलाले परिवारका अरू सदस्यहरूसँगै खाना खाइन् । तर उनले बायाँ हातले आफूले खाना खाइन् र दायाँ हातले अरूलाई खाना वितरण गरिन् । मलाई त्यस बेला अनौठो लाग्यो । तर अहिले आएर त्यसलाई सकारात्मक ठान्न थालेको छु । पाहुनालाई बायाँ हातले खाना थपिदिँदा अपमान होला भनेर आफू बायाँ हातले खाने र पाहुनाहरूलाई दायाँ हातले खाना दिने गरेको रहेछ । तर आजको बफे प्रणालीसँगै यो संस्कृति लोपोन्मुख छ ।

टीका लगाउँदा चारओटा औँलाहरू तलबाट माथितिर फर्काएर अक्षता थाम्दै र बुढी औँलाको प्रयोग गर्दै सबै औँलाहरूको प्रयोगले लगाइदिने चलन छ । मृतात्मा, प्रेतात्माहरूलाई विभिन्न कुरा अर्पण गर्दा मात्र औँलाहरू घोप्टो पारेर दिने चलन छ ।

मानिसका ५ ओटै औँलाहरू लहरै जोडेर कोप्रे-कोप्रे पारी बनाइएको हस्ताकृतिलाई पसर भनिन्छ । यो नापको एउटा एकाइ हो । विशिष्ट नाप इकाईको विकास पूर्व सायद यो नापको प्रणाली नै प्रयोगमा थियो होला । त्यस्तै दुवै पसरहरू जोडेर बनाएको संयुक्त पसरलाई अँजुली भन्ने चलन छ । यो पनि एक प्रकारको नापको इकाई हो । जरुवाको कुवाबाट एक अँजुली पानी उगाएर पिउँदा तिर्खा मेटिन्छ ।

वेद पाठ गर्दा हाम्रो वेद गुरू पालै-पालो औँलाहरू चलाउनुहुन्थ्यो । मलाई अनौठो लाग्थ्यो । पछि ठूलो भएपछि गुरूलाई सोधेँ । गुरूले, "मुखले मात्र पढ्दा वेद ऋचाको मन्त्रोच्चारण पुग्दैनन्, बैदिकोच्चारण अशुद्ध हुन्छ भनेर औँला चलाएर उच्चारण पुऱ्याउने प्रयास गरेको" भन्नुभयो । साँच्चै किताबमा हेर्दा वैद्धिक शब्द र वाक्यमा एउटै स्वर वर्णमा २, ३ वटा व्यञ्जन वर्णहरू जोडिएका हुँदा रहेछन् । हामीले त वेदको पाठ गर्न नसकिँदो रहेछ । त्यसपछि गुरूको भनाइमा सत्यांश छ भन्ने लाग्यो ।

औँलाहरू हल्लाएर यता आऊ, उता जाऊ, चुप लाग, उठ, बस जस्ता इसाराहरू गरिन्छन् । बैराहरूसँग कुराकानी गर्ने मुख्य साधन नै औँलाको इसारा हो । टेलिभिजनमा साङ्केतिक भाषामा समाचार प्रसारण गर्दा औँलाहरूकै प्रयोग अहम् छ ।

औँलाहरूको महत्त्व उच्च हुँदोरहेछ । मेसिनले, युद्धमा परेर वा दुर्घटनामा परेर हात गुमाएकाहरू महँगो मूल्य तिरेर केवल देखाउनका लागि क्रितृम हात लगाउँछन् । त्यसले काम सायदै गर्छ । यसर्थमा हातका औँलाहरू एक प्रकारका गहना पनि रहेछन् ।

हात नभए औँलाहरू असम्भव र औँलाहरू नभए नङहरू असम्भव हुन्छन् । साना सुलुक्क परेका औँलाहरू सबैले मन पराउँछन् । 'कति राम्रा सलसलाउँदा औँला' भनेर तारिफ गरेको सुनिन्छ । त्यस्तै हिजोआज झिर जस्ता औँलाका टुप्पामा तिरजस्ता नङहरू पनि सजावटकै साधन भएका छन् । नङ, औँलाको बनोट बिग्रिएका हातलाई राम्रो मानिन्न । विभिन्न उपमा दिएर घृणा गरेको सुनिन्छ : गँगटा जस्ता औँला, माकुरो जस्ता औँला .... आदि ।

कतिपय मानिस औँला बटारेर पड्काउने गर्छन् । त्यसो गर्दा औँलाका जोर्नीहरू बढेर गाँठा परेका देखिन्छन् । त्यसले औँलाको सुन्दरतामा ह्रास ल्याउँछ । औँलाको महत्त्व औँला नहुनेलाई सोध्नु पर्छ । हेलेन किलरले आफ्नो निबन्ध 'थ्री डेज् टु सी' मा मानिस केही दिन अन्धो भए आँखाको महत्त्व बुझ्ने थिए लेखेकी छन् । उनी अन्धो भएकाले आँखाको महत्त्व वस्तुगत रूपमा बुझेकी रहिछन् ।

कोही कोही मान्छेका ६ वटा औँलाहरू पनि हुन्छन् । उनीहरूका हकमा दशाङ्गुली नभै एकादशाङ्गुली नमस्कार हुन्छ । तर त्यसको पनि महत्त्व दशाङ्गुली नमस्कार बराबरै हो । हस्तरेखा विज्ञानानुसार तुलनात्मक रूपमा एघाराङ्गुलेहरू भाग्यमानी हुन्छन् ।

यदा कदा नवौँगुलेहरू पनि देखिन्छन् । उनीहरूको नमस्कार पनि दशाङ्गुलेहरूको भन्दा कम हुन्न । सर्वोपयोगी सुन्दर दश औँलाहरूको संरक्षण गरौँ र जीवनभर उपयोग गरौँ, सुन्दर रहौँ ।

॥अस्तु॥


# शुभकामना

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४५, छठ, उँधौली र ल्होसारको उपलक्ष्यमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**साथै**

**जग्गा खरिद गर्दा निम्न विषयहरूमा सजग रहनुहुन सम्पूर्ण सेवाग्राहीहरूमा अनुरोध छ ।**

१. नक्सा, फिल्ड बुक र क्षेत्रफल अनुसारको जग्गा फिल्डमा छ छैन ? एकिन हुने ।
२. मोठ श्रेष्ता कायम छ छैन ? जग्गा रोक्का छ छैन ? जग्गा कुन व्यहोराले जग्गाधनीको स्वामित्वमा आएको हो ? सरकारी, सार्वजनिक र अन्य व्यक्तिको जग्गा घुसेको छ छैन ? एकिन गर्ने र अधिकृत वारेसनामाबाट लिखत पारित गर्ने भएमा सो को आधिकारिकता एकिन गर्ने ।
३. अंशियार वा हकवाला छन् छैन । भए साक्षी राख्ने ।
४. घर टहरा समेतको स्वामित्व हस्तान्तरण हुने भएमा लिखतमा सो को व्यहोरा समेत राख्ने ।
५. प्लटिङको जग्गा भएमा स्वीकृति लिए नलिएको र तोकिएको मापदण्ड भए नभएको एकिन गर्ने ।
६. लिखतमा कारोबारको वास्तविक मूल्य राख्ने ।
७. लिखतमा लेखिएको सबै व्यहोरा राम्ररी अध्ययन गरी कार्यालयको रोहवरमा मात्र हस्ताक्षर गर्ने ।
८. रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क, पूँजीगत लाभकर सम्बन्धित बैंक वा कर्मचारीलाई बुझाई सो को रसिद अनिवार्य रूपमा बुझ्ने र सुरक्षित रूपमा राख्ने ।
९. आर्थिक कारोबार बैंक मार्फत गर्ने ।
१० लिखत लेख्दा र पारित भई पूर्जा प्राप्त हुँदा आफ्नो व्यक्तिगत विवरण र पास भई आएको घर जग्गाको विवरण ठिक छ छैन रुजु गर्ने ।

**धन्यवाद !**

**लक्ष्मी प्रसाद आचार्य**
**कार्यालय प्रमुख**
**तथा मालपोत कार्यालय परिवार, खोटाङबजार, खोटाङ**
**सम्पर्क नं.: ०३६-४२०१९६**

# उत्प्रेरणा र कक्षाकोठामा यसको महत्व



✍ पदमबहादुर विष्ट क्षेत्री
*Lecturer: Diktel multiple Campus*

**1) Meaning/concept of motivation**

The word motivation is derived from Latin language 'movere' or 'motum' which means 'to move'. त्यसैले शाब्दिक अर्थअनुसार कुनै पनि कार्य गर्नु, सञ्चालित हुनु, प्रेरित हुनु, अग्रसर हुनु नै प्रेरणा हो । प्रेरणालाई नेपालीमा उत्प्रेरणा वा अभिप्रेरणा भनिन्छ ।

**Definition**

"Motivation in school learning involves arousing (जगाउनु), persisting (उत्पन्न गराउनु वा दृढ बनाउनु), sustaining(जारी राख्नु) and directing desirable behaviour"

B.F. Skinner

अभिप्रेरणा त्यो प्रकृया हो जसले कार्य आरम्भ गर्छ, प्रगतितर्फ उन्मुख गराउँछ र क्रियाकलापको ढाँचालाई नियमित गराउँछ ।

P.T. Young

"Anything that initiates activity, whether internal or external is motivation"

N. Munn

"Motivation is a tendency to strive for goals"

Tolman

So, Motivation is an internal force, which accelerates a response or behaviour. अभिप्रेरणा एउटा प्रवृत्ति हो जसले लक्ष्य प्राप्तिका लागि व्यक्तिलाई प्रयत्नशील बनाउँछ अथवा प्रेरणा त्यो शक्ति हो जसले मानिसलाई निश्चित व्यवहार देखाउन प्रेरित गर्छ । काम गर्ने उत्साहलाई घटाउने वा बढाउने काम प्रेरणाले गर्छ ।

## 2) Related terminology (पदावली वा शब्दावली) to motivation

Motivation (प्रेरणा) शब्दको सट्टामा प्रयोग गरिने शब्दहरू वा प्रेरणा शब्दका पर्यायवाची शब्दहरू

| | | | |
|---|---|---|---|
| (i) Motive | (ii) Need | (iii) Drive | (iv) Incentive |
| (v) Interest | (vi) Curiosity | (vii) Goal | |

### (i) Motive (प्रेरक)

"A motive is any particular internal factor or condition that tends to initiate and sustain activity" -J.P. Guilford

प्रेरणा उत्पन्न गराउने वस्तु, घटना वा परिस्थितिलाई प्रेरक भनिन्छ । यसलाई निम्न ३ प्रकारमा विभाजन गरिएको पाइन्छ ।

Inborn motive (जन्मजात प्रेरक) : भोक, प्यास, निद्रा आदि
Acquired motive (आर्जित प्रेरक): सामाजिक प्रतिष्ठा, आत्म सम्मान, सुरक्षा, स्नेह आदि
Psychological motive (मनोवैज्ञानिक प्रेरक): उत्सुकता, रुचि, लक्ष्य आदि

### (ii) Need (आवश्यकता)

व्यक्तिले प्राप्त गर्न चाहेको कुरालाई आवश्यकता भनिन्छ । जस्तै भोक लागेको व्यक्तिको लागि खाना आवश्यक हो ।

### (iii) Drive(अन्तरइच्छा)

जब मानिसले आवश्यकताको महसुस गर्छ तब त्यो आवश्यकता पूरा गर्ने अन्तरइच्छा राख्छ ।

### (iv) incentive (प्रोत्साहन)

लक्ष्यतर्फ व्यक्तिको व्यवहार प्रेरित गर्ने पक्ष प्रोत्साहन हो । प्रोत्साहनको प्राप्तिपछि अन्तरइच्छा पूर्ति हुँदै सन्तुष्टि प्राप्त हुन्छ ।

### (v) Interest (रुचि)

रुचि भनेको कुनै व्यक्ति वस्तु वा अवस्था प्रति व्यक्तिको चाहना हो । जसले कुनै कार्य गर्नका लागि ध्यान प्रकट गर्दछ ।

### (vi) Curiosity (जिज्ञासा)

यसले व्यक्तिलाई कुनै कार्य learning by doing मार्फत गराउँछ । यसका लागि शिक्षण प्रभावकारी, सामग्री अर्थपूर्ण र रुचिपूर्ण हुनुपर्छ ।

### (vii) Goal (लक्ष्य)

कुनै पनि कार्यको गन्तव्य हुन्छ त्यसलाई लक्ष्य भनिन्छ । जसले व्यक्तिलाई उत्प्रेरित गर्छ ।

## 3) Nature, characteristics or role of motivation

1) उत्प्रेरणाबाट जाँगर वा ऊर्जा वा शक्ति उत्पन्न हुने गर्छ ।
2) यो आन्तरिक तत्व वा अवस्था हो जसले व्यक्तिलाई अग्रसर गराउँछ ।
3) यसले इच्छित क्रियाकलापलाई अभिमुखीकरण अथवा निर्देशित गर्छ ।
4) अभिप्रेरणाले सिकाइका लागि रुचि जागृत गर्छ ।
5) It initiates and sustains learner activities.
6) It regulates the learner's response.
7) It release the tension and satisfies the need of the learner.
8) Learners are motivated with motivation.
9) Motivation is like investment in the job or learning.
10) Motivation increases human capacity.

## 4) Model of motivation/ Motivational cycle

Dr. ken Afful has given motivational cycle as follow

## 5) Importance of motivation

उत्प्रेरणाले व्यक्तिलाई कुनै पनि काम गरूँ गरूँ जस्तो लाग्ने जाँगर वा रुचि पैदा गर्ने भएकोले सिकाइका लागि यो महत्त्वपूर्ण हुन्छ । यसको महत्त्वलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

1) Determinant of performance (कार्य सम्पादनको निर्धारण )
2) Higher productivity (उच्च उत्पादकत्व )
3) Quality oriented (गुणस्तरमुखी )
4) Willingness to work / To provide energy (काम गर्ने इच्छा)
5) low employee turnover & absenteeism (कामदारले काम छोड्ने तथा अनुपस्थित हुने दरमा कमी)
6) Acceptance of organizational change (संगठनात्मक परिवर्तनको स्वीकृति)
7) Realizing organizational goals (संगठनात्मक लक्ष्य प्राप्त गर्नु)
8) To direct (दिशाबोध गर्नु )
9) To provide Continuity (निरन्तरता प्रदान गर्नु)

**6) Types/ classification of motivation : inborn and acquired**

Thomson divided motivation into two types Natural and Artificial motivation.

Maslow classified motivation into two types inborn/innate/biological and acquired motivation.

Garret divided motivation into three types biogenic, psychological, social motivation.

Hilgarddivided motivation into three types Social, survival and ego-innate motivation.

H. Pintner and J.J. Ryan divided motivation into two type. They are Intrinsic motives and Extrinsic motives.

### (i) Inborn or innate motivation (जन्मजात प्रेरणा)

व्यक्तिलाई आन्तरिक रूपमा कुनै कार्यका लागि क्रियाशील बनाउने वा घच्घच्याउने प्रेरणालाई आन्तरिक वा जन्मजात प्रेरणा भनिन्छ । व्यक्ति व्यक्तिगत सफलता र सन्तुष्टिका लागि आन्तरिक रूपबाटै क्रियाशील वा सक्रिय हुन्छ भने त्यसलाई आन्तरिक प्रेरणा भनिन्छ । यो स्वतः जागृत हुन्छ, स्थिर (fixed) र स्थायी (permanent) हुन्छ । व्यक्तिलाई जीवित राख्न नभइ नहुने प्रेरणा भएकोले यसलाई vital motives पनि भनिन्छ। It is also called natural/biological / primary / physiological /intrinsic/ self-motivation.

**(ii) Acquired or secondary motivation** (आर्जित वा सहायक प्रेरणा)

मानिसले आफ्नो काम गर्ने क्रममा वा शिक्षा हासिल गर्ने क्रममा सिकेको वा आर्जेको प्रेरणालाई आर्जित वा सहायक प्रेरणा भनिन्छ। केही पाउन वा दण्डबाट मुक्त हुन मात्र कुनै निश्चित कार्यतर्फ प्रेरित हुने किसिमको प्रेरणा आर्जित प्रेरणा हो। कुनै पनि कार्य नगर्नुको सट्टा बाह्य उत्प्रेरणाको

प्रयोग गर्नु निकै फलदायी मानिन्छ । तर बिर्सने प्रवृत्ति बढ्ने गर्दछ । It is also called psychological, extrinsic and social motivation.It is also further divide into two category

a. Personal motivation : Aspiration, Goal of life, Drug addiction, Attitudes, Interest
b. Social motives : Security , Achievement, Status and social recognition.

**7) Theories of motivation**

a. Physiological theory of motivation.
b. Maslow's theory of self-actualization.
c. Murray's theory of motivation.
d. Theory of achievement motivation.
e. Psychoanalytic theory.
f. Theory of intrinsic motivation.
g. Learning based theory of motivation.

**8) Maslow's theory of motivation : Maslow's hierarchy of need theory**

Abraham H. Maslow is Americal psychologists. He propounded this theory in 1943. It is also called need based theory or need priority theory. उत्प्रेरणा आवश्यकताका आधारमा उत्पन्न हुन्छ ।आवश्यताहरू एकआपसमा श्रृङ्खलाको रूपमा रहेको हुन्छ । एउटा आवश्कता पूरा हुनसाथ अर्को आवश्यकता उत्पन्न हुन्छ र सम्पूर्ण आवश्यकताहरू कहिल्यै सकिदैन । जसका लागि मानिस सधैं उत्प्रेरित हुने गर्छ । त्यसैले मास्लोका अनुसार आवश्यकताले मानिसलाई उत्प्रेरित बनाउँछ । उनले मानिसका आवश्यताहरूलाई पिरामिड आकारमा ५ भागमा विभाजन गरेका छन् ।

1) Physiological needs (शारीरिक आवश्यकताहरू) : खाना, हावा, पानी,कपडा, वास, तिर्खा, निद्रा, आराम सम्बन्धी आवश्यकताहरू यस अन्तरगत पर्दछन् ।

2) Safety needs (सूरक्षात्मक आवश्यकता): शारीरिक, मानसिक, सामाजिक, आर्थिक सुरक्षात्मक आवश्यकताहरू, जस्तै सुरक्षित घर, स्थायी जागिर वा व्यापार व्यावसाय, आर्थिक तथा शारीरिक सङ्कट आदिबाट बच्न मानिस उत्प्रेरित हुन्छ ।

3) love belongingness needs (माया वा स्नेह र अपनत्वसम्बन्धी आवश्यकताहरू) : अन्य व्यक्तिको स्नेहको आवश्यकता पर्न थाल्छ । साथी, अभिभावक वा समुहको खाँचो पर्ने भएकोले यसलाई acceptance and social need पनि भनिन्छ । समाजमा संलग्न भई मित्रवत् व्यवहार गर्ने, अपनत्व बढाउने माया, प्रेम र स्नेहको आदानप्रदान गर्ने, सम्पर्क बढाउने जस्ता कार्यतर्फ उत्प्रेरित हुनथाल्छन् । This need help to affiliate with other, be accepted and belong in the society.

4) Esteem needs (स्वाभिमानको आवश्यकताहरू) : व्यक्ति जब समुहमा परस्पर राम्रो सम्बन्ध बनाउँछ तब उसले छुट्टै पहिचान बनाउन खोज्छ । यसका लागि उसले प्रतिस्पर्धा गर्नुपर्छ र उपलब्धि हासिल गर्नुपर्छ । आफूले प्राप्त गरेको सफलताप्रति गर्व गर्दै आत्मसम्मानको चाहना राख्छ । उक्त आवश्यकताले पनि व्यक्तिलाई उत्प्रेरित बनाउँछ ।

5) Self actualization need (आत्मसन्तुष्टिको आवश्यकता): आफ्नो क्षमताअनुसार बढीभन्दा बढी जे हुन सक्छ त्यो हुन चाहन्छ र कमाउन भन्दा पनि आत्म सन्तुष्टिका लागि काम गर्छ ।

## 9) Motives utilized in the classroom (कक्षाकोठामा प्रयोग गरिने प्रेरकहरू)

### 1. Need (आवश्यकता)

Needs are general wants or desires. Every human being has to strive for the satisfaction of his or her need. व्यक्तिमा देखिने कमी आवश्यकता हो । व्यक्तिसँग नभएको तर उसलाई चाहिएको वा खाँचो भएको कुराहरू वा पक्षहरूलाई नै आवश्यकता भन्न सकिन्छ । विद्यार्थीले सिक्नु पर्ने विषयवस्तुलाई आफ्नो लागि उपयोगी वा लाभदायी ठानेमा त्यसलाई प्राप्त गर्न उत्प्रेरित हुने भएकाले कक्षाकोठामा आवश्यकताले उत्प्रेरणा ल्याउँछ । Maslow ले आवश्यकतालाई ५ भागमा वर्गीकरण गरेका छन् ।

Prescott ले आवश्यकतालाई personal and social गरी २ भागमा वर्गीकरण गरेका छन् । Murray ले आवश्यकतालाई ३६ भागमा वर्गीकरण गरेका छन् ।

### 2) Goal orientation (उद्देश्यमूलकता वा लक्ष्यउन्मुखता)

लक्ष्य भनेको कुनै पनि विषयवस्तुको सिकाइपछि के प्राप्त गर्न सकिन्छ भनी किटान गरिएको प्रत्यासा हो । विद्यार्थीले गर्नु पर्ने हरेक कार्यको उद्देश्य र त्यसबाट प्राप्त हुनसक्ने उपलब्धिको जानकारी शिक्षकले दिन सकेमा विद्यार्थीहरू प्रेरित हुन्छन् । लक्ष्यअनुसार प्रेरणा जागरुक गराउनुलाई लक्ष्य उन्मुखता भनिन्छ । उद्देश्य प्राप्त गर्ने सम्पूर्ण योजना तयार पारी कार्य सम्पादनको खाका पहिले नै विद्यार्थीहरूलाई अवगत गराउनुपर्छ । यो कार्य सजिलोवाट गाह्रोतिर गरिनुपर्छ ।

### 3) Interest (रुचि वा चाख इच्छा )

विद्यार्थीको ध्यान निरन्तर अध्ययनप्रति आकर्षक गराउन र आफ्नो अध्ययन कार्य सधैं कटिबद्ध बनाउने महत्त्वपूर्ण प्रेरणा रुचि हो । व्यक्तिको रुचि उसको क्षमता र अनुभवमा आधारित हुन्छ र व्यक्ति पिच्छे रुचि फरक हुन्छ ।

Binghan का अनुसार व्यक्तिमा आफ्ना अनुभवहरूलाई ग्रहण गर्ने र त्यसलाई निरन्तरता दिने प्रवृत्तिलाई रुचि भनिन्छ ।

### Measure to increase interest (रुचि जगाउने उपायहरू)

- ❖ रोचक र सान्दर्भिक विषयवस्तुको चयन गर्ने ।
- ❖ विद्यार्थीलाई लक्ष्य र त्यसको महत्त्व प्रष्ट पार्ने ।
- ❖ जटिल विषयवस्तुलाई सरल रोचक वनाउन उपयुक्त सामग्री र शिक्षण विधि छनोट गर्ने ।
- ❖ विद्यार्थीको चाहना, आवश्यकता र स्वभावलाई ख्याल गरी सिकाइ कार्य गराउने ।
- ❖ कहिलेकाहीँ कथा, कविता, सुनाउने , नाच्ने, गाउने, ख्यालठट्टा गर्ने खेलकुद खेलाउने आदि गर्ने गराउने गर्नुपर्छ ।

### 4) Curiosity (उत्सुकता)

नयाँ एवम् नौलो विषयवस्तु जान्ने, सुन्ने, बुझ्ने इच्छा जगाउने मनको खुलदुली नै उत्सुकता हो । उत्सुकता मेटाउन विभिन्न कार्य गर्दै जादा विद्यार्थीमा सिकाइ हुन्छ । सानै बालबालिकाले समेत हरेक नयाँ वस्तु छुने, टोक्ने आदि कार्य गर्छ भने पूर्व वाल्यवस्थाका केटाकेटीले पनि थरी थरीका प्रश्न राखी जिज्ञासा मेटाउने काम गर्छन् ।

## 5) Competition (प्रतिस्पर्धा)

कक्षाकोठामा विद्यार्थीले अरूको काममा वाधा नपुऱ्याइ आफूलाई राम्रो बनाउन प्रयास गर्नु नै प्रतिस्पर्धा हो । स्वस्थ प्रतिस्पर्धाले विद्यार्थीलाई उत्सुक, जागरुक, मेहनती र लगनशील बनाउँछ । प्रतिस्पर्धा एउटा सामाजिक प्रेरक हो जहाँ अरूलाई उछिन्ने प्रयास गरिन्छ ।

Types of competition
Interpersonal competition among peers.
Competition between person and group
Competition among group

### 6) Knowledge of result : Feedback

विद्यार्थीको प्रतिक्रिया ठीक भए नभएको जानकारी दिनु नै नतिजाको ज्ञान हो । नतिजाको ज्ञान भएमा विद्यार्थीमा आफ्ना कमीकमजोरी सुधार्ने उत्प्रेरणा प्राप्त हुन्छ ।

## 7) Reward and punishment

विद्यार्थीले कुनै विषयवस्तु राम्रोसँग सिकेमा पुरस्कार दिइने छ भन्नाले पनि उनीहरू सिकाइमा सक्रिय सहभागी हन्छन् । खराब कार्य गर्नेलाई दण्ड दिनाले पनि उक्त व्यवहार त्याग्दै जान्छन् ।

Reward create interest in the student. They are motivated to get the reward. Teacher may use reward of different types as material, symbolic and psychological.

## 8) Praise and blame

It is human nature that everyone wants some praise for his achievement. Praise can be used in many ways like: smile, nodding the head, good, better, thank you etc. Blame should be sparingly used because it creates personality maladjustment.

## 9) Teaching skill.

- पाठको परिचय दिने र अन्त्य गर्ने सिप
- प्रश्न सोध्ने सिप
- बोर्डको प्रयोग गर्ने सिप
- सामग्री छनोट र प्रयोग गर्ने सिप
- विषयवस्तुको प्रस्तुति, व्याख्या र पुनरावृत्ति गर्ने सिप
- समूह छलफल गर्ने सिप आदि

**10) Role of the teacher in motivating students in the classroom**.

According to Jhon P. Dececco roles of teachers are

(i) The arousal function (जागृतकार्य)

चनाखो, ऊर्जात्मक बनाउने, सुषुप्तपन र दिक्दारीपन हटाउन,

(ii) The expectancy function (अपेक्षाकृत कार्य)

उद्देश्य पूरा गर्ने कार्यमा सहयोग गर्ने,

(iii) Incentive function (पोत्साहन कार्य)

प्रशंसा गर्ने, निरन्तर पृष्ठपोषण प्रदान गर्ने, प्रतिस्पर्धा र सहयोगको भावना विकास गर्ने,

(iv) Punishment and disciplinary function

गलत क्रियाकलाप गर्नेलाई दण्डले रोकेर विद्यार्थीलाई अनुशासित बनाउने ।

According to Gourevitch and Feffer role of teacher to motivate the students are

(i) Use of concrete reinforcement,
(ii) Use of tangible and intangible reward,
(iii) Use of abstract and external reinforcement,
(iv) Use of self-actualization.

**Role of the teacher in motivating students in the classroom.**

1. Attractive physical and environmental condition (Temperature, light, noise, furniture, sanitation management)
2. Stimulus variation by the teacher ( Teacher movement, gestures, change in speech pattern, changes in sensory focus, changes in postures)
3. Reinforcement ( positive verbal, positive non-verbal, negative verbal, negative non-verbal)
4. Reward and punishment
5. Goal attainment
6. competition and co-operation
7. Knowledge of result.
8. Recognize the individual differences of children


# शुभकामना

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४५, छठ, उँधौली र ल्होसारको उपलक्ष्यमा हाम्रा सेवाग्राही तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**साथै**

**जग्गा खरिद गर्दा निम्न विषयहरूमा सजग रहनुहुन सम्पूर्ण सेवाग्राहीहरूमा अनुरोध छ ।**

१. नक्सा, फिल्ड बुक र क्षेत्रफल अनुसारको जग्गा फिल्डमा छ छैन ? एकिन हुने ।
२. मोठ श्रेष्ता कायम छ छैन ? जग्गा रोक्का छ छैन ? जग्गा कुन व्यहोराले जग्गाधनीको स्वामित्वमा आएको हो ? सरकारी, सार्वजनिक र अन्य व्यक्तिको जग्गा घुसेको छ छैन ? एकिन गर्ने र अधिकृत वारेसनामाबाट लिखत पारित गर्ने भएमा सो को आधिकारिकता एकिन गर्ने ।
३. अंशियार वा हकवाला छन् छैन । भए साक्षी राख्ने ।
४. घर टहरा समेतको स्वामित्व हस्तान्तरण हुने भएमा लिखतमा सो को व्यहोरा समेत राख्ने ।
५. प्लटिङको जग्गा भएमा स्वीकृति लिए नलिएको र तोकिएको मापदण्ड भए नभएको एकिन गर्ने ।
६. लिखतमा कारोबारको वास्तविक मूल्य राख्ने ।
७. लिखतमा लेखिएको सबै व्यहोरा राम्ररी अध्ययन गरी कार्यालयको रोहवरमा मात्र हस्ताक्षर गर्ने ।
८. रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क, पूँजीगत लाभकर सम्बन्धित बैंक वा कर्मचारीलाई बुझाई सो को रसिद अनिवार्य रूपमा बुझ्ने र सुरक्षित रूपमा राख्ने ।
९. आर्थिक कारोबार बैंक मार्फत गर्ने ।
१० लिखत लेख्दा र पारित भई पूर्जा प्राप्त हुँदा आफ्नो व्यक्तिगत विवरण र पास भई आएको घर जग्गाको विवरण ठिक छ छैन रुजु गर्ने । **धन्यवाद !**

**जगत बहादुर श्रेष्ठ**
**कार्यालय प्रमुख**
**तथा मालपोत कार्यालय परिवार, खोटाङ, दिक्तेल**
**सम्पर्क नं.:**

9. novelty/ use innovative technology
10. Apply all teaching skill.

**References**

Chauhan S.S., (1994). Advanced education psychology. New Delhi: Vikash Publication House Pvt. Ltd.

Poudel, L., Khanal P., and Adhikari N.P. (2070). Educational psychology. Kathmandu : Sanlite publication.

Rana, S.P.J.B. (2073). Educational Psychology (2nd ed.). Kathmandu: Vidyarthi Prakashan Pvt. Ltd.

Sapkota T., and Adhikari S., (2066). Educational psychology(4th ed.).Kathmandu: Neema Pustak prakasan.

Sharma C. and Sharma N. (2065). Shiksha Manobigyan. Kathmandu: M.K. Publishers and Distributers.

Shrestha C.B., Tamang R., and Basnyat S., (2073). Shiksha Manobigyan. Kathmandu: Bhundi Puran Prakashan.

**कविता**

# कठै ! मेरो देशलाई

**रस्मिता आचार्य**
**बि. ए. प्रथम वर्ष**

दलाल नेताहरूको बिचमा
सन्धि लुकाइन्छ यहाँ
तेह्र वर्षीय बालिकालाई
भुँडी बोकाइन्छ यहाँ
कठै ! मेरो देशलाई सतीको सराप पो लागेछ ।

मध्य दिनको घाममा भ्याप्प
कालापानीको बाघको आहारा जस्तो
राणातन्त्र, राजतन्त्र, प्रजातन्त्र र गणतन्त्र
मोटो गोजीका साथ रात्री भोज जस्तो
कठै ! मेरो देशलाई सहिदको आँसु पो लागेछ ।

सातो गयो कि जब
नेपाली सुतेको उठ्दा भारतीय भएँछु
पक्ष लिइनथे तिनको कु-काण्डको जब
तिनको बलात्कारको भरिया बलात्कारी भएँछु
कठै ! मेरो देशलाई सिकारीको ढुङ्गो पो लागेछ ।

तन्त्रै तन्त्रको देशमा विकास गरिन्छ कत्रो
अड्कोपड्को फुपूको सरादमा तेलको धुप जस्तो
नभए हुन्थ्यो सिंह राजा घरघरको विकासमा
आज जनताको करले नेतृत्वलाई पाल्नु परेछ
कठै ! मेरो देशलाई यो व्यवस्था घाँडो भएछ ।

कथा

# गरिबको रगत




सहायक प्राध्यापक

वैशाखको दिन थियो । आकाशमा बादल मडारिरहेको थियो । चारैतिर बिजुली चम्किरहेको थियो । वेला वेलामा गड्याङ् गुडुङ्को आवाज आइरहेको थियो । असिना पर्ला जस्तो देखिन्थो । वरपर गाउँका मानिसहरू अत्तालिरहेका देखिन्थे । कोही आफ्नो घर गोठ वरपरका सामानहरू थन्क्याउदै थिए भने कोही अब उल्का हुने भयो भनेर खिन्न मुद्रामा टोलाइरहेका थिए । यतिकैमा गाउँनै थर्काउने गरी चट्याङ चट्किकयो । गाउँलेहरू अत्तालिन पुगे । कसैलाई केही हुने हो कि ? भनेर उनीहरू बहुत चिन्तित देखिन्थे । त्यतिकैमा कतै नभाको आँधीबेहरी आयो । आकाशबाट असिना बरर बर्सन थाले । गाउँले किसानहरू घरको झ्याल, ढोका आदिबाट राम ! राम ! भन्दै चिच्याइ- चिच्याइ कराएरहेका थिए । लगातार पाँच घण्टा जति आधा केजी ओजन जतिका असिनाहरू बर्सी नै रहे ।

लेकको ठाउँ बारीमा मकै र आलुले भरिभराउ थियो, तर असिनाले सखाप पारेपछि गाउँमा हाहाकार मच्चियो । यस वर्षलाई त लगभग पोहोर सालको अन्न थियो । आउदो वर्ष कसरी ज्यान बचाउँने भनेर उनीहरूलाई बहुत चिन्ता पर्यो । पाक्न लागेको गहुँ सबै असिनाले लगेपछि उनीहरूले बिउ समेत पाएनन् । गाउँका प्रधानपञ्चको अनुरोधमा जिल्ला पञ्चायतमा सबै गाउँलेहरूलाई निवेदन हाल्न लगाइयो र निवेदन अनुसार गाउँले जनताहरूलाई राहत स्वरूप जिल्ला पञ्चायतका सभापति मार्फत गहुँको बिउ बाँडिने भयो । त्यस गाउँभरिमा बिउको लागि २२ क्विन्टल गहुँ निकासा भएकोमा जिल्ला पञ्चायत सभापतिले जनताहरूलाई सबै आफै राखी जनताको आँखामा छारो हाल्न ३ क्विन्टल गहुँ बाँडी उसले झ्याप पारे । त्यो कुरा थाहा पाएपछि विवेकले सबै गाउँलेहरूलाई भेला गराई भन्यो– “सुन्नुहोस् गाउँलेहरू हो, हाम्रो गाउँमा २२ क्विन्टल गहुँ निकासा भएकोमा ३ क्विन्टल मात्रै बाँडेर बाँकी सबै उसले भ्रष्टाचार गरेको छ । उसलाई श्री ५ को सरकारले तलब दिएको छ । न हामीलाई तलब छ उल्टै प्राकृतिक प्रकोपका लागि हाम्रो सबै बाली नष्ट भएको छ । सारा हामीमा अनिकालको हाहाकार मच्चिरहेको छ । यस्तो बेलामा दैवीप्रकोप राहत कोषबाट अझै बढी निकासा गरेर जनतालाई वितरण गर्नु पर्नेमा उल्टै जनताको लागि आएको राहत साम्रग्री सोह्रैआना ठगेर खाने यस्ता भ्रष्ट पञ्चेहरूका विरुद्ध हामीले जनआन्दोलन गर्नु पर्छ ।” विवेकको यो कुरा सुनेपछि कोही गाउँलेहरू बोलेनन् । धेरै जसो पञ्चायती व्यवस्थाका समर्थक थिए भने कोही विरोधी थिए तर उनीहरू खुलेआम त्यसरी बाहिर निस्केर विरोध गर्न सक्दैनथे । तर कोही जनताले साथ नदिए पनि क्रान्तीकारी विचारधारा भएको विवेकले पञ्चायती व्यवस्था र त्यसको शासक पञ्चेहरूको खुलेआम विरोध गर्यो । ऊ जताततै भन्थ्यो, “दैवीप्रकोपले गरिब किसानहरूको गहुँ नष्ट हुने, उता पञ्चे चोरहरूको भुँडी त्यसैबाट भरिने ।”

उसले जताततै पञ्चायती व्यवस्था र मुख्यतया जि. प. सभापतिमाथि कटुआलोचना गर्न थालेपछि पञ्चायत समर्थक वा सभापति पक्षधरहरूले जिल्लामा सभापति समक्ष यसको रिपोर्ट पुर्‍याए ।

यसरी आफूमाथि जनताको तर्फबाट विरोधको आवाज आएपछि जि. प. सभापतिले यो पक्कै विवेकको काम हो भन्ने ठम्याएर उसमाथि प्रतिशोध लिने विचार गरे । तत्कालै सभापतिले आफ्ना ओहदाको दुरूपयोग गरेर सि.डि.ओ. मार्फत प्रहरी मगाएर विवेकलाई पक्रन पठाइयो । तर विवेकलाई भने यो कुरा थाहा थिएन । अचानक उसले घरमा प्रहरी आएपछि उसलाई शङ्का लाग्यो । प्रहरीहरू विवेकलाई पक्रन आएका रहेछन् र उनीहरूले विवेकलाई पक्रे । उसले प्रहरीसँग प्रतिकार गर्यो । " मैले के गल्ती गरेको छु र मलाई पक्रन्छौ । मैले कसैको केही बिगारेको छैन । मलाई पक्रनु पर्ने कारण के हो र ?" भनेर सोध्दा उल्टै हामीलाई हप्काउने भनेर प्रहरीहरूले ठट्टाउन थाले । उसको श्रीमतीलाई "कुखुराको भाले काट नत्रभने तँलाई पनि सिध्याउछौं ।" भन्दै धम्की दिन थाले । विवेककी श्रीमतीले भनिन्,– "तिमीहरूलाई श्री ५ को सरकारले तलब दिएकै छ । के गरिब सोझा जनतालाई हप्काउदै रगत र पसिना चुसेर खान्छौ । अहँ ! हामी सँग भाले छैन र भएपनि काट्दैनौं ।" भनेर तिनले पनि प्रहरीलाई ठाडो जवाफ दिएकोमा प्रहरीहरूले तिनलाई पनि कुटपिट गर्न थाले र दुवैलाई पक्रेर जिल्ला प्रहरी कार्यालयमा लगियो । उनीहरू आफूलाई के विषयमा पक्रिएको हो भन्ने कुरा नै थाहा थिएन । जिल्ला प्रहरी कार्यालयमा गए पछि प्रहरीले दुवै जनालाई मरानासन्न अवस्था भइन्जेल कुटे । बोल्न सकी नसकी विवेकले भन्यो, " हामीलाई यहाँ के विषयमा ल्याइएको हो त्यो पनि थाहा छैन । प्रहरीको कर्तव्य भनेको देश र जनताको शान्ति सुरक्षा गर्नु होइन, कि सिधा साधा जनतालाई पक्रिदै ल्याएर कुट्नु हो ?" विवेकको कुरा सुनेपछि पुलिसहरूलाई झन रिस उठ्यो र उनीहरूलाई लगातार कोर्रा लगाउन थाले । जि. प. का सभापति आएर भने– " के भन्छ यो पञ्चायल विरोधी कम्युनिष्ट भनाउँदो ।" वरिष्ठ प्रहरी अधिकृतले भन्यो– "के भन्नु सर उसलाई जति कोर्रा लगाए पनि कहिल्यै गल्दैन ।" सिधै सभापतिले गएर भने– "तँ मेरो र यो व्यवस्थाको विरोधी हैनस् ?" बल्ल विवेकले थाहा पायो । आफूलाई के विषयमा पक्रिएर ल्याइएको रहेछ अनि उसले सकी नसकी बोल्यो– "गाउँको सबै गहुँ असिनाले बिगार्दा तिमीहरूको भुँडी भरिन्छ र आफूले जनताको विषयमा बोल्दा ठानामा आएर कुटाइ पाइन्छ भने जे गर्नुपर्छ गर्नू मलाई तिमीहरू जस्तो भ्रष्टाचारी चोरको अनुहार नै हेर्न मन छैन । दुनियाँ गरिबको रगत र पसिना सोसेर पेट भर्न पल्केका आतमारा डाका हो । यही हो जनताले दिएको मतको कदर ? भोलि फर्केर फेरि जनता सामु के मुखले भोट माग्न जान्छौ ? कुखुराको भाले नकाटेको विषयमा श्रीमतीलाई समेत ल्याएर कुट्ने ? जे गर्नु पर्छ म त्यही सहन तयार छु । तर गरिब जनताको सामु यथार्थ कुराहरू लुकाउन तयार छैन ।" यसरी उसको स्वर सभापतिकै सामुन्ने नै चर्के पछि सभापतिले प्रहरीलाई भने - "यसलाई देशद्रोहको अभियोगमा जेल लैजाओ र श्रीमतीलाई तारेखमा छाडिदेओ ।" विवेकले भन्यो - "न्यायको पक्षमा बोल्दा जेल परिन्छ भने श्रीमतीलाई पनि छाड्नु पर्दैन । हामी दुवैजना जेल जान्छौं । मोज गर कति दिनसम्म गरिबको रगत पिउन सक्छौ ? एक दिन पक्कै तिमीहरूले जनतालाई जति दवाव दिन्छौ, त्यति नै तिमीहरूप्रति जनताको आक्रोश बढ्दै जानेछ ।" जि. प. सभापतिले सोच्यो र मनमनै भन्यो सत्ता हातमा आएको बेला पनि मोज गरिएन भने फेरि आउने होइन । त्यसैले पाएको बेलामा घुस पनि खादै गर्नुपर्छ र आफ्नो विपक्षमा बोल्नेहरूलाई तह लगाउँदै गर्नुपर्छ ।

विवेकलाई मात्रै जेल चलान गरियो । उसकी श्रीमतीलाई घर पठाइयो । विवेक आफूलाई जेलमा परेकोमा कति दुःख पनि मानेको थिएन । ऊ आफूले मनमनै सोच्यो - आखिरीमा यत्रा कारगारहरू बनाइएको छ । यदि हामीले विद्रोह नगर्ने हो भने यत्रो सरकारको लगानीको के अर्थ होला ? उसले आफ्नो गाउँघरतिर पनि मन घुमायो । यसपालि सबै खेती असिलाले नष्ट गरेकोले मेरी डल्लीले ती दुई नाबालकहरूलाई कसरी पाल्छे होला ? साथै गाउँघरका इष्टमित्रहरू यस वर्षको अनिकाललाई

कसरी धान्छन् होला ? जनताको नाममा आएको राहत साम्रगी गरिबको रगत र पसिना ठुलावडाले खाँदा उनीहरू चुप लागेर बस्छन् । आखिरीमा कति दिनसम्म सहेर बस्छन् उनीहरू ? जब सम्बन्धित विषयमा आफूहरू दबाबमा परेको उनीहरूलाई चेतना हुदैन, त्यति बेलासम्म उनीहरू सबै अन्याय र अत्याचार सहिरहन्छन् होला । झनझन उनीहरू गरिब हुदैं जान्छन् । त्यति नै विद्रोहको ज्वाला बिष्फोट हुँदै जान्छ । उसलाई घरिघरि त्यो जेलको पर्खाल तोडेर सबै यो देशका नेताहरूलाई एउटै खाल्डो खनेर पुर्न मन लाग्छ । तर के गर्ने सोचे जस्तो नहुने ।

केही दिनसम्म विवेकलाई त्यो जेल नौलो लाग्यो । ऊ एक्लै एउटा कुनामा एकोहोरो आफ्नो देशमा भएको सामाजिक असमनता र त्यसबाट उब्जिएका विकृतिहरूको अन्त्य कहिले हुन्छ होला ? भनेर घोरिइरहन्थ्यो । ऊ त्यहाँ जेल पर्दा जम्मा पाँच जना कैदीहरू मात्र थिए । ती पाँच जना मध्ये एउटाले आफ्नो श्रीमती मारेको काण्डमा जेल परेको थियो । विवेकको उसँग परिचय भयो र उसले मनमनै सोच्यो - यो कस्तो पापी रहेछ । उसलाई श्रीमती पनि चाहिने र श्रीमती हुँदा पनि एउटा अबोध नारीको हत्या गर्ने । यसले त्यसको प्रतिफल भोग्नै पर्छ । दोस्रो कैदीसँग उसको परिचय भयो । त्यो व्यक्ति चोरीको कारण जेल परेको थियो । उसको घटना सुनेपछि विवेकले मनमनै भन्यो– ठीक पर्‍यो यसलाई आफू भने पटक्कै परिश्रम नगर्ने तर अर्काको परिश्रम भने लुटेर खाने यस्ता पापीले पनि सजाय भोग्नैपर्छ । तेस्रो कैदी मगज बिग्रेर जेलमा राखिएको थियो भने बाँकी एकजना कैदी भने विवेक जस्तै राजनीनिक कारणमा देशद्रोहको अभियोग लगाइ कैद गरिएको थियो । उनीहरूसँग विवेकको निकटतम् सम्बन्ध भयो । उनीहरू एकआपसमा देशको वर्तमान स्थितिका बारे पुनः मूल्याङ्कन गर्न थाले । उता पञ्चायतका भ्रष्ट पञ्चहरू भने झनझन ठूलो अत्याचार गर्न थाले । यसले गर्दा देशका गरिब जनताहरूका बिचमा सरकार विरुद्ध विद्रोहको भावना उत्पन्न हुन थाल्यो र उनीहरूले आन्दोलन गर्न थालेकोले दिनदिनै जेलमा नयाँ नयाँ राजनीतिक व्यक्तिहरूको उपस्थितिले विवेकलाई सहानुभुति मिल्न थाल्यो भने उनीहरू जेल भित्रबाटै सरकार विरुद्ध कडा आन्दोन गर्न थाले । त्यति बेलासम्म जेलमा कैदीहरूको सङ्ख्या अत्याधिक भइरहेको थियो । सबै जेलमा कैदीहरू अट्न छोडिसकेका थिए । सबै कैदीहरू मिलेर जेल फोडी बाहिर निस्केर सडकमा चर्को आन्दोलन गरेपछि पञ्चायत व्यवस्था टिक्न सकेन र बहुदलीय व्यवस्थाको घोषणा भयो । बहुदलको घोषणा भएपछि विवेकले सोचेको थियो, अब गरिब जनताका रगत पसिनाको मूल्य हुन्छ तर त्यो भएन भ्रष्ट नेताहरू सत्तामा पुग्न थाले र गरिबमाथि पुनः अन्याय र अत्याचार झन पहिलेको भन्दा क्रुर भएर गर्न थाले ।

त्यो देखेर विवेक चिन्तित भयो र यस व्यवस्थामा भएका कमीकमजोरीहरूको आलोचना गर्न थाल्यो । ऊ सडकमा आन्दोलन गर्न फेरि निस्कियो । यस पटक पनि पहिलेको जि. प.का सभापति उसको क्षेत्रमा माननीय सांसद भएको थियो । फेरि उसको विरुद्धमा विवेकले कडा आलोचना गरेको थाहा पाएर दोस्रो चोटि पनि उसलाई जेल पठाइयो । अहिले जेलमा बसेर ऊ एक्लै टोलाइन्छ । एक दिन माननीय सांसदले विवेकलाई भन्यो– “त पहिले पञ्चायत व्यवस्थाको बिरोध गरेर बहुदलीय व्यवस्था चाहन्थिस् । बहुदल आयो तर बहुदलमा तँलाई के पुगेन र फेरि विरोध गर्न थालिस् । अब तँ कुन व्यवस्था चाहन्छस् ?” विवेकले गम्भीर र चर्को स्वरमा भन्यो– “जहाँ जनताको रगतले पोतिएको व्यवस्था छ र जुन व्यवस्थाले सामन्ती शोषणको अन्त्य गरी स्वच्छ समाजको निर्माण गर्दछ, जुन व्यवस्थामा गरिबको मूल्य हुन्छ, हो त्यो व्यवस्था नै मैले चाहेको व्यवस्था हो । त्यो व्यवस्था हो, साम्यवाद । अब म त्यही साम्यवाद चाहन्छु र तिमीहरूजस्ता मण्डले नेताहरूको अन्त्य गरी इमान्दार र व्यवहारिक नेताको खोजी गर्नेछु । देश र गरिब जनताको मूक्तिको खोजी जब पूरा हुने छ, त्यति बेला तिम्रो हालत कस्तो हुने हो ? सोचिरहनू ।” भन्दै ऊ जेलभित्र पस्यो ।

# आदर्श बस्तीको रामकहानी



विष्णु आभूषण

त्यो दिन बिहानै मोबाइलमा घण्टी बज्छ । रिसिभ गर्नसाथ भाइ पार्जुनको अनुरोध सुन्छु । "दाइ यो वर्षको नयाँ कदम प्रकाशनको जिम्मेवारी मलाई दिइएको छ । हजुरको एउटा रचना चाहियो ।"

बिना विलम्ब मैले "हुन्छ भाइ" भनिहालेँ ।

केही दिनको अन्तरालमा आफ्नो वचन सम्झिएँ । के लेख्ने हो ? मनमा द्विविधा पलायो । लेख, कथा, कविता, संस्मरण के लेख्ने ? लेख्नलाई त्यही अनुसारको मुड पनि त चाहियो । अरू कसरी कस्तो अवस्थामा लेख्छन् ? मैले चाल पाएको छैन तर अलि गतिलो सिर्जनाका लागि मलाई भने परिवेश र मुडले थोरै प्रभावित बनाउँछ !

केही क्षण घोरिएँ । आफ्नो वर्तमान र विगतका क्षणहरू वर्षादको सिजनमा लेकाली बस्तीहरू चहार्दै कुदिहिँड्ने भुइँ कुहिरो जसरी सलबलाएर मनको लेकबेँसी चहार्न थाल्यो । एकपछि अर्को विगतका संस्मरणहरू झुत्ती खेल्दै मनको तरेलीमा भँगालिन थाले ।

यतिखेर म दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-५ लफ्याङ सिरानको गाउँमा छु । सम्झन्छु, कुनै अर्को ठाउँ/गाउँको मान्छे कसरी यो नौलो बस्तीमा आइपुगेँ हँ ? यहाँको परिवेश, यहाँको समाज र समुदायमा समय चक्र गुजारेको पनि त ठ्याक्कै एक दशक बढी भएछ नि । ती बितेका एक दशकको समयावधीलाई सम्झिँदा यस्तो लाग्छ– मानौँ बोझिलो निद्राले छोपिरहेको समयमा निमेषभर आँखा झिमिक्क बनाउँदा त्यही क्षण देखिने एउटा मिठो सपनाको अंश हो– यी एक दशकका क्षणहरू ।

फेरि सम्झिन्छु- तर कसरी एक गाउँको बासिन्दा अर्को नौलो वस्तिमा आइपुगेँ ?

धकेलिएर अलि अगाडिकै विगतको सुदूर संसारमा विचरण गर्न पुग्छु म । देशमा एकदशक लामो जनविद्रोह शान्तिपूर्ण राजनैतिक धरातलमा अवतरित भैसकेको थियो । शान्तिपूर्ण जनान्दोलन र सशस्त्र विद्रोहको जगमा मूलुकबाट अढाई दशक लामो राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्र स्थापित भैसकेको थियो । विक्रम संवत् २०६४ सालमा पहिलोपटक संविधान सभाको निर्वाचन भएर करिव ५/६ वर्ष व्यतित भैसकेको थियो । तर संविधान सभाले संविधान निर्माण गर्न बिलम्व गरिरहेको अवस्थामा जनतामा नजानिँदो असन्तुष्टि फैलिन थालेको आभाष हुन्थ्यो । ४ वर्षभित्र संविधान बनिसक्नु पर्थ्यो तर, समयावधी थपिँदा पनि सम्भब भैरहेको थिएन ।

यता, जिल्लामा राजनैतिक दलका साथीहरूबिच जिल्लाको विकास निर्माणको समग्र ठेक्का हामीले नै लिनुपरे झैँ रातोदिन सर्वदलीय/ सर्वपक्षीय छलफल, वार्ता र गाउँ भ्रमणमा खटिरहेका थियौँ । यसले हामी अन्तरपार्टीबिच पनि सद्भाव, सहिष्णुता र पारस्पारिक सम्बन्धमा अन्तरघुलन बढिरहेको थियो । जिल्लाका सबै दलका नेता कार्यकर्ताहरू प्रायः सदरमुकाममा लामै समयदेखि डेरा लिएर बसिरहेका थियौँ । अधिकांशको सदरमुकाममा घर थिएन । यदाकदा समय अनुकूल बनाएर

घरपरिवारसँग भेटघाटका लागि दिनभरिको पैदल यात्रा तय गरेर आफ्नो गाउँ जानु हाम्रो जीवनचर्या थियो । जनप्रतिनिधि नभएको त्यो कालखण्डमा यद्यपि जिल्लाको विकास निर्माणका जस/अपयसका भागिदार दलका नेतृत्वले नै हुनुपर्थ्यो । तुलनात्मक रूपमा जस भन्दा पनि अपजसको भागिदार बढी हुनुपर्थ्यो ।

आफ्नै जिल्लामा पनि एक किसिमको पर्देशी जीवन जस्तो राजनैतिककर्मीहरूको लामो जीवनचर्याबाट एक खालको अनुभव बटुलिसकेका साथीहरूबिच कुरैकुरामा एकीकृत बस्तीको प्रसङ्ग उठ्यो । त्यो बेला जिल्लामा ग्रामीण पहुँच कार्यक्रम सञ्चालन भैरहेको थियो । दूरदराजका गाउँसम्म कुटोकोदालो चलाएर कृषि सडक सन्जालको पहुँच

पुराउने । उक्त परियोजना अन्तर्गत साना सिञ्चाई र कृषि गतिविधि सञ्चालन गरी कृषि उपजलाई त्यही सडकबाट बजारसम्म पुऱ्याउने लक्ष थियो । त्यही सिलसिलामा सबै दलका नेताहरू र ग्रामीण पहुँच कार्यक्रमका अभियान्ताहरू बिच बारम्बार भेटघाट, छलफल भैरहन्थ्यो । जिल्लालाई कृषि क्षेत्रबाट समृद्ध बनाउने, वस्ति-तहसम्म कृषि सडक सन्जाल पुऱ्उने सुमधुर सपनाहरू हाम्रा आँखाका कोष कोषमा ईन्द्रेणी रङ्गहरू झैँ झुलि रहन्थे ।

त्यति मिठो सपनाका हकदार हामी राजनैतिक दलका अधिकाँश नेतृत्वहरू जब बास बस्न अस्थायी डेरामा आउथ्यौं । त्यो बेला भने तिनै सपनाहरू हामीलाई कुनै अप्रीय ऐठन बनेर रातभरि तर्साउँथे !

हो, यही परिवेशमा एकदिन चिया गफ चलिरहँदा दलका नेताहरूबिच प्रसङ्ग उठ्यो । हामी २०४६ सालपछि लगातार जिल्लामै बसेर खटिरहेछौं । पार्टी काम र जनताको सहजीकरणका कामहरू गर्न सदरमुकाम नबसी उपाय छैन । तर "महिनै पिच्छे कति डेरा सरिरहने हो ? बरु सदरमुकाम नजिकै कुनै एक ठाउँमा हामी सबै मिलेर सामुहिक बस्ती निर्माण गरौं ।' कोही एकजनाबाट अकस्मात यो धारणा प्रस्तुत भयो ।

अर्को भुक्तभोगीले थप्नुभयो-"हो, हो..! यो अत्यन्त राम्रो प्रस्ताव आयो । सबैलेएक/एक वटा घडेरी तथा आवश्यक करेसाबारीको व्यवस्था गरौं । अनि सबैले स-सानो कटेज एकै डिजाईनको बनाऔं ! यो त राष्ट्रकै लागि नमूना बस्ती बन्नेछ ।"

मैले पनि आफ्नो दृष्टिकोण पस्कैं, "अहा...! लौ यो अभियानमा जुटौं न त । सबैले सदरमुकाम छेउछाउ कतै उपर्युक्त जग्गाको खोजी गरौं । जग्गाधनीलाई व्यवहारिक मूल्यमा सहमति गराऔं । अनि सबै मिलेर त्यहाँसम्म जाने बाटो बनाऔं, खानेपानीको व्यवस्था गरौं । त्यहाँ सामूहिक बस्ती निर्माण भएपछि साझा पुस्तकालय, साझा सहकारी, खेलमैदन, फलफूल सहितको साझा बगैंचा निर्माण गरेर एउटा आदर्श बस्तीको निर्माण गरौं । अनि पो समाजको लिडर हौं भन्न पनि आनन्द आउँछ ।'

हामी सबैलाई यो परिकल्पनाले थप नयाँ आविष्कारको खोजीमा हिँडेजस्तो उत्साहित गरायो । अब हामी सदरमुकाम छेउछाउ नयाँ नमूना बस्तिको सपना देख्दै उपर्युक्त भू-भागको खोजीमा भौतारिन थाल्यौं । कहिले दिक्तेल सोल्मा, तालखर्कका एकान्त भू-भाग, कहिले खाल्लेको नाहिमा छेउछाउ, कहिले मुढेको फाँटिलो चौरहरू हाम्रा अनुगमन र अवलोकनका क्षेत्रहरू बनिन्थे । कहीँ जमिन महँगो, कहीँ

जग्गाधनीको अनिच्छा, कही हाम्रै मन नखुल्ने । ६ महिना उपर्युक्त जग्गाको खोजीमै व्यतित् भयो । बल्ल तल्ल २०६८ सालको उत्तरार्द्धतिर स्थानीय युवा समाजसेवी दिनेश घिमिरेज्यूको साथ र सहयोगमा हामी लफ्याङ सिरानको एउटा फाँटिलो भूभागको अवलोकनमा पुग्यौं । स्थानीय काका वीरधन राईको करिव २०/२२ रोपनी जग्गामा हामी सबैको मन अड्यो । दिक्तेल बजार हाटडाँडाबाट हिँडेपछि लफ्याङ मेघेचौतारो नपुग्दै देवीस्थान जाने सडक पछ्याएपछि टेकेटार पुगिन्छ । त्यो सम्मटारबाट करिव १० मिनेट तेर्सो हिँडेपछि हामीले रुचाइएको भूभागमा पुगिन्छ । आवासको बाध्यताले थिलथिलो बनिरहेको थिएँ म । तत्काल मैले आफूले सोचेअनुसार सानो कटेज निर्माण गरिहालें । सहकर्मी साथीहरू मेरो त्यो अप्रत्यासित कदमबाट अलिलि विस्मितझैँ बन्न पुगे । अझ आषाढको मध्य वर्षाद बिच डेरामा भएका सबै आफ्ना सामानहरू सहित नव निर्मित कटेजमा जब म स्थानान्तरित भएँ । त्यो बेला त झन मेरा सबै साथीहरू आश्चर्यले नतमस्तक बन्न पुगे । मैले आफू स्थानान्तरित भएको हरियाली जङ्गल बिचको एकान्त नयाँ बस्तिलाई न्वारन गरिदिएँ, आदर्श बस्ति । यस कामका लागि सुरुदेखि नै भाइ दिनेशको अगणित सहयोग रहदै आयो ।

हो, त्यही समयदेखि म यो आदर्श बस्तिको बासिन्दा बनेको छु । समय थप अगाडि बढ्यो । पहिलोपटक गठन भएको संविधान सभा आफ्नो जिम्मेवारी पूरा नगर्दै विघटन भयो । पुनः दोस्रो पटक संविधान सभाको निर्वाचन भयो । दोस्रो पटक गठित संविधान सभाले दुई वर्षको अन्तरालमा नेपालको संविधान जारी गर्‍यो । समयको पदचापलाई पछ्याउँदै नयाँ बस्तिमा नवीन अनुभूति बटुल्दै मेरा दिनचर्या व्यतीत हुन थाल्यो । अब मूलुक पूर्ण लोकतान्त्रिक गणतन्त्रको मार्गमा अगाडि बढ्न थाल्यो । संविधान कार्यान्वयनकै क्रममा तीन तहका सरकारहरू निर्वाचित भए । अब जिल्लाको पुनःसंरचना बमोजिम पालिकाहरूको गठन भयो । पालिका भित्रका नागरिकहरूले विकास निर्माण लगायतका तमाम कामहरूमा जिल्ला सदरमुकाम धाइरहनु नपर्ने भयो । नागरिकता, मालपोत र अड्डा अदालतका कामहरू बाहेक सबै कामहरू आफ्नै पालिकाबाट सम्पादन हुन थालेपछि सङ्घीयताको चस्काले सबैलाई छोयो । तर यस बिच सदरमुकाम छेउ परिकल्पना गरिएको एकीकृत नमूना बस्तीले भने मेरो कटेजलाई स्वागत गरेपछि थप नयाँ पाहुनालाई स्वागत गर्ने अवसरबाट आजको मितिसम्म बञ्चित नै रहन पुगेको छ । शायद सङ्घीयताको कार्यान्वयनले हाम्रो एकीकृत वस्तिको मिठो सपनालाई भने फक्रन दिएन कि ! प्रकृतिको नियम नै हो । सूर्यले एकातिर न्यानो घाम दिइरहदा विपरित ध्रुवका मानिसहरू भने अन्धकारमा निदाइरहेका हुन्छन् नि ।

मैले सदैव आदर्श बस्तिलाई आफू जन्मेको प्यारो गाउँ छोरम्बु याङ्सोलासँग भावनात्मक संवेगले जोड्ने गरेको छु । याङ्सोलाको माटोको गन्धलाई आदर्श बस्तीको बारी कान्लाहरूमा सुँघ्ने गरेको छु । सदैव यी प्रकृतिको दुई सुन्दर भ-ूभागहरूलाई सन्तुलित माया र सम्मान दिँदै आफ्नो पौरख र पसिना सिञ्चित गर्दै आएको छु । याब्सोलामा पुर्ख्यौली पालावेलाका सुन्तला, नासपाती र आरुबखडाका बोटविरुवाहरू सलवलाउँछन् । आदर्श बस्तीमा मैले नै रोपेर हुर्काएका एवोकार्डो, मेकाडामिया र दन्तेओखरका बोटहरू हावामा सुसेली हाल्छन् ।

याङ्सोलामा खानी धाराबाट बगेर आउने कलकल पानीले मेटाएको प्यास/तृष्णाहरूले आदश र्बस्तीमा हाड`गैराबाट बगेर आउने कञ्चन पानीका फोहराबाट तृप्त हुने गरेका छन् । अहो ! मेरो

प्यारो याब्सोला । अहो ! मलाई यतिखेर न्यानो छानो र छहारी दिने प्यारो आदर्श वस्ती !! म कसरी आफूभित्रको आल्हादित भित्रीत्वलाई पोख्न सक्छु र !

कहिलेकाहीँ सम्झिन्छु -सङ्घीयताले नागरिकहरूलाई राज्यको केन्द्रबाट निसृत हुने हकअधिकार सोहोरेर आफ्नै घरआँगन लेई पुर्‍याइ दिएको छ। अझ बाँकी नागरिक अधिकारका लागि संस्थागत पहल र प्रयत्न सबै कोणबाट भैरहे कै छ। अग्राधिकारको लागि आबश्यक परेमा संविधान संशोधनको समेत चर्चा परिचर्चा हुने गरेकै छ । तर मेरो सङ्कीर्ण मनको एकाकुनामा भने अझै त्यो धुमिल सपनाले घरिघरि घर गर्न खोजीरहेकै छ-कतै सङ्घीयता लागु हुन केही समय बाँकी रहेको भए आदर्श बस्तीमा ऊ त्यहाँ केशव सरको यस्तै या योभन्दा चिटिक्कको अर्को एउटा कटेज थपिन्थ्यो, ऊ त्यहाँ खेम सरको, ऊ त्यहाँ रोजनजीको, अनि त्यहाँ अमृत दाइको, त्यहाँ महन्तजीको, त्यहाँ, लोकनाथजीको, त्यहाँ ने.वि. सङ्घका भाइ राजकुमारको, अनि त्यहाँ..............!

यस्तो वेला अर्को मनले ढाडस बाँध्ने गरेको छ-समग्र नेपाललाई नै एउटा सुन्दर र नमुना आदर्श बस्ती बनाउने अभियानमा पो हामी छौँ त । अनि......!!

आदश बस्तीको यही रामकहानीलाई सायद भाइ पार्जुनलाई थम्याएर अब म पनि आफ्नो वचनको पक्का हुने जमर्कोमा लाग्छु ।

# गीत

**दिवस राई**
**कक्षाः- १२**

साथी हजारौँ भए पनि सङ्घर्ष आफैँले गर्नुपर्छ
जिन्दगी फिक्का भए पनि रङ आफैँले भर्नुपर्छ ।

कोही खुट्टा तान्ने हुन्छन्, कोही त्यसै छाडने,
हात थाम्ने हजार भए पनि भर आफैमा पर्नुपर्छ ।

सधैं समय एकैनास हुदैन फरक पनि हुनसक्छ
कुनै मोडमा हार मानेर तल पनि झर्नुपर्छ ।

मिहिनेत गर्ने धेरै छन्, फल पनि पाएका छन्
हातमुख जोड्न जीवनमा बिउ आफैँ छर्नुपर्छ ।

कसैका सपना ठुला छन्, कसैका सपना साना
म त भन्छु जिन्दगीमा केही गरेर मात्र मर्नुपर्छ

समालोचना

# मुक्तकको सैद्धान्तिक परिचय



नानुमैया दाहाल
दि.रु.म.न.पा.-६, खोटाङ

## १. विषय प्रवेश

साहित्यका मुख्य चार विधाका रूपमा काव्य, आख्यान, नाटक र निबन्धलाई लिने गरिन्छ। यी चार विधाहरू अन्तर्गत पनि थुप्रै भेद उपभेदहरू छन्। मुक्तक पनि आफैँमा विधा होइन। यो काव्य विधाको लघुतम प्रभेद हो। मुक्तक एक श्लोकी तर आफैँमा पूर्ण कविता हो। झट्ट हेर्दा मुक्तक अरबी तथा फारसी भाषामा लेखिने फर्द तथा रुवाई, अङ्ग्रेजी भाषामा लेखिने क्वाट्रेन, हिन्दी भाषामा प्रचलित दोहा र कुण्डलिनी, गजलका द्विपदी शेरहरू, संस्कृत भाषाका सुक्ति तथा सुभाषित र हाम्रै नेपाली भाषाका सिलोक/झ्याँगा, चुट्का, रोइला आदि लोक रचना लगायतका काव्य विधाका प्रभेदहरू जस्तै देखिन्छ। आकारगत हिसाबले मात्र हेर्ने हो भने मुक्तक जापानी भाषाका हाइकु, सेदोका र ताङ्का जस्तै सङ्क्षेपमा लेखिन्छ। तर मुक्तकको परिभाषा, तत्त्व, संरचना र अभिलक्षणका आधारमा मूल्याङ्कन गर्ने हो भने मुक्तक यी प्रभेदहरूभन्दा निकै पृथक् देखिन्छ। यस आलेख यही मुक्तक उपविधाको व्युत्पादन र अर्थ, परिभाषा र संरचनाको संक्षिप्त चर्चामा केन्द्रित रहने छ।

## २. मुक्तक शब्दको व्युत्पादन र अर्थ

मुक्तक तत्सम शब्द हो। संस्कृत भाषाको 'मुच्' धातुमा 'क' प्रत्यय लागेर बनेको 'मुक्त' शब्दमा पुनः 'क' प्रत्यय लागेर मुक्तक शब्द बनेको हो। 'मुच्' धातुले कुनै बन्धनलाई मुक्त गर्नु वा स्वतन्त्र हुन दिनु भन्ने अर्थ दिन्छ। यसरी हेर्दा सामान्यतया मुक्तक भन्नाले पूर्वापर प्रसङ्गबाट निरपेक्ष स्वतन्त्र रचना भन्ने बुझिन्छ। यसको आकार सङ्क्षिप्त हुन्छ। त्यसैले पनि होला यस उपविधालाई 'विन्दुमा सिन्धु अटाउने', 'गागरमा सागर अटाउने' आदि जस्ता उपमा पनि दिने गरेको पाइन्छ। कथनगत सूत्रात्मकता पाइने यो उपविधा लयात्मक पनि हुन्छ। मुक्तक पद्यात्मक प्रकृतिको हुने भए तापनि यसमा छन्दको बन्धन हुँदैन।

## ३. मुक्तकको परिभाषा

प्राचीन ग्रन्थ अग्नि पुराणमा नै 'मुक्तम् श्लोक एवैकश्चमत्कारक्षमः सताम्' भनेर उल्लेख गरिएको पाइन्छ। यसर्थ मुक्तक वैदिककालदेखि नै लेखिने गरिएको रचना हो भनेर यकिन गर्न सकिन्छ। सायद मुक्तक शब्द नै संस्कृत भाषाबाट आएको हुनाले होला यसको परिभाषा पनि संस्कृत साहित्यमा नै बढी पाइन्छ। पछिल्लो समयमा भने नेपाली कवि तथा समालोचकहरूले पनि मुक्तकका सम्बन्धमा

आफ्ना धारणाहरू अभिव्यक्त गरेको भेटिन्छ । संस्कृत साहित्य र नेपाली साहित्यमा मुक्तकलाई यसरी परिभाषित गरेको पाइन्छ :-

## क) संस्कृत साहित्य

संस्कृत साहित्यमा छैटौं शताब्दीबाट मुक्तकको चिन्तन गर्न थालिएको पाइन्छ । मुक्तकका सम्बन्धमा चिन्तन गर्ने पहिलो विद्वान भामहलाई मानिन्छ । संस्कृत साहित्यमा मुक्तकलाई फरक-फरक दृष्टिकोणबाट परिभाषित गरिएको पाइन्छ । तीमध्ये केही परिभाषाहरू यस प्रकार छन् :-

पूर्वापर प्रसङ्गमा नबाँधिएको अनिबद्ध गाथा र श्लोकलाई मुक्तक भनिन्छ ।

-भामह

मुक्तक, कूलक, कोश र सङ्घातहरू सर्गबन्ध (महाकाव्य) कै अंश हुन् ।

-दण्डी

सहृदयमा चमत्कार उत्पन्न गर्ने एकश्लोकी कवितालाई मुक्तक भनिन्छ ।

-वेदब्यास

पूर्वापर निरपेक्ष भएर पनि जसले रस चर्वणा गराउन सक्छ, त्यसलाई मुक्तक भनिन्छ ।

- अभिनव गुप्त

यी परिभाषाहरूलाई हेर्दा भामहले मुक्तक पूर्व प्रसङ्गबाट निरपेक्ष हुनुपर्ने कुरामा जोड दिएको देखिन्छ भने दण्डीले मुक्तक महाकाव्यको सानो अंश हो भन्ने कुरालाई प्राथमिकता दिएको देखिन्छ । त्यस्तै वेदव्यासले एकै श्लोकमा पाठकको सहृदयलाई चमत्कृत गर्न सक्ने कवितालाई मुक्तक मानिने धारणा अभिव्यक्त गरेका छन् भने अभिनव गुप्तले मुक्तक अन्य श्लोकसँग असम्बद्ध भएर पनि रसास्वादन गराउन सक्ने रचना भएको कुरा उल्लेख गरेका छन् ।

## ख) नेपाली साहित्य

नेपाली साहित्यको क्षेत्रमा वि.सं. १८३९ तिर शक्तिवल्लभ अर्ज्यालले लेख्नुभएको 'तनहुँ भकुण्डो' कवितालाई नेपाली मुक्तकको पहिलो रचना मानिन्छ । नेपाली साहित्यमा परम्परागत शैलीमा मुक्तक लेख्ने गरिएकोमा सो क्रमलाई सुधार गरी आधुनिकता भित्र्याएको श्रेय चाहिँ भीमदर्शन रोकालाई जान्छ । नेपाली साहित्यमा पनि करीब साढे पाँच दशक अगाडिदेखि मुक्तकको चिन्तन गर्न थालिएको देखिन्छ । यस क्रममा नेपाली कवि एवम् समालोचकहरूले मुक्तकलाई यसरी परिभाषित गरेको देखिन्छ :-

चमत्कारपूर्ण कथ्य, मनोमस्तिष्कलाई शीघ्रातीशीघ्र प्रभाव पार्ने धारिलो तथा तीक्ष्ण व्यङ्ग्य रहेको कविताको लघुतम् रूपलाई मुक्तक भन्दछन् ।

-नरेन्द्र चापागाई

सामान्यतया एउटै मूलभावलाई आनुप्रासिक संयोजनका साथ चार पङ्क्तिमा प्रस्तुत गरिएका कवितालाई मुक्तक भनिन्छ ।

-खगेन्द्रप्रसाद लुइँटेल

पूर्वापर सन्दर्भ निरपेक्ष एक काव्यात्मक अनुच्छेदमा रहने दुईदेखि सात चरणसम्मको एक आवृत्तिमय कलात्मक बान्कीको पूर्ण तथा हृदयस्पर्शी लघुतम कवितालाई मुक्तक भनेर भन्न सकिन्छ ।

-मुरारी पराजुली

मुक्तक भनेको पूर्वापर प्रसङ्गमुक्त, स्वयम्मा पूर्ण र सारगर्भित त्यस्तो लघुतम काव्यरूप हो, जसमा सर्जकले देखे-भोगेका जीवनगत सन्दर्भहरूबाट उत्पन्न भाव वा विचारका उन्मेषहरूलाई लयमय बनाएर चोपिलो र चोटिलो भाषामा झ्याप्प भनिएको हुन्छ ।

-विष्णुप्रसाद पौडेल

मुक्तक भनेको सङ्क्षिप्तता, भाव सघनता र स्पर्श सामर्थ्य नै हो ।

-तीर्थ श्रेष्ठ

लयात्मक रूपमा जीवन जगत्का अनुभवलाई कलात्मक र रागात्मक रूपले अँगाल्दा स्वयम्मा पूर्ण रहने लघुतम इकाईलाई मुक्तक भनिन्छ ।

-श्रीधर खनाल

चार पङ्क्तिभन्दा कम या बढी भए पनि चार पङ्क्तिका केन्द्रमा प्रस्तावना, उत्सुकता र पूर्णता भएको कविताको लघुतम रूप नै मुक्तक हो ।

-सुकुम शर्मा

उपर्युक्त परिभाषाहरूका आधारमा भन्नु पर्दा मुक्तक छोटो तर खदिलो भाव भएको चोटिलो रचना हो । पूर्व प्रसङ्गबाट मुक्त हुने यो काव्य प्रभेद आफैँमा पूर्ण हुन्छ । लयात्मकता, कलात्मकता र रागात्मकता मुक्तकका विशिष्टता हुन् । एक आवृत्तिमय हुने यो रचनाले हृदयलाई चमत्कृत गर्न सक्ने सामर्थ्य राख्नुपर्छ । अनुप्रासको समेत संयोजन हुनुपर्ने यो उपविधामा प्रस्तावना, उत्सुकता र पूर्णताको त्रिवेणी भेटिनुपर्छ ।

## ४. मुक्तकको संरचना

मुक्तकको आयामिक संरचनाको सन्दर्भमा मतैक्यता पाइन्न । कसैले रुवाइ र क्वाट्रेन जस्तै मुक्तक चतुष्पदीय हुनुपर्छ भन्ने मत अघि सारेको पाइन्छ भने कसै-कसैले दुई पङ्क्तिदेखि सात पङ्क्तिसम्मको संरचनामा रहेका कवितालाई मुक्तक मान्नुपर्ने धारणा व्यक्त गरेको देखिन्छ । त्यस्तै मुक्तक एक श्लोकी काव्य प्रभेद हो भन्ने अभिमत बलियो भए तापनि केही विद्वानहरू मुक्तक दुई श्लोकी पनि हुनसक्ने बताउँछन् । नेपाली साहित्यमा मुक्तकको मानक स्वरूप निर्धारण गर्न २०७० सालको माघ १६ गतेदेखि १८ गतेसम्म पोखरामा बृहत् मुक्तक कार्यशाला सम्पन्न भई जारी गरिएको ५ बुँदे पोखरा घोषणापत्रमा भने चतुष्पदी (चार हरफ) आयाममा विस्तारित मुक्तकलाई मानक स्वरूप प्रदान गर्ने उल्लेख गरिएको छ । पछिल्लो समयमा धेरैजसो मुक्तकहरू चतुष्पदीय शैलीमा नै लेख्ने गरिएको पाइन्छ । यसर्थ चतुष्पदीभन्दा इतर आयामिक संरचनाका काव्य-प्रभेदहरूलाई सोझै मुक्तक होइनन् भन्न नसकिए पनि मुक्तकको चतुष्पदी आयामिक संरचनामा रहेको कविताको रूपमा मान्नु युक्तिसङ्गत देखिन्छ । त्यस्तै एक श्लोकी संरचना नै यसको मानक सिद्ध संरचना हुन आउँछ ।

मुक्तक 'ए, ए, बी, ए' को संरचनामा लेखिन्छ । अथवा मुक्तकको पहिलो र दोस्रो हरफमा

ध्वन्यात्मक अनुप्रास हुनुपर्छ, तेस्रो हरफ स्वतन्त्र हुन्छ तर चौथो हरफमा पुनः अनुप्रास हुनुपर्छ । यी चार हरफहरूमध्ये पहिलो हरफले विषय/विचार/अनुभूतिको उठान गरेको हुनुपर्छ भने दोस्रो हरफले उठान गरिएको विषयको समर्थन वा विकास गर्नुपर्छ । त्यस्तै तेस्रो हरफले विषयलाई उत्कर्षता प्रदान गर्नुपर्छ भने चौथो वा अन्तिम हरफले विषयको रहस्योद्घाटन वा पटाक्षेप गर्दै मार हाने जस्तै चोटिलो प्रहार गर्नुपर्छ ।

## ५. निष्कर्ष

मुक्तक कविताको सबैभन्दा सानो रूप हो । आकारले सानो भए पनि यो आफैँमा पूर्ण हुन्छ । यो खिरिलो, चोटिलो र सहजबोध्य हुन्छ । मुक्तक एक आवृत्तिको मात्र हुन्छ तर एक आवृत्तिमा नै भावलाई सघन बनाउने काम मुक्तकमा हुन्छ । यसमा भाव र विचारलाई विस्तार गरिरहने अवसर हुँदैन र भावको पुनरावृत्ति पनि हुदैन । मुक्तक एउटै छन्द वा लयगत ढाँचामा व्यक्त हुने यो रचना प्रायः चतुष्पदीय शैलीमा लेखिन्छ । वेधक, सघन र सूत्रात्मक कथनका रूपमा रहनु नै मुक्तकको संरचनागत पहिचान हो । मुक्तक अन्तर्वस्तुका रूपमा आउने विषय/विचार/अनुभूति, परिवेश, उद्देश्य, सहभागी/दृष्टिविन्दु, लय र भाषा शैलीय तत्त्व यसका आङ्गिक संरचक घटकहरू मानिन्छन् । छोटो आयाममा बृहत् भाव र विचार प्रस्तुत गर्न सकिने मुक्तक उपविधातिर अहिले लेखक र पाठक दुवैको अभिरुचि बढ्दै गएको देखिन्छ ।


# शुभकामना

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल सम्वत ११४५, छठ, उँधौली र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै

यस पञ्च मा.वि. मा बाली विज्ञान (प्राविधिक धार) तर्फ ९-१२ र कानुन विषयमा ११-१२ कक्षासमेत सञ्चालित रहेको व्यहोरा सम्पूर्णमा सहर्ष अवगत गराउँदछौं ।

**पञ्च मा.वि., दिक्तेल**

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- १, दिक्तेल, खोटाङ

लक्ष्मी प्रसाद खनाल
प्रधानाध्यापक
९८४११९६८५१

राम प्रसाद आचार्य
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
एवम् विद्यालय परिवार
९८६०२६४०६५

समीक्षा

# खुला आकाशमुनि मुक्तक सङ्ग्रहमा प्रगतिवादी ज्योति



बाबुराम पोखरेल
रावाबेंसी गा.पा.-२, खोटाङ, हाल- विराटनगर म.न.पा.-३, मोरङ

खोटाङ जिल्लामा जन्मिएर मोरङको विराटनगरलाई साहित्यिक साधनाको थलो बनाउने मुक्तककार नानुमैया दाहाल 'खुला आकाशमुनि' मुक्तक सङ्ग्रह लिएर साहित्यिक धरातलमा प्रगतिवादी ज्योतिका साथ उदाएकी छिन् । मार्क्सवादी विचारले साहित्यमा पाएको प्रवेश र यसले साहित्यमा ल्याएको परिवर्तन भोल्तेयर, लियो टाल्स्टाय, म्याक्सिम गोर्की, आन्तोन चेखभ, लुस्युन आदि विभिन्न साहित्यकारहरूबाट हामीले अनुभूत गरिसकेका छौं । आज नेपाली साहित्यमा पनि प्रगतिवादी साहित्य निकै बाक्लो तहमा स्थापित छ । वैयक्तिक आनन्दभन्दा समाजको विकासलाई जोड दिनु, नवीन समाज सिर्जनामा सहयोगका स्वरहरू बोल्नु, श्रमजीवीहरूको न्यायिक सङ्घर्ष र सुनौलो भविष्यको सङ्केत गर्नु, शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचारको विरोध गर्नु र विद्रोही स्वर उराल्दै क्रान्तिको उद्घोष गर्नु प्रगतिवादी साहित्यका विशेषता मानिन्छन् । यसरी हेर्दा क्रान्ति नै परिवर्तनको द्योतक हो भन्ने मतलाई आत्मसाथ गर्दै मार्क्सवादी सौन्दर्यशास्त्रको साहित्यिक अवतरण प्रगतिवादी साहित्य हो । पीडक वर्गप्रति घृणा र उत्पीडित वर्गप्रति श्रद्धा र स्नेह व्यक्त गर्दै मानवीय जीवनको अग्रगामी चिन्तनका साथमा द्वन्द्वात्मक भौतिकवादको आलोकमा जीवनजगत्‌को व्याख्याका साथ जीवन संघर्षका माध्यमबाट सामाजिक सुधार प्रगतिवादी साहित्यको अभिष्ट हो ।

अन्तरवस्तु (भाव पक्ष) कला साहित्यको प्राण हो । तर समाजलाई भन्नुपर्ने कुरामात्र ओकल्दा नारावादी साहित्य भयो भनेर दोष प्रगतिवादी साहित्यले व्यहोर्ने गरेको पनि छ । प्रगतिवादी साहित्यले सौन्दर्यको अवहेलना गर्ने होइन । यति हो, अन्तरवस्तु र रूपका बिचमा तुलनात्मक सन्दर्भमा प्रगतिवादी साहित्यले अन्तरवस्तुलाई नै महत्त्वमा राख्दछ । रूप पक्षलाई महत्त्व दिने रूपवादीहरू 'कला कलाका लागि' भन्ने मत राख्दछन् । यो प्रगतिशीलता होइन । एउटा पानीमा डुब्दै गरेको मान्छेलाई देखेपछि त्यसको फोटो खिच्नु कलाका दृष्टिले उपयुक्त होला तर खास वस्तुपरक भएर हेर्दा डुब्न लागेको व्यक्तिलाई पानीबाट निकाल्न जरुरी छ नकि फोटो खिच्न । संज्ञानात्मक वा विचारात्मक (भाव) पक्ष साहित्यमा अन्तरवस्तु हो भने कलात्मक उपकरणहरू बिम्ब, प्रतीक, छन्द, अलङ्कार, ध्वनि, व्यञ्जना, भाषाशैली आदि रूप पक्ष हुन् । यी दुवैको उपयुक्त मेल साहित्य कलामा आवश्यक छ ।

मान्छे पानी पर्दा पनि दुखी हुन्छ, घाम लाग्दा पनि दुखी हुन्छ । ठिक यसको विपरीत पानी पर्दा पनि खुसी र घाम लाग्दा पनि खुसी हुने प्रयत्न आवश्यक छ । किनकि पानी पनि सधैं पर्दैन र घाम

पनि रातमा लाग्दैन । जीवन यही घामछायाँ हो, अर्को अर्थमा सुख-दुःख हो । यो द्वन्द्वात्मक पक्ष पनि हो । जीवन र जगत्‌लाई मार्क्सवादी दृष्टिकोणबाट हेर्दा भौतिकवादी धरातलमा ठिङ्ग उभिन आवश्यक छ । यो धरातल नानुमैया दाहालको सिर्जनामा मजबुत देखिन्छ । उनी भौतिकवादी धरातलमा उभिएर प्रगतिवादी साहित्यिक धारमा साधानारत रहेको तथ्य 'खुला आकाशमुनि' मुक्तकसङ्ग्रहले स्पष्ट रूपमा स्थापित गरेको छ ।

हरेक क्रान्तिले परिवर्तन ल्याउनुपर्छ । यतिसम्म कि हरित क्रान्तिले कृषि क्षेत्रमा, औद्योगिक क्रान्तिले उद्योगधन्दामा, राजनैतिक क्रान्तिले शासन व्यवस्थामा (सुशासनमा) सकारात्मक परिवर्तन ल्याउनुपर्छ, यही नै क्रान्तिको अभिष्ट हो । तर नेपाली समाजमा घटित क्रान्तिले बिना परिवर्तन दिन व्यतीत गरिरहेको यथार्थ यहाँ उजागर भएको छ ।

कोइलीले परिवर्तनको गीत गाएको छैन
रातो गुराँसको सौन्दर्य कतै छाएको छैन
गर्न त गरे शिशिरको पीडा हटेको उद्घोष
तर अझै वास्तविक वसन्त आएको छैन ।

छुवाछुत प्रथा नेपाली समाजको कालो धब्बा हो । वि.सं. १९९१ सालताका महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'मुनामदन' खण्डकाव्य मार्फत उद्घोष गरेका थिए कि- 'क्षेत्रीको छोरो यो पाउ छुन्छु घिनले छुँदैन, मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' । आजको समयसम्म आइपुग्दा पनि नेपाली समाज अझै जातभातसम्बन्धी कमजोर मानसिकतामा जकडिरहेको छ। सचेत साहित्यकारहरू यो प्रथा विरुद्ध आफ्ना सिर्जनामार्फत समाज परिवर्तनको बाटोमा लागिरहेका छन् । यसै यात्रामा मुक्तककार नानुमैया दाहालको पनि यात्रा निरन्तर छ । उनका मुक्तकहरू छुवाछुत प्रथा विरुद्ध बोल्छन्, नेपाली समाजलाई समानता र समावेशिताको कसीमा घोट्छन्, श्रमजीवीको पसिनाको पक्षमा वकालत गर्छन् । त्यसैले यी मुक्तकहरू समाज परिवर्तनका वाहक बनेका छन्, प्रत्येक एउटा एउटा सन्देशमा कुनै न कुनै क्रान्ति बोल्छन् ।

मिलेर बस्छन् चरा तिनीहरूबिच कुनै केस हुँदैन
विभेद रोप्नेगरी आपसमा मागपत्र पनि पेश हुँदैन
स्वतन्त्र छन् जान्छन् मन लागेको ठाउँमा उडेर भुर्र
अन्तरराष्ट्रिय जाति हुन् चरा तिनको कुनै देश हुँदैन ।

साइबेरिया घाँसे मैदानका चराहरू नेपालको कोशी टप्पुमा पनि कुनै कुनै बेला देखिने गर्छन् । उनीहरूको खुला आकाशमा कुनै प्रवेशाज्ञा वा इजाजतपत्रको साँगुरो घेरा लागू हुँदैन । चराहरू अन्तरराष्ट्रिय जाति हुन् । चरा यहाँ खुला आकाशमा स्वच्छन्द विचरण गर्ने एउटा राम्रो बिम्बको रूपमा आएको छ । मान्छे अन्तरराष्ट्रिय जाति बनोस्, उसले कुनै पनि प्रकारको साँगुरो घेराभित्र सीमित हुनु नपरोस् । यो मार्क्सवादी विचारधाराको अन्तरराष्ट्रिय सिद्धान्तलाई यस मुक्तकले उचालेको छ । यस

मुक्तकमा प्रतीकात्मक रूपमा चरा बिम्ब देखापर्दछ र यसले मानिसलाई अन्तरराष्ट्रिय जातिको रूपमा उभ्याएको प्रष्ट देखिन्छ ।

निराशाले मान्छेको ऊर्जा क्षीण हुन्छ । आशा जीवन-सक्रियताको बीज हो । यसले साहित्यका माध्यमबाट समेत समाज परिवतनमा बल पुऱ्याउँछ । त्यसैले निराशाका बादलहरूभन्दा आशाका किरणहरू निकै सुन्दर हुन्छन् । आशामा दह्रो भरोसा राख्न सकेमा आशा यथार्थ रूपमा सफलतामा परिणत हुन्छ । मुक्तकमा उल्लिखित 'बिहानी' सकारात्मक परिवर्तन वा प्रगतिको द्योतक हो, अन्धकार पछिको आशा लाग्दो भविष्य हो । यो विश्वास नानुमैयाका मुक्तकहरूले ठाउँठाउँमा बोलेका छन् ।

हरेस नखाऊ प्रिय गगन सफा हुने छाँट छ
दुई चार दिनदेखि धर्तीको पनि बेग्लै ठाँट छ
तारा झरिसके र बास्यो भाले पनि बस्तीमा
अझै पनि हामीसँग बिहानी ल्याउने आँट छ ।

अन्तरवस्तु (भाव पक्ष) र रूप-सौन्दर्यको उपयुक्त सम्मिश्रण, अभेद्य मेलले साहित्य उदात्तताको राज्यमा सफर गर्दछ । यस कुरामा मुक्तककार सचेत हुनुको उदाहरणस्वरूप यस सङ्ग्रहभित्र यो मुक्तक देखापर्दछ । यस कृतिभित्र आलङ्कारिक मुक्तकहरू पनि धेरै छन् । यी मुक्तकहरूले कृतिलाई उदात्तताको सिढी चढाउन हरसम्भव बल दिन्छन् ।

आवादीमा घामपानीका कथा भजाउनु छ
मेघ ठोक्काइ साइतका बाजा बजाउनु छ
वर्षाका थोपा र किरणको समागम गराएर
भोका झुप्राहरूलाई इन्द्रेणीले सजाउनु छ ।

नानुमैयाका मुक्तकहरूमा दार्शनिक धरातल मजवुत छ। भौतिकवादी दृष्टिकोणको व्यवहारिक प्रयोगमा आधारित भएर प्रगतिवादी साहित्यिक धारलाई आत्मसाथ गर्नु उनको प्रमुख विशेषता हो । दार्शनिक ज्ञान प्राप्तिको तृष्णा उनीभित्र कलकलाएको छ । समस्याहरूको घेरामा समाधानको कडी दार्शनिक विचारहरूका गोटीहरू नै हुन सक्छन् ।

तरवारले छेकेका छन् बाटो तैपनि जोगिएर आँउछु
फ्याँकेर समस्याका पोका समाधान लिएर आउँछु
समाज बदल्न सक्ने दर्शनको प्यास लाग्यो मलाई
पर्ख है एक आम्खोरा मात्र भए पनि पिएर आउँछु ।

प्रत्येक पदार्थको उद्‌गम उपयोगका लागि हुन्छ । साहित्य कलाले पनि समाज सुधारक र जीवनोपयोगी हुन आवश्यक छ । नानुमैयाका मुक्तकहरूले रुढीवादी परम्परा विरुद्धको आवाज बोल्छन् र भेदभाव, छुवाछुत, स्वर्ग, नर्क, बोक्सी, दास, तन्त्रमन्त्र, टुना, सती, कुमारी, विधुवा, आदि कुप्रथा विरुद्ध अवैज्ञानिक प्रथाहरूको व्यतिरेकमा विज्ञानसम्मत सभ्यता र संस्कृतिको स्थापना गर्न साथ दिन्छन् । उनका मुक्तकहरूले एकातर्फ भाग्यवाद, ईश्वरवाद आदिबाट समाजलाई अलग गराउन जागरुक

बनाउँछन् भने अर्को तर्फ कर्मवादको असल पाठ पनि सिकाउँछन् र परिवर्तनका सवालहरू पनि उत्तिकै सशक्त रूपमा उठाउँछन् ।

बेमेल छ बुझ्फाईमा हाम्रो के भेट्नु ब्यर्थै बाटोमा
तिमी हार देख्छौ म जित देख्छु रगतको टाटोमा
मिल्ने छन्द देखिन्न ठूलो अन्तर छ दृष्टिकोणको
तिमी भाग्य माग्छौ ढुङ्गासँग म कर्म रोप्छु माटोमा ।

आकाश सधैँ खुला नै रहन्छ । खुला आकाशले कसैलाई पनि कुनै पक्षपात गर्दैन । ऊ मात्र समानताको पक्षपाती छ । खुला आकाशमुनि सबै खाले जीवनहरू एकनासले फुल्न पाउँछन् । मार्क्सवादी दृष्टिकोणबाट हेर्ने हो भने यो एक किसिम काल्पनिक साम्यवादी स्वर हो ।

'खुला आकाशमुनि' मुक्तकसङ्ग्रह नेपाली समाजको बौद्धिक चित्रणमा आधारित छ । यो प्रगतिवादी साहित्यिक धारमा प्रवाहित छ । यसभित्र भोकानाङ्गाहरूको इज्जत छ, झुप्रा र झोपडीप्रति सम्मान छ । श्रमप्रति आस्था छ र संघर्षप्रति अगाध प्रेम छ । क्रान्तिसँग मितेरी नाता छ, र समाज परिवर्तनसँग दह्रो आलिङ्गन छ । राज्यसत्ता सञ्चालकहरूलाई अर्ती छ, जीवन सुधार्न चाहनेहरूलाई उपदेश छ र समाज सुधारकहरूलाई सल्लाह पनि छ । जीवन सुधार, समाज सुधार र राज्यसत्ता सुधारका लागि साहित्यले उत्प्रेरकको रूपमा काम गर्नुपर्छ भन्ने सञ्चेतना यस कृतिमा यत्रतत्र छ, यसैभित्र देशको समृद्धि भेटिन्छ ।


## शुभकामना

नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल सम्वत ११४५, छठ, उँधौली र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**कालिका मा.वि., नेर्पा**

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ६, नेर्पा, खोटाङ

कृष्ण बहादुर गुरूङ
प्रधानाध्यापक
९८४९३०४०३८

भोगेन्द्र राई
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
एवम् विद्यालय परिवार
९८४२८७१९८३




# रक्सीको मादकतामा डुबुल्की मारेर काव्यिक सास फेर्ने कवि कटुवाल

विष्णु उपरकोटी

पूर्व विद्यार्थी, अध्यक्ष, अनेरास्ववियु खोटाङ

मानिस काव्यिक दृष्टिकोणले प्रतिष्ठाको त्यो तहसम्मको नाफा कमाएर बदनामीको यति बिघ्न नोक्सान बेहोर्नसम्म पुग्दछ भन्नुको एउटा महँगो/सस्तो दृष्टान्त हुन्, कवि 'हरिभक्त कटुवाल'।

मैंले इमानदारीपूर्वक नेपाली भाषामा कविता लेख्ने कविहरूको सूची तयार पार्नुपऱ्यो भने कवि हरिभक्त कटुवाल सधैं अग्रभागमा आउने कवि हुन्। कवि हरिभक्त कटुवालसँग मेरा धेरै विमतिहरू छन् तर कयौं प्रवृत्तिहरूसँग मेरा सत प्रतिशत काव्यिक सहमति पनि नभएका भने हुँदै होइनन्।

रक्सीको मादकतामा डुबुल्की मारेर काव्यिक श्वास फेर्ने कवि कटुवाललाई रक्सीले नै मृत्युशैयासम्म पुऱ्यायो भनिन्छ। म कहिलेकाहीँ सोच्दछु र अन्तर प्रश्नको जालोमा परेर छटपटाइरहन्छु।

मलाई अत्यन्तै मन पर्ने कविले किन रक्सी खाए ?

प्रेमिकाले अत्यन्तै प्रेम गर्ने प्रेमीले मन पराएको कविकी श्रीमतीले किन कविलाई प्रेम गरिनन् ?

यस्ता विविध प्रश्नहरूले मलाई सताइरहन्छन्। सायद उनीभित्र एउटा गहिरो घाउ हुनुपर्छ, जसलाई जीवनमा उनले कहिल्यै देखाएनन्। केवल लेखिरहे-लेखिरहे व्यक्त गर्न चाहेनन् आवाजबाट। तर उनका गीतहरूले भने शानदार शैलीमा पोल खोलिरहे।

"मलाई नसोध कहाँ दुख्छ घाउ
म जे छु जहाँ छु बिथोल्न नआऊ !"

त्यस्तै-

"पोखिएर घामको झुल्का भरि सङ्घारैमा"

यी उनका प्रतिनिधिमूलक गीतहरूले भनेजस्तै जब उनले विवाह गरे तब उनी आफूभित्र दुखिरहे, पिल्सिरहे। यसैगरी उनी एक्लिँदै-एक्लिँदै एकदिन मृत्युवरण गरे।

कवि हरिभक्त कटुवाल वि.सं. १९९२ असार १८ गते आसाम, अम्बिकापुरको पेड्रीमा जन्मेका थिए। उनको जन्म सामान्य परिवारमा भएको थियो भने ६ दाजुभाइमध्ये उनी परिवारका जेठा छोरा थिए।

उनको साहित्यिक यात्रा-

मानिस स्वाभाविक रूपमा यस धर्तीमा जन्मन्छ र मर्दछ पनि । तर जन्मदेखि मृत्युपर्यन्तको समयको खाली ठाउँ उसले कस्तो शब्दद्वारा भऱ्यो भन्ने कुरा महत्त्वपूर्ण र गहन हुनुका साथै खाली ठाउँमा कति अक्षर तथा शब्दहरू अट्दछन् भन्ने सवाल अर्को महत्त्वपूर्ण सवाल हो ।

त्यस्तै छोटो समयमा अत्यन्तै महत्त्वपूर्ण कार्य र त्यस कार्यको सफलता प्राप्त गर्ने कवि हुन् हरिभक्त कटुवाल । उनले जीवनमा निर्देशक, शिक्षक, पत्रकार, कलाकार, चित्रकार, कवि, गीतकार, नाटककार, सामाजिक कार्यकर्ता र किसान लगायत धेरै कुराको अनुभव प्राप्त गरेका थिए ।

वि.सं. २०१५ सालमा 'छातीभरि सम्झनाका गीत सँगालो' बोकेर नेपाली साहित्यमा देखापरेका कटुवाल २०२० मा 'भित्री मान्छे बोल्न खोज्छ' कविता सङ्ग्रहबाट उत्साहको उमङ्गले प्रतिष्ठाको उच्चतम् विन्दुमा पुगेका थिए । उनका 'सम्झना' (कविता सङ्ग्रह २०१६), 'यो जिन्दगी खै के जिन्दगी' (कविता सङ्ग्रह २०२९), 'बदनाम मेरा आँखाहरू' (कविता सङ्ग्रह २०४४), 'सुधा' (खण्डकाव्य २०२१), 'स्पष्टीकरण' (कथा सङ्ग्रह २०३०) लगायतका कृतिहरू प्रकाशित छन् । भनिन्छ उनले मानवीयताको सफेद आदर्श र प्रगतिशीलताको उन्मादलाई बोकेर नेपाल प्रवेश गरेका थिए ।

प्रगतिशीलता र मानवीयतालाई समग्रतामा जोडेर कविता लेख्न खप्पिस कटुवाल जीवन भोगाइका भित्री रहस्यसम्म बहुत स्वच्छन्द तरिकाले शाब्दिक अभिव्यक्तिमा माहिर थिए । 'सिउन सकिन्न जिन्दगीलाई झन् फाट्छ' जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई कलात्मक कविताको रूप दिने हरिभक्तले स्वीकार गरेको 'यो जिन्दगी खै के जिन्दगी' का कविता हाम्रा जीवनका वास्तविकता हुन् ।

त्यस्तै आदर्शवादको भित्री 'गुदी' मानिसको वास्तविक जीवनमा प्रतिकूल हुने र यथार्थवाद अर्थात् भौतिकवाद नै वास्तविक जीवनको उपयोगिताको सारका रूपमा सदुपयोग हुने कुरालाई कवि कटुवाल आफ्नो 'रहर' कवितामार्फत यसरी व्यक्त गर्दछन् ।

"फ्रेम हालेर राख्ने आदर्शभन्दा
भोग्न सकिने आदर्श मलाई राम्रो लाग्छ"

कवि कटुवाल भन्ने गर्दथे, स्वाभावैले आफू जन्मेको माटोको प्रेम हुन्छ अर्थात् आफ्नो देशको माया हुन्छ तर प्रवासमा बसेर पनि आफ्नो देशका लागि/आफ्नो माटोका लागि धेरै महत्त्वपूर्ण/विशिष्ट कामहरू गर्न सकिन्छ । त्यसैले उनी आफ्नो देशलाई भौतिक रूपमा छोडे पनि भावनात्मक, संवेगात्मक रूपमा र अन्य धेरै क्षेत्रबाट केही न केही योगदान पुऱ्याउन हरप्रयत्न गरिरहन्थे ।

त्यसैले कवि कटुवाललाई राजा महेन्द्रले बोलाएर कवि सम्मेलनको लागि नेपाल आएका कटुवालले त्यतिबेला सरकारबाट यतै बस्न अनुरोधका साथ दिएको बक्सिसलाई अस्विकार गरेको हुनुपर्छ ।

यसको मतलब कवि कटुवालले कुनै न कुनै विवशताले गर्दा देश छाडेको हामी सहज अनुमान लगाउन सक्छौँ ।

यसै सन्दर्भमा उनकी बहिनी वसन्ती भन्छिन्– "लभ म्यारिज" भए पनि भाउजूको माया पाउनुभएन दाजुले । त्यसैले दाजुले आफ्नो मनभित्रको चिन्ता कम गर्न रक्सी खानुहुन्थ्यो । त्यो बेला दाजुलाई खुब कविता लेख्न मन लाग्थ्यो । तर दाजुलाई रक्सी नखाएको बेला लेख्न बस्दा चिया र चुरोट टुटाउनु हुँदैनथ्यो । तर, भाउजू झर्को मान्नुहुन्थ्यो । त्यसैले जयकुमारीको अनुहार हेर्न मन छैन भन्नुहुन्थ्यो दाजुले । श्रीमतीले गर्दा घर छाड्नुभयो र रत्ना (प्रेमिका)ले गर्दा देशै छाड्नुभयो । निराश भएर कविता कोर्नुहुन्थ्यो । "यो जीवन अन्तिम पाना पनि च्यातेपछिको एउटा ठुटे चेकबुक जस्तो !' भन्नुहुन्थ्यो" ।

कवि कटुवाललाई घरपरिवारप्रति आफूले केही गर्न नसकेकामा आत्मग्लानि हुन्थ्यो । अन्तिम अवस्थामा अस्पतालको शैयाबाट उनले भनेका थिए रे "सुख-सुविधाकै निम्ति मात्र सोच्ने मान्छे भए, आज नेपालतिर मेरो पनि ४०/५० बिघा माटो हुने थियो होला । मलाई सबैले बौलाहा भने ! ठिकै छ म बौलाह नै सही । मैले मेरा पीरहरू रक्सीमा बिर्सन कोसिस गरेँ । मनमा अझै बाँच्ने रहर छ । बाचेँ भने यसपटक आफूलाई सही मानिस सिद्ध गर्ने प्रयास गर्नेछु ।"

कवि कटुवाल पाँच हजार रूपैयाँको अभावमा वि.सं. २०३७ साल भाद्र १५ गते औषधी गर्न नपाएर आसामस्थित डिब्रुगढ मेडिकल कलेजकै शैयामा मृत्युवरण गरेर बेवारिसे लासकै चाङमा परेका थिए । पछि साथीहरूले थाहा पाएर उनको लास ब्रह्मपुत्र नदीमा लगेर विसर्जन गरे । जम्मा १३ जना मलामी थिए उनका ।


# शुभकामना

नेपालीहरूको महान् चाड बडादसैँ, शुभ दीपावली, नेपाल सम्वत ११४५, छठ, उँधौली र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**शीतला मा. वि., खाल्ले**

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ४, खाल्ले, खोटाङ

मीनकुमार दाहाल
प्रधानाध्यापक
९८५२८४९५६०

नवराज के.सी.
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
एवम् विद्यालय परिवार
९८५१०९५०२७

कविता

# देश सेवामा लाग युवा



नईन्द्र कुमार खत्री

**सहायक प्राध्यापक,**
**दिक्तेल बहुमुखी क्याम्पस, दिक्तेल, खोटाङ**

सत्य प्यारो छैन आजको हाम्रो मानव बस्तीमा
झुटको खेती गरिकन हिँड्ने गर्छन् मोजमस्तीमा
छाड्न भन्देऊ सब बहाना बाजी
कति दिन सक्छन् र सोझालाई झुक्याउन
नेपाल आमाका सपुत सन्तानको
मृत्युञ्जय मनाए झैँ सहोदर भित्र नै
खोक्रो आदर्श दिएर तिमीलाई नित्य
भस्मासुरको कदम निर्धक्क चाल्नेहरू यहीँ छन् ।
नातेदार भित्रैको नाता हराइसकेपछि
सौन्दर्य हराएको प्रकृतिजस्तै
प्रित बिनाको प्रेमको के अर्थ ?
नेपालीपन हराइसकेपछि नेपाल भन्नु नाम मात्रको
खोक्रो आदर्शले देश कति दिन बाँच्ला र ?
यस मूलुकको महान् हस्ती तिमी नै चुपचाप छौ ।
देशको रक्षार्थ कदम चाल्ने साहस गर्नै पर्छ
कुनै पनि प्रलोभनमा नपरी उच्च धैर्यतासाथ
विदेशी संस्कार र संस्कृतिलाई प्रिय ठान्ने छैनौ ।
आफ्नोपन घृणित रूपले नहेरेर
आधुनिक सभ्यतामा बिक्ने छैनौ ।
मूलुकलाई चक्रव्यूहमा फसाउन खोज्नेलाई
कठघरा र फाँसीको सजायका लागि तयार होऊ भनिदेऊ
हात तालाचाबी लिएर देशलाई अँध्यारोतिर धकेल्न खोज्नेलाई
खबरदार भन्ने साहस पनि त तिमीले गर्नै पर्छ ।
नत्र चन्द्रमाको बस्ती सम्झिएर देश भुटनेहरूले
दिनडहाडै डुहुरे मुसाले झैँ भ्वाँङ पारिदिनेछन्
त्यसको पहरेदार हुन लायक पात्र तिमी मात्रै हौ नि
स्वर्गभूमि बचाउने भरपर्दो युवा भन्नु पनि तिमी नै
पलायनवादी मानसिकता आजैबाट त्यागेर
देश बचाउन तिमी जाग्नै पर्छ ननिदाइकन
मष्तिस्कलाई खिया लागेको कलपुर्जा जस्तो बन्न दिनुहुन्न
सम्भावनाहरू प्रशस्त बोकेको स्वर्गभूमि तिमीलाई पर्खिरहेछ ।
साहस गरेर अघि बढ्नु छ आमाको छिया-छिया छातीमा
अमृत पान गर्दै पाइला
टेक्नेहरूलाई होसियारीको ड्यासमा उभ्याउनुपर्छ तिमीले
प्रियवदाको विछोडमा छातीमा भक्कानु पारेर
रुग्न छातिमा जीवन भोग्दै जिजीविषा भएर
भुल्न हुन्न देशको माटो सिँगार्नु छ रक्तधाराले
पसिना र श्रम मागेको छ देशले
आदर्श युवाको नाताले परदेश ताक्नु हुन्न ।
थकित नभई देश सेवामा समर्पित भइदेऊ
आजै जूनकीरी रूप धारण गरेर अघि सर्दै
उदाउँदो सूर्य बन्नुछ भविष्यमा तिमी
देशको ध्वजा उठाउनु पर्छ मातृभूमिमा
जोश जाँगर सहित जाग्नु पर्छ युवा तिमीले
तिमी युवा हौ, तिमी देश हौ ।
भरोसा तिमीमै छ यो देशको
तिमी जागे देश जाग्छ
तिमी लागे मात्र देश बाँच्छ ।

संस्मरण

# जनयुद्ध, विद्यार्थी राजनीति र हिरासतको यात्रा



विनोद आचार्य

बि.ए. चौथो वर्ष

एक्कासि ढोकामा लात्ताले हानेको आवाज सुनेपछि म झसङ्गै ब्युँझिन्छु। निद्राबाट ब्युँझिएर आँखा खोल्दा वरिपरि हतियारधारी सेनाहरू देख्छु। मेरो मानसपटललाई शङ्का र भयले त्रसित बनाउँछ। तत्कालीन माओवादीले सुरु गरेको सशस्त्र जनयुद्धले देशभर तीव्र गति लिँदै थियो । जनयुद्धलाई जनताको अपार समर्थन र जनमुक्ति सेनाको एकपछि अर्को फौजी मोर्चाहरू सफलतापूर्वक सञ्चालन भइरहेका थिए । विद्रोहलाई धान्न हम्मे-हम्मे परेपछि सरकारले माओवादीलाई वार्तामा बोलाउने काम गऱ्यो । यही मेसोमा सरकार र विद्रोही पक्षबिच वार्ता समिति बनाएर वार्तामा बस्नेसम्मको काम भयो । तर वार्ताले निष्कर्ष दिन सकेन । सरकारले वार्ताका नाममा षड्यन्त्र गरेर आन्दोलन कमजोर पार्ने रणनीति तय गरेको भनेर विद्रोही माओवादीले वार्ता भङ्ग भएको घोषणा गऱ्यो ।

२०५८ साल मङ्सिर ९ गतेका दिन दाङ जिल्लाको सदरमुकाम घोराही, अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्क र १० गते सोलु जिल्लाको सदरमुकाम सल्लेरीमा एक साथ फौजी कारबाही सफलतापूर्वक सम्पन्न भयो। यस क्रममा सरकारले ग्रामीण क्षेत्रमा आफ्नो नियन्त्रण विस्तारै गुमाउँदै गयो । सर्वसाधारण जनता, विद्यार्थी, किसान र व्यवसायीहरूलाई आतङ्ककारी घोषणा गरियो । २०५८ मङ्सिर ११ गते सङ्कटकाल घोषणा गर्दै विद्रोही माओवादी पार्टीलाई आतङ्ककारीको बिल्ला भिराइयो। सङ्कटकाल घोषणापछि सरकार सर्वसाधारण जनतामाथि निर्मम दमन गर्ने नीतिमा अगाडि बढ्यो। यही क्रममा एक्कासि म घरमा राती सुतिरहेको अवस्थामा पक्राउ परेँ। यसपछि मलाई प्रहरी हिरासत, सैन्य हिरासतदेखि कारागार चलानसम्म गरियो । यही सिलसिलामा खेपिएका, भोगिएका यातना, अनुभूति र सिकाइ मेरो जीवनको एक हिस्सा बनेका छन् ।

## पक्राउ परेका क्षण र हिरासतको यात्रा

२०५८ साल मङ्सिर ११ गतेबाट तत्कालीन सरकारले देशमा सङ्कटकाल घोषणा गरी माओवादी र माओवादीलाई सहयोग पुऱ्याउनेहरू सबैलाई आतङ्ककारी घोषणा गऱ्यो । माओवादीका समर्थक, शुभचिन्तक, सर्वसाधारण जनता, शिक्षक, विद्यार्थी र व्यवसायीहरूमाथि बर्बर दमन हुन थाल्यो । २०५८ सालको मङ्सिर १२ गतेको राती म आफ्नो घरमा सुतिरहेको थिएँ । रातको समयमा अचानक ढोकामा लात्ताले ड्याम्म... हानेको आवाजले मलाई ब्युँझायो। जुरुक्क उठेर आँखा खोली हेर्दा वरिपरि त पुरै बन्दुकधारी सेनाहरू रहेछन्। म झसङ्ग भएँ। यतिकैमा सेनाले एक्कासि तँ आतङ्ककारी होस् ? भन्दै लछारपछार गर्दै कब्जामा लियो। मेरो कोठा खानतलासी गर्न थाल्यो। म योभन्दा अगाडि पनि तीनपटक प्रहरी हिरासतमा पुगिसकेको थिएँ। त्यो बेला पुलिसहरूले अलि सम्मानपूर्वक व्यवहार गरेका थिए । उनीहरूले मलाई जनादेश पत्रिकाको ग्राहक बने बापत, दिक्तेल बजारमा बम विस्फोट भएको बेला र दिक्तेल वरिपरि जनकारबाही भएपश्चात् जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएका थिए ।

त्यसबेला सोधपुछ पछि हाजिरी जमानीमा छाडिएको थियो ।

त्यस दिन कोठा खनतालासी गर्दा मेरा कोठमा जनादेश दैनिक, हिमाल पाक्षिक, नेपाल साप्ताहिक, मूल्याङ्कन मासिक जस्ता पत्रिका र रातो चम्किलो तारा, झुन्ड्याउँदा झुन्ड्याउँदै, आमा, अग्निदीक्षा, नयाँघर लगायतका उपन्यास तथा पत्र-पत्रिका भेटिए । म उक्त पत्रिकाहरूको नियमित ग्राहक बनेको थिएँ भने ती पुस्तकहरू चाहिँ अग्रजहरूले पढ्न सुझाएकाले किनेर ल्याएको थिएँ । यिनै पुस्तकहरूको अध्ययनले आन्दोलनप्रति चासो बढाएको थियो ।

मेरो कोठाको खानतलासी गर्ने सेनाले उसको कमान्डरलाई ती पुस्तक र पत्रिकाहरू देखाउँदै 'यो त आतङ्ककारीको नेता नै रहेछ नि साप !' भन्यो । सेनाका कमान्डरले कडकिँदै 'अझै सबैतिर सर्च गर्, हातहतियार पनि हुनसक्छ' भन्ने आदेश दियो । मेरो घरमा त्यसबेला घर, मतान र गाई भैँसीको ग्वाली गरी तीन ठाउँमा बनाइएका संरचना थिए । घरमा बुबाआमा भाइबहिनीहरू सुतेका थिए । भाइ र म भने मतानको कोठामा सुत्ने गरेका थियौँ । उनीहरूले हामी सबैलाई आँगनमा निकाले । भाइ र म सुत्ने मतानको कोठामा अझै सर्च गर्दै थिए । त्यहाँ भाइको कोर्सका किताबहरू पनि थिए । तिनै किताबहरू पल्टाउँदै जाँदा कान्तिपुर पत्रिका चेपिएको अवस्थामा फेला परेछ । त्यो पत्रिकामा माओवादी र सरकार पक्षबिच वार्ता हुँदाको बेलाका माओवादी वार्ता टोलीका सदस्यहरू कृष्णबहादुर महरा, टोपबहादुर रायमाझी र अग्नि सापकोटाको फोटो छापिएको रहेछ । यो देखेपछि उनीहरूले भाइलाई पनि यो पनि आतङ्ककारी नै रहेछ भनेर कब्जा गरे ।

हामीलाई कब्जामा लिएर हिँडाउनु अगाडि घरका सबैजनालाई आँगनमा उभ्याएर सेनाले फरमान जारी गऱ्यो । 'यी दुईजना आतङककारी रहेछन्, तिमीहरू यस्ता गतिविधिमा नलाग्नू' यसो भन्दै गर्दा आमाले त केही भन्न सक्नु भएन आँखाभरि आँसु टिलपिलाउँदै बस्नुभयो । तर बुबाले भने अनुनयको शैलीमा 'यिनीहरू त विद्यार्थीहरू हुन्, स्कुल कलेज जाने, घर आउने, वस्तुलाई घास काटने, खेती गर्न सघाउने काम गर्छन् । घर बाहिर कतै गएका पनि छैनन् । म पनि तपाईंहरू जस्तै सरकारी नोकरी गर्छु, आज यतिका राती किन लानुहुन्छ ? भोलि उज्यालो भएपछि म आफैँ प्रहरी कार्यालय, जिल्ला प्रसासन कार्यालय कहाँ भन्नुहुन्छ त्यही हाजिर गराउँछु । अहिले छाडिदिनोस् !' भन्नुभयो । तर सेनाको कमान्डरको मन कति पनि डगमगाएन । उसले उस्तै पारामा 'तिमीहरू जस्ता सरकारी जागिर खाने र सरकारकै विरुद्ध लागेको आतङ्कारी समूहलाई सहयोग गर्न छोराहरूलाई पठाउने काम गरेकाले देशमा यस्तो अवस्था आएको हो' भनेर हप्कायो । उसले फेरि एउटा आदेश दियो; "तपाईं पनि बिहान जिल्ला प्रहरी कार्यालयमा हाजिर हुन आउनू ।" यति भनेर हामी दुई दाजुभाइलाई आँखामा पट्टी बाँधेर त्यहाँबाट हिँड्न आदेश दियो ।

सेनाहरू मेरो घरमा करिब राती २ बजे आइपुगेका थिए । उनीहरू आएको करिब १ घण्टा ३० मिनेटपछि हामीलाई लिएर हिँडे । रातको समयमा हामीलाई आँखामा पट्टी बाँधेर, हातमा हतकडी लगाएर मुखमा आउने नेपाली शब्दकोशमा भएका जति सबै किसिमका गाली गर्दै हिँडाइयो । बाटामा बन्दुकको कुन्जाले हिर्काउँदै, सङ्गीनले रोप्दै र बुटले हान्दै हिँडाए । तिमीहरू आज मर्छौ भन्दै घरबाट १५ मिनेटमा पुगिने जिल्ला प्रहरी कार्यालय २ घण्टामा पुऱ्याए । उनीहरूको यातनाले हामी दुवैजनाको शरीर थिलथिलो भएको थियो ।

## प्रहरीको हिरासतमा दश दिनः

मङ्सिर १३ गते बिहान ५:३० बजे हामीलाई जिल्ला प्रहरी कार्यालय पुऱ्याएका थिए । बाटामा

बुट र बन्दुकको कुन्जाले हिर्काएर, सङ्गीनले घोचेर थिलथिलो बनाइएका शरीर लिएर हामीलाई त्यहाँ पुऱ्याइएको थियो । प्रहरी कार्यालयमा पुऱ्याएपछि 'सेनाले तँहरूलाई मार्ने थियो तर हाम्रा कारणले आज बचिस् !' भन्दै उनीद्वारा प्रहरी हिरासतमा हालियो । हामीलाई त्यहाँ पुऱ्याउने कमान्डरले त्यहाँ रहेका सुरक्षाकर्मीलाई भन्यो; "यी आतङ्ककारी हुन्, यहाँ दायाँबायाँ गरे भने गोली हान्नू" भन्ने आदेश दिएर हिँड्यो ।

हिरासतमा राख्दा अन्य मुद्दाका थुनुवाहरू नभएको कोठामा हामीलाई राखियो । बाटोमा हामी दाजुभाइलाई एउटै हतकडी लगाएर ल्याएका थिए । हिरासतमा राखेपछि हात पछाडि लगेर हामीलाई छुट्टाछुट्टै हतकडी लगाइयो । आँखामा पट्टी बाधिएकै थियो । हिरासत कक्षको भुइँमा सिमेन्ट प्लास्टर गरिएको थियो । पिसाबको दुर्गन्ध आइरहेको थियो । हिरासतमा बस्नेहरूलाई त्यहीँ (पिसाब फेर्ने) सर्ट ट्वाइलेटको व्यवस्था गरिँएकोरहेछ । दिसा बस्नका लागि चाहिँ बाहिर लगिने गरिँदोरहेछ ।

करिब १० बजेको हुँदो हो, उनीहरूले भाइलाई त्यहाँबाट बाहिर लगे । किन बाहिर लगेको रहेछ भन्ने पछिमात्र थाहा भयो । प्रहरी कार्यालयमा बुबा आउनु हुँदा तत्कालीन जिल्ला विकास समितिको सदस्य (क्षेत्रापाल) देवीप्रसाद रेग्मीलाई लिएर आउनुभएको रहेछ । उनै देवी रेग्मीले दैनिक हाजिर गराउने सर्तमा भाइलाई हाजिरी जमानतमा बुझेर लगेछन् । यो कुरा त्यहाँ डिउटी बस्ने प्रहरीले सुनाए । 'तेरो भाइ त छुटेर गैसक्यो । तँ चाहिँ पक्का आतङ्ककारी रहिछस् अब थाहा पाउँछस् !' भन्दै मलाई दिनभरि त्यहीँ हिरासत कक्षमा नै राखियो । मङ्सिरको जाडो, सिमेन्ट प्लास्टर गरेको भुइँमा रातभरि खाएको कुटाइको पीडा सहेर लडिरहनु भन्दा मेरो अर्को विकल्प के नै पो थियो र ?

बेलुकी ७ बजे हिरासतको कोठाबाट बाहिर निकालियो । आँखामा पट्टी बाधिएको हुनाले कता लगेका हुन् थाहा भएन । माथिल्लो तलाको अनुसन्धान कक्षमा लागिएको रहेछ । त्यहाँ पुगेपछि प्रश्नहरू सोध्न थालियो । उनीहरूले सोधेको प्रश्नहरू दिक्तेलका माओवादीहरू को-को हुन् ? भगवती आचार्य, देवी आचार्य र कृष्ण आचार्य कहाँ छन् ? दिक्तेल बजारबाट तिमीहरूलाई सहयोग गर्ने को-को हुन् ? दिलकाजी कहाँ बस्छ ? तेरा नेताहरू हेनरी, हिरण्य, ज्योति कहाँ-कहाँ छन् ? सल्लेरी आक्रमणमा तैंले के-के गरिस् ? सल्लेरीको वाणिज्य बैङ्कबाट लुटेको पैसा कहाँ राखेको छ ? सल्लेरीबाट तँ यति छिट्टै कसरी आइपुगिस् ?

यी सबै प्रश्नहरूको उत्तरमा मैंले म विद्यार्थी हुँ, विद्यार्थी सङ्गठनको सदस्य हुँ अरू केही थाहा छैन मात्र भनी रहेँ । जतिपटक प्रश्न सोधे पनि मैंले थाहा छैन भन्थेँ । त्यस बारेमा मलाई खास केही थाहा नै पनि थिएन । त्यो बेला उनीहरूले बन्दुकको कुन्जाले र बुटले हान्थे । त्यस दिन उनीहरूले मलाई निर्घात कुटे । करिब १२ बजेको समयतिर होला फेरि हिरासतमा लगेर राखे ।

हिरासतमा बस्दा त्यहाँ प्रत्येक घण्टा स्कुलमा जस्तै घन्टी बजाउने गर्थे । यो सुनेपछि समयको याद हुन्थ्यो । प्रायः जसो बेलुकीको समय भएपछि सोधपुछसँगै निर्घात कुटपिट गर्दथे । दिनका दिन कुटाइले असाध्यै पीडा भइरहेको थियो । त्यसपछि म आफैँले आफूलाई मानसिक हिसाबले पीडासँग जुध्न तयार पारेँ । जे-जे प्रश्न सोध्छन् थाहा छैन भन्दा अरू केही नभन्ने कुटून् कि मारून् केही सरोकार नराख्ने, मानसिक रूपमा तयार भएपछि म अडिग रहेँ । हिरासत कक्षमा कुनै पनि कपडा प्रयोग गर्न दिइएको थिएन । चिसो भुइँमा हात पछाडि लगेर हतकडी लगाएको आँखामा पट्टी बाँधेर लडाइ दिन्थे । कहिले बिहानको खाना दिउसो २ बजे त कहिले बेलुकी मात्र दिन्थे । दिसा बस्न जानुपर्दा समेत उनीहरूलाई भनेको १/२ घण्टा पछि मात्र लैजान्थे ।

त्यहाँ बसेको चौथो दिन केही पनि खाना दिएनन् । बेलुकी घोडा कुटने छडी (कोर्रा) ले निर्घात पिटे, शरीरभरि निलडाम भयो । त्यस दिन राती ११ बजेतिर हिरासतमा ल्याएर छाडियो । त्यसदिन कुटेको दुखाइ र भोकले छटपटी र बेचैनीमा नै रात बित्यो ।

सोधपुछ गर्नका लागि कहिले सिपाही, कहिले हवल्दार, कहिले जुनियर अफिसर (सइ, असइ) र कहिले इनिस्पेक्टर आउने गर्थे । उनीहरूले सोधपुछ गर्दा आफ्नो पदको समेत हवाला दिँदै हप्काउने गर्थे । त्यसैले उनीहरूको पद थाहा हुन्थ्यो । सोधपुछ गर्दा प्रायजसो कपडा खोल्न लगाएर शरीरमा बन्दुक राख्ने, कहिले सङ्गीनले रोप्ने, कुन्जोले हिर्काउने, बुटले छातीमा टेक्ने, पोलेथिन पाइप र छडीले हिर्काउने गर्दथे । जहिल्यै उही पहिल्यै सोधिएका प्रश्नहरू सोध्ने गर्दथे । मैले पनि उत्तर दिँदा उही थाहा छैन भन्थेँ । त्यो क्रम निरन्तर चल्दथ्यो । अलि लामो समय कुटेपछि चिसो पानी खन्याउने गर्दथे ।

हिरासतमा बसेको आठौँ दिन बिहान ८ बजे नै खाना दिए । १० बजेतिर नै हिरासत कक्षबाट बाहिर निकालियो र सोधपुछ सुरु गरियो । त्यसदिन डिएसपी आफैँ सोधपुछ गर्न आएका रहेछन् । डिएसपीले आँखाको पट्टी खोल्न लगायो । आँखाको पट्टी खोलेपछि भन्यो; “तँ कति वर्ष पुगिस् ?” मैले भने; “२० वर्ष ।” उसले भन्यो; “मैले जागिर खाएको २५ वर्ष भयो, अहिलेको डिएसपी बस्नेत हुँ, तँ जस्ता अपराधी र आतङ्ककारीलाई कारबाही गर्दा मेरा जाँठा फुलिसके, मैले सोधेका प्रश्नको सही उत्तर दिइनस् भने आज नै तेरो अन्तिम दिन हुनेछ ।” त्यसपछि प्रश्नहरूको वर्षा हुन थाल्यो । उसले जे प्रश्न गरे पनि मेरो उत्तर उही पुरानै थियो । ‘थाहा छैन’ । उसले करिब आधा घण्टापछि ‘दिलकाजी कहाँ छ ? त्यो आतङ्ककारीको कमान्डर भएको ठाउँमा हामीलाई लैजा’ भन्यो । मैले भनेँ; “म दिलकाजी चिन्दिनँ र उसको बारेमा मलाई केही थाहा छैन ।” यति भन्नासाथ उसले छातीमा एक लात हानेर आफ्नो कम्मरमा भिरेको रिभल्बर कक गर्‍यो । ‘अब तँ मरिस्’ भन्यो । मैंले पनि सिधा आँखा जुधाएर भनेँ; “धमास मात्र किन दिन्छस्, सक्छस् भने गोली हान् । म त समातिएर आएकै दिन देखि तयार छु ।” यसपछि रिसले चुर्मुरिँदै उसले भन्यो; “तँ यति सजिलै मर्न पाउदैनस् । यसलाई नेल ठोक भन्ने आदेश दियो ।”

यसपछि मलाई कपडा खोलेर लडाएँ । आँखामा फेरि पट्टी बाँधे खुट्टामा केले हो कसेर राखे, शरीरमा २/३ जनाले किचेर बुढी औंलाहरूमा मसिनो काँटी (पिन)ले घोच्न थाले । यसरी घोच्दा असाध्यै पीडा हुँदोरहेछ । सहन नै गाह्रो पर्दोरहेछ । कतिबेलासम्म घोचिरहे त्यसपछि केही थाहा भएन । म बेहोस भएछु । म होसमा आउँदा शरीर पुरै पानी र रगतले भिजेको रहेछ । यस्तो अवस्थामा म हिरासत कक्षमा लडाइएको रहेछु । सायद उनीहरूले बेहोस भएपछि हिरासत कक्षमा लगेर पानी खन्याएर छाडेका रहेछन् । नेल ठोकेका ठाउँबाट धेरै रगत बगेछ ।

म अर्ध बेहोस अवस्थामा लडिरहेको थिएँ । हिरासतमा राखिएको ९ औं दिन बिहान हिरासतमा एउटा सिपाही आएर मेरा लुगा दिँदै लगाउन भन्यो । कुटाइले थिलथिलो भएकाले हातहरू नि राम्रोसँग चलाउन मिल्दैन थियो । उसैले कपडा लगाइदियो । हतकडी लगायो र एक लात हानेर ऊ फर्कियो ।

त्यसदिन मासुको सुपसँग खाना खान दियो । मलाई सहनै नसकिने पीडा भइरहेको थियो । त्यही अवस्थामा एकजना चिनेको हवल्दार हिरासत कक्षमा आयो । मेरो अवस्थाको बारेमा सोध्यो र २ गोली दुखाइ कम गर्ने औषधी दिएर गयो । त्यसदिन बेलुकी सोधपुछका लागि पनि लगिएन ।

मङ्सिर २१ गते बेलुकी हिरासतबाट एकाएक निकालियो । बाहिर निकालेपछि ‘तैंले केही कुरा पनि भनिनस् । अब सेनाकोमा जान्छस् अनि थाहा पाउछस् ।’ त्यहाँ सेनाको टोली तयारी अवस्थामा

बसेको रहेछ। खुट्टामा यातनाको कारणले घाउ नै घाउ थियो। जुत्ता लगाउने कुरै भएन। मलाइ हिँड्न गाह्रो भयो भनें। मैले त्यति भनेपछि सेनाको टोली कमान्डरले 'यसलाई हातमा समाएर घिसार र एउटा टोली अगाडि गएर यो अटाउने खाल्डो खन्' भन्यो। उताबाट 'हस् साप' भनेको आवाज आयो। अर्कोले भन्यो; "आज तँ मर्छस् तेरो केही भन्नु छ ?" मैले पनि भनें; "छैन मलाइ मार्दा हुन्छ।"

म सकी नसकी हिँड्थे । उनीहरूले मानसिक यातना दिँदै, बन्दुकले घोच्दै लगे । करिब ४० मिनेट पछि एउटा बन्द कोठामा लगेर राखियो । आँखामा पट्टी बाँधिएकाले कहाँ छु ? भन्ने थाहा नै भएन । २२ गते बिहान सेनाले परेड खेलेको र बिगुल बजेको आवाज सुनेर थाहा भयो । सेनाको क्याम्पमा ल्याएछन् ।

## सैन्य हिरासतको २० दिनः

सैन्य हिरासतमा २१ गते राती पुऱ्याइयो। त्यस राती केही गरिएन। यातनाले थाकेको ज्यान मज्जाले निदाइएछ। २२ गते बिहानबाट सोधपुछ गर्न थाले। उनीहरूले पुलिस हिरासतको भन्दा फरक तरिकाले प्रश्नहरू सोध्ने गर्दथे। तिमीहरूसँग सेना कति छन् ? कहाँ बस्छन् ? बन्दुकहरू कस्ता-कस्ता छन् ? बम आफैं बनाउँछौ कि बाहिरबाट ल्याउँछौ ? दिलकाजी कहाँ बस्छ ? यी प्रश्नहरू निरन्तर सोधिने गर्थे । मैले थाहा छैन भन्थैं । उनीहरूले गिटी बालुवा ओछ्याएको ठाउँमा क्रोलिङ् (घुँडा र कुहिनोले टेकेर हिँडाउने) गराउँथे। मङ्सिरको जाडो मुढे ब्यारेकको कठाङ्ग्रिदो ठाउँमा चिसो पानीको पोखरीमा डुबाउने गर्दथे। म मानसिक रूपमा केही नभन्ने जे गर्छन्, गरून् भन्नेमा दृढ थिएँ।

प्रहरी हिरासतमा भन्दा खाना चाहिँ अलि टाइममा नै दिन्थे। यातनाले थिलथिलो भएको शरीर खाना रुच्दैनथ्यो। खाना खाने बेलामा हतकडी खोली दिन्थे, आँखाको पट्टी पनि खाना देखिन सक्नेगरी लगाइ दिदा अलि हल्का महसुस हुन्थ्यो। म खाना अलि ढिला गरेर खान्थैं। खाना छोड्दा या ढिलो खाँदा समेत कुटाइ खाइन्थ्यो। त्यहाँ राखिएको पाचौँ दिन २७ गते राती मलाई राखिएको कोठामा अन्य २/३ जना मान्छेहरू लिएर आए। उनीहरूलाई मनपरी गाली गरेको सुनेर मात्र मान्छे लिएर आएको थाहा भयो। उनीहरू को हुन् भन्ने कुरा थाहा हुने कुरै भएन। सेनाहरू त्यहाँबाट निस्किए पछि थाहा भयो। एकजना दोर्पाका धुर्व आचार्य र अर्का माक्पाका जसमान परियार 'जीवन' रहेछन्। उनीहरूसँग थप बोल्ने कुरा भएन। त्यहाँ हामी बोलेको सेनाले थाहा पायो भने थप कुटाइ खाइन्थ्यो। विस्तारी सानो स्वरमा सासले मात्र केही बोल्थ्यौँ। सोधपुछ गर्न लाँदा एकैचोटि लादैनथे। त्यहाँ राखिएको छैठौँ दिन २८ गते बिहान हामी राखिएको कोठाको ढोका खुल्यो। मेरो आँखाको पट्टी र हतकडी पनि खोली दिए।

त्यहाँ त्यस ब्यारेकका गुल्मपति आएका रहेछन् । उनको दर्ज्यानी चिन्ह हेर्दा थाहा भयो । उसले सुरुमा सभ्य भाषामा तपाईं सदरमुकाममा बस्ने सचिवको छोरा भएर यस्ता आतङ्ककारी गतिविधिमा किन लागेको ? पढेर जागिर खान किन नलागेको ? भनेर सोध्यो । मैले उही शैलीमा भनें; "म त विद्यार्थी नै हो । पढ्दै छु । अन्य कुरा त मलाई केही थाहा भएन ।" उसले यसपछि कडकेर भन्यो; "साले गधा ! तँलाई राम्रो मुखले सोध्दा हुदैन ? लातको भत बातले मान्दैन ।" यसो भन्दै छातीमा एक लात्ता हान्यो। ऊसँग अन्य २ जना महिलाहरू पनि आएका रहेछन्। उसले उनीहरूलाई अगाडि बोलाएर 'यसलाई चिन्छस् ?' भनेर सोध्यो। दुईजना मध्ये १ जनाले, 'चिन्छु माओवादीको नेता हो, हामी त्यहाँ हुँदा हाम्रो नेता हो' भनिन् । उनीहरू सोलुको सल्लेरी मोर्चा पश्चात आत्मसमर्पण गर्न आएका जनमुक्ति सेनाका भगौडा रहेछन्। मेजरले, 'त आतङ्ककारीको नाइके होस्। तेरो हिसाब किताब हुन्छ।' भनेर त्यहाँबाट निस्कियो । मलाई फेरी हतकडी र आँखामा पट्टी बाँधियो । त्यसदिन

बेलुका चरम यातना दिए । गिटीमा क्रोलिंङ, हरियो बाँसको भाटाले सबैतिर निर्घात कुटियो । त्यसरी कुट्दा शरीरभरि चोट लाग्दोरहेछ । मलाई त्यहाँ बस्दा धेरै सोधिएको प्रश्न दिलकाजी कहाँ बस्छ ? तिमीहरूका सेना कति छन् ? हतियार कस्ता-कस्ता छन् ? नै थिए । कुनै पनि प्रश्नमा मेरो उत्तर थाहा छैन मात्र हुन्थ्यो । उनीहरू आफू नगलुन्जेल मलाई पिट्थे ।

मङसिर २२ गते देखि पुस ११ गते सम्म आर्मीको हिरासतमा बस्दा सोधपुछ भन्दा धेरै कुटाइ नै खाइयो । त्यहाँ २० दिन बस्दा २० दिन नै क्रोलिङ गराए । शरीरभरि घाउ नै घाउ मात्र भएको थियो । कुटाइ, दुखाइ र यातनाले शरीर कमजोर भए पनि मानसिक हिसाबले चाहिँ गलेको थिइनँ । त्यहाँ प्रायजसो जमदार र सुबेदारहरूले अनुसन्धानको कमान्ड गर्थे । त्यहाँ गएको २० दिनको बसाइपछि मलाई आतङ्ककारी विधेयकअनुसार जिल्ला प्रसाशन हुँदै कारागार चलान गरियो ।

**यातनाको परिणाम र ज्यानको अवस्थाः**

आँखामा पट्टी र हात पछाडि लगेर लगाएको हतकडीका कारण जिउ एकदम अचल जस्तै भएको थियो । यातनाका कारण शरीरभरि घाउहरू थिए । यस्तो बेला जुम्राले टोक्दा पनि असह्य पीडा हुँदोरहेछ । औँलामा पिन ठोक्ने, उँधो मुन्टो लगाएर पैतालामा पोलेथिन पाइप र छडीले कुट्ने, गिटी र बालुवा भएको ठाउमा क्रोलिङ गराउने र जाडोमा चिसो पानीमा चोपल्ने, हरियो बाँसको भाटा तताएर कुट्ने, बन्दुकको कुन्दाले हिर्काउने, सङ्गिनले घोच्ने लगायतका यातनाहरूका कारण हिरासतहरू यातानाकेन्द्र नै थिए । प्रायजसो धेरै कुटपिट गरेपछि पानीमा चोबलिन्थ्यो । क्रोलिङ गर्दा हातको कुइना र घुँडाको छाला सबै पिल्सिएका थिए । जिल्ला प्रहरी कार्यालय र आर्मी ब्यारेकमा २९ दिन हिरासत बस्दा जे-जति यातना भोगियो । त्यसलाई मापन गर्ने कुनै त्यस्तो चिज छैन । यातना त केवल अनुभूत गर्ने विषय मात्र रहेछ ।

अन्ततः २९ दिनको हिरासत बसाइले जीवनको कठिन परिस्थितिमा पनि आत्मबल र धैर्यको महत्त्वलाई गहिराइबाट बुझ्न सघायो । निर्दोष जनतालाई बिना कारण यातना दिने घटनाले मलाई मानव अधिकार र न्यायको मूल्य कस्तो हुन्छ ? भन्ने नयाँ दृष्टिकोण प्रदान गऱ्यो । कुनै पनि युद्ध, आन्दोलन र सङ्घर्षमा व्यक्तिगत स्वतन्त्रता कसरी कुण्ठित गरिन्छ भन्ने महसुस गरायो । समाजमा असंवैधानिक शक्ति प्रयोगको विरोध गर्नुपर्ने कुराको महत्त्वलाई अझ बढी गहिरो अनुभूति गरायो । अन्याय, अत्याचारको विरूद्ध र न्याय समानताको पक्षमा लड्ने दृढ सङ्कल्प गरायो । युद्धले समाजमा दीर्घकालीन घाउहरू छोड्छ जसले शान्तिको आवश्यकता र मूल्य कस्तो हुन्छ भन्ने महसुस गराएको छ ।

अन्ततः सत्यको पक्षमा उभिने साहस र सामान्य व्यक्तिको भूमिकालाई मैले जीवनको नयाँ दृष्टिकोणबाट हेर्न सकेको अनुभूति छ । यी सबै अनुभव र अनुभूतिहरूले मलाई न्याय र समानताको पक्षमा लड्ने सङ्कल्प प्रदान गरेको छ । तिनै यातनाले मलाई जनयुद्धमा पूर्णकालीन योद्धा भएर लामबद्ध हुनाका लागि प्रेरित गरेको थियो । म अहिले जुन ठाउँमा छु त्यही पक्राउ, हिरासत र यातनाको कारणले छु । मेरो राजनीतिक जीवनको दिशाबोध गराउन यिनै परिवेशले साथ दिएको छ ।

हाम्रा हिरासतहरू यातना गृहबाट सुधार गृहमा परिणत भएका छन् । मेरो २९ दिनको हिरासत बसाइले मेरो जीवनमा एउटा नमेटिने छाप छोडेको छ । यी यात्रा र नियात्राहरूमा अझ बाँकी कार्यभारहरू यथावत् रहेका छन् । यसलाई सफल बनाउन सबै क्षेत्रबाट उत्तिकै योगदानको खाँचो रहेको छ ।

कविता

# नलेखिएका कविता

-अनिसा रम्तेल
बि.एड. चौथो बर्ष

जब छुट्छ सङ्गीत, शब्दहरूसँग
तब लेख्न सक्छ सङ्गीतको वियोग
नसक्ला रेटिन वियोगमा सारङ्गीका तारहरूसँग
तर लेख्न सक्छ रेटिएको तारको विलौना
जब छुट्छ निक्खारता, श्रृङ्गारसँग
तब लेख्नसक्छ श्रृङ्गारको नाम दिएर
पितृसत्ताले पोतेको आतङ्कमा लुकेको सुन्दरता !
जब छुट्छ धनाढ्यहरूबाट गरिबको छत
तब लेख्न सक्छ भोक हडतालको आन्दोलन

नलेखिएका कविता लेख्न सक्छ
हार्नेहरूको कोसिस
जित्नेहरूको वलिदान
सहिदहरूको योगदान
नलेखिएका कविता लेख्न सक्छ
पितृसत्ताले खुम्चिएकाहरूको क्रान्ति
चुल्हो चलाउनेहरू भित्र लुकेको कलमको शक्ति
परिवर्तनको लहर,
भावी पुस्ताको लागि सुरक्षित घर
जहाँ छुटिदैन लेख्न,
भोकमरीको उपाय, अन्यायलाई न्याय
भावनाको कदर, समानताले बाचेको जनताको सहर !

नलेखिएका कविताहरू खासै !
कसैलाई दिलजस्तो लाग्दैन,
बाटोभरि सँगै रहेर पनि मन्दिर बाहिरै पर्खने चप्पलको कविता
कसलाई मनपर्ला ?
न्यायको ढोकासम्म आएर पनि फर्किनेहरूको अन्यायको कविता
कसलाई मन पर्ला ?
धारासम्म पुगेर प्यासै फर्किने अछुत बनिएका बाध्यताको कविता

## मुक्तक

कैलाश खड्का
बि.एड. दोस्रो बर्ष

नयाँ पाहुनाको आगमनसँगै नाचिदै छ रे
सुगन्धमय सम्बन्धहरू गाँसिदै छ रे
बुढेसकालका साहारा भन्ने तिनै थिए
साहाराका नाम पनि अब भाँचिदै छ रे

## मुक्तक

उता जन्ती यता लास भए छ भने
यो प्राणत्वको अन्तिम सास भए छ भने
हाँसी खुसी रमाउन पिर गर्दै नगर्नु
चिता भूमिमा नै अन्तिम बास भएछ भने

कसलाई मन पर्ला ?
महल जस्तो घरमा नअटेर
अलिपर गोठको चिसो भुइँ र चिसो भातको सिकार
नछुइने आइमाईको कविता
कसलाई मन पर्ला ?

कसैलाई मन पर्दैन !
युगलाई मन पर्छ त केवल जितको कविता,
जस्न/खुसीको कविता
मन/मस्तिष्क तृप्त हुने कविता
जहाँ,
कलमले गुलामी गरोस्, यो युगको सोचको
लेखोस् मात्र उसको मनमानी
गर्दै हिँडोस् खुलेआम ऊ अपराधहरू
कलम लेखिरहोस् उसलाई स्वतन्त्र डुल्ने फैसला
अपराध/शासन गर्ने छुट
कहिले लिङ्गको विभेदमा, त कहिले जातिको नाममा
कहिले रङ्गको विभेदमा, त कहिले धर्मको नाममा

लेखे हुनेथ्यो कसैले, केही तपाईका अनि केही मेरा कुरा
छोड्नेहरूको नाममा छुटिनेहरूको विवश त्यो गुपचुपका कुरा
बगर छोडेर, नदीले ढुङ्गामा खेप्नुपरेको ठक्करको कुरा
अग्लिएर पनि एक्लिएको हिमालको कुरा
लेखे हुन्थ्यो नि कसैले यस्तो कविता
जहाँ महिलाहरू खुलेआम गरून् वयान आफ्नो गोप्य अङ्गहरूको
पुरुषहरू बगाऊन् दिल खोलेर आँसु, गरून् विरोध पुरुष कठोर हुनुपर्छ भन्नेहरूको
अपराधीहरू पश्चातापले लेखून् फैसला आफैँले गरेको अपराधहरूको
पण्डितहरू नछुइने महिला/दलितलाई खोलून् ढोका मन्दिर/मस्जिदहरूको

लेखे हुन्थ्यो कसैले
केही त्यस्तो कविता जो दर्शकको हैन
इतिहासको मन जितोस्,
अनि इतिहास आफूलाई बदल्ने स्वीकृति छोडेर हिँडोस्

लेखे हुन्थ्यो कसैले
त्यस्तो कविता जो तपाईलाई सुनिरहन मन छ
त्यस्तो कविता जो सबैलाई बाँच्नु पर्छ/बदलिनु पर्छ भनेर अघि बढ्छ

कविता (चाम्लिङ भाषा)

# ढालो

रकम रोदुङ
हलेसी- तुवाचुङ-८

ढालो - ढालो मोलाचुङ - तुवाचुङ थसुङदा
झारा ङो कै तिपिये किन्यौ ईस्खाल्यो
ईकुङदा

कै, - खैनी आसो ना हाकाछु ल्हाम्सा-
ल्हासा
वुसी हैडा वाङिये नो लाम लाम्सा -
लाम्सा

ईसा दिमची छितिमे, झारा चुङमादा
ल्होमुसा
लाम्थिये कैओहिया झारा युढो सौँ-
खौं- मुसा

साकेलादा कै तिपी धिरीला दुङ वाङापा
तोया, रासा- रासस खातिये लै झारा
बुसीदा

हुईलो - हुईलो नामखुर्दा ना वामो दिखा
खाङानी
देनो-कैना, दाँसी-दाँसी ? म्बुसी हैडा
वाङानी
देलो ढालो कै छुदिमे ? त्योको हौँ
थोसुङदा
देम्नो ईरोल्योलो खारुमुमे नाखै कै
दौंसीदा

कविता

# नेपाल आमाको कथा

सपना फयाँल
बि.बि.एस. प्रथम वर्ष

स्वर्गकी अप्सरा मानिने नेपालकी आमा
दुखेसो पोख्दै थिइन् राती सपनामा
करुणाले भरिनु पर्ने ती कोमल आँखाहरू
ग्लानिले भन्दा पनि गौरवले भरिनु नि बरु

भन्दै थिइन् उनी देश गयो अब
भाइभाइ पनि पराइ बने सब
ती वीर पुर्खाको त नाकै काटिहाले
सामानसँग पैसा साट्दा देश साटिहाले

देशका चालक भन्नेहरू कुर्सी तानातानमा
गरिब दुःखी युवा भने खाडीको तातो घाममा
राष्ट्रप्रेमी भन्नेहरू राष्ट्रघाती निस्के
विकासका मुहारहरू विनाशका निस्के

भ्रष्टाचार र अत्याचारले नाघिसक्यो सीमा
कठैबरी ! छोराहरूले बुझेन मेरो महिमा
कमी होइन बरु अवसर दिएकी छु नानी
हराभरा प्रकृति, वनजङ्गल अनि पानी

तँमा उज्यालोको किरण देखेकी छु मैले
मेरो आशालाई निभ्न नदिए है तैँले
कर्मशील र देशभक्त नागरिक बन्नू
राम्रो काम गर भनी सबैलाई भन्नू
यति भनी गइन् उनी मेरो सपनाबाट
सबै कर्मठ बन्ने हो त आजको दिनबाट ?

कविता

# कलीयुगको पारुहाङ

**विनोद राई**
**शिक्षा सङ्काय तेस्रो वर्ष**

प्रकृति प्रेमी !
प्रकृति पुजारी, प्रकृतिकै बखान गर्ने गर्छ ऊ
खै उसले आफ्नो वंश धान्न खोजेको हो कि ?
नातावादी, कृपावादी विरुद्ध स्वच्छ रङ्ग भर्ने गर्छ ऊ

ऊ त
निःशब्द छ देखेर,
जलेको त्यो गगनचुम्वी सपनाहरू
ऊ त
अचल स्थिर अकमक्क छ भेटेर,
ढलेको त्यो नेपाली नौलो जोस जागरहरू

ऊ त
अब आसैआसमा पो छ,
कि दिन आउला, आफ्नै संसार बसाउला

ऊ त
अब आफैँ निराशामा पो छ,
त्यो दिन कहिले आउला ?
उसको मनमा हर्ष, उमङ्ग कहिले पो छाउला ?

ऊ त
अँधेरी रातसँग आफैँ बोलिरहेछ
म कसरी बाँचरिहेछु ?
भन्न पनि पाएको छैन,
नदेखिने त्यो घाउ छ अनि
जिम्मेवारीको थाप्लो पनि
हिजोआज मन खोल्न
देउरालीसम्म जान पनि पाएको छैन ।

ओहदामा पुगी
आफ्नो पदको दुरूपयोग गर्ने
अनि आफ्नै झोला भर्ने प्रिय भडुँवा हो ।
तिमीहरूको झोलाको बाँध भरिएन र ?
अब अझै कति गर्छौ जालझेली
तिमीहरूको मन भरिएन र ?

सुनिदेऊ न अब उसलाई प्रिय भडुँवा हो
किन भन्छौ तिमी बदलिदैन अब नेपाल ?
गरेपछि आफैँ तिमी आफ्नो पदको व्यपार
सुहाउँदैन तिमीलाई
भन्न अब बदलिदैन नेपाल
सुहाउदैन तिमीलाई
भन्न अब बदलिदैन नेपाल ।

खै र केही छैन
अब धेरै गर्नु पर्दैन तिमीले
उसको सङ्घर्षमा साथ दिनु त्यति भए त पुग्छ
उसको हत्केलामा हात थपिदिनु त्यति भए त पुग्छ
अनि हेर्नू तिमी नतिजाको स्वरूप
नबदलिने साइनोवादी हुकुम त्यो
नयाँ नेपाल, शिक्षित नेपाली सामु कसरी झुक्छ ।

प्रिय ओहदामा बस्ने ठुल्ठुला पद सम्हाल्ने महान् व्यक्तित्वहरू
विकास कार्य र नेपालीको आवश्यकतासँगै रुझिदिनू
निःशब्द अनि अकमक्क परेको त्यो मनुवाको मन बुझिदिनू ।
त्यति भए त पुग्छ ।
त्यति भए त पुग्छ ॥

कविता

# म हत्यारा हुँ

**दीपा राई चाम्लिङ**
**हलेसी तुवाचुङ नगरपालिका-३, च्यास्मीटार (दाल्फु),**

केवल म मरिसकेँ
मेरो पूर्व जन्म बिर्सिसकेँ ॥
पूर्व जन्म बिर्सिएर म बौलाइरहेको छु
तिमी मलाई देखेर हाँस्दै गर ॥
तिमी मेरो बौलाह रूप देखेर कुरा काट्दै गर
कालो कुखुराले बाटो काट
कालो बोकाले बाटो काट
अझै दोबाटोमा नै धुर,
तर समाजले नदेख्ने गरी धुर
यति निर्दयी छ यो समाज
न बाँच्न नै दिन्छ ,
न रुन नै दिन्छ
न मर्न नै दिन्छ ॥

याद छ अझै पूर्व जन्मको
एक्लो थिएँ, रित्तो थिएँ ।
म खोक्रो थिएँ, म थोत्रो थिएँ,
तर म हत्यारा होइन
कुनै दिन सङ्लो खोलाको पानी झैँ थिएँ,
जता जान्छ, उतै बगिरहेँ ।
कैयौँ व्यथा कथा देखी तरिरहेँ
मलाई समाजले हत्थारा बनायो
तर म आफ्नो प्राणको हत्यारा होइन
सास नगए सम्म आस हुने रहेछ,
त्यसैले त ज्यानको बाजी राखी लडिरहेँ ॥

ए..................!
सरकार तिम्रो लागि मात्र पाले राख्दै गर
हामी न्याय माग्दै प्राण त्यागौँला ॥
न्यायको साटो गोपनियता भङ्ग गर्दै गर,
हामी समाजबाट तिरस्कृत हुदै गरौँला ॥
आज पाउँछ भन्यौ छैन,
भोलि पाउँछ भन्यौ छैन ॥
धेरै वर्ष पुग्यो
न्याय पाएको छैन ॥
हिजो तुरिएका पल्ला घरे काका
आज निस्कदै छ रे ॥
मिसन चौरासीमा,
ठूलै पदमा पो उठ्दै छ रे ॥

थुक्क............................!
कसले तोक्यो मेरो मूल्य दश लाख
कसले फैसला गऱ्यो बीस लाख ॥
ऐन, नियम, विधान जलाइदेऊ न,
न्याय विक्री भइरहेको छ धनले ॥

जिन्दगीको ठूलो भारी बोक्थेँ
बल्ल आज हलुङ्गो भा छ,
राई माइलीले व्यय पाउनु अघि
मेरो लास भा'छ ॥

ए............!
राष्ट्रपतिज्यू,
प्रधानमन्त्री
मान्य प्रमुखज्यू !
म.................अँ

अवलाको आवाज तपाई कहाँ कहिले पुग्छ ?
हजुरको संविधान संशोधनले,
मेरो लुटिएको इज्जत फिर्ता हुन्छ र ?

सरकार बनाउने र भत्काउने विधानले
भौतारिरहेको आत्माले शान्ति पाउँछ र ?
बहुमत र अल्पमतको लडाइँमा,
बलात्कृतलाई फाँसीको सजाए हुन्छ र ?

अहँ....................!
समाजबाट तिरष्कृत
न्यायबाट बहिष्कृत
अपराधीबाट बलात्कृत
आफन्तबाट अपरिचित म,
तपाईँको क्रान्तिकारी सिद्धान्तले निको हुन्छ र ?
न दिल खोलेर हाँस्न दिन्छौ,
न मन खोलेर रुन दिन्छौ
न मर्न दिन्छौ
न न्याय दिन्छौ
म मरेको मान्छे
मर्न देऊ न सरकार ।
म बौलाएकी मान्छे,
मलाई बौलाउन देऊ न सरकार ।
म हत्यारा हुँ
मलाई फाँसी देऊ न सकार !

कविता

# म मेरे पनि मेरो विद्यालय बाँचिरहोस्

विजय खड्का
कक्षा ११

म मेरे पनि मेरो विद्यालय बाँचिरहोस्
शिक्षा ज्ञानको यो आशा सदैव
जलेर रहोस्

जहाँ हर एक कोठामा ज्ञानको, प्रकाश
सपना र संघर्षका पाइला सजाउँछ खास ।
म मरे पनि यो विद्यालयको नाम
उचाल्नेछु
पर्खाइका भित्री ज्ञानहरूलाई सुरक्षित
राख्ने छु
सपना देख्ने कक्षामा साथीसङ्गीहरूको
हाँसो
शिक्षकशिक्षिकाहरूको माया र किताबको
प्यारो ।

सपना अनि सङ्घर्षको यो पथ असर
सँगै लड्नको सङ्कल्प, उही परिचित
आधार

म मरे पनि मेरो आत्मा अडिग
विद्यालयको संरचना बनाउन चाहन्छु,
सधैँ यथार्थिक

म मरे पनि यस शिक्षण संस्थाले सधैँ
फड्को मारोस्
सपना र विज्ञानको यो दीप सदैव
जलिरहोस् ।
विद्यालयको भविष्यलाई सधैँ
उज्ज्वल बनाउन
विद्यार्थीहरूको आँसु बगून्, हर्षको
गीत गाउन ।

कविता

# हतास हुन्छु

**वेदना राई साहेबा**
**बि.एड. तेस्रो वर्ष**

हतास हुन्छु,
जब बिहानीको हरेक अखबारहरूमा
आफू बलात्कृत भएको खबर पढ्छु
आफू बेखबर भएको, खबर सुन्छु
अनायसै आक्रोश हुन्छन् यी नयनहरू
जब अखबारको प्रत्येक पृष्ठहरूमा
मेरो मखमलको फरिया,
च्यातिएको देख्छु,
देख्छु, फरियासँगै च्यातिएको अस्तित्वहरू
मेटाउन खोज्छु कलङ्कको एक थान कालो दागहरू
मलाई अफसोच लाग्छ,
खुलेआम भलाद्मीको खोल ओडेर हिँड्ने
दानवरूपी मानवहरूप्रति
आडम्बरिताको खोक्रो झोला
भिरेर हिँड्नेहरूप्रति
जसले मेरो निर्दोषिताको गलत फाइदा उठाएको थियो
बलत्कारपछि निर्मम हत्या गरेको थियो
र अहिले म खडेरी लागेको न्यायलयमा
धाइरहने जुलुसहरू मध्येको एक नारा
एक क्रान्ति
श्रीमान् भुलिबक्सिनु भयो
तपाईँकै चम्चेहरूद्वारा बलात्कृत, अस्मिताविहीन छोरी
म निर्मला
म भगरथी
आफ्नो पवित्रताको प्रमाण दिन
प्रचण्ड अग्निमा जलेकी म सीता
बुद्धद्वारा तिरस्कृत म यशोधरा
श्रीमान् ठम्याउन सक्नु भएन ?
नचिनेको दोष चस्मालाई होइन
तपाईँको आँखालाई दिनुहोस्
फेर्नुहोस चस्माविहीन
एक जोर नयाँ आँखाहरू ॥

# गजल

**अन्जना राउत**
**बि. एड्. दोस्रो वर्ष**

पीडामा छ हाम्रो देश हाम्रो कारणले
छैन असल परिवेश हाम्रो कारणले ।

हाम्रो घर पराइले कहाँ बनाउँछ
हुदै छ भग्नावशेष हाम्रो कारणले ।

हामी नै हौँ युवा शक्ति देश बनाउने
पुग्दै छ मुटुमा ठेस हाम्रो कारणले ।

संसार सिप्रन्छ सुरु गरे आफूबाट
पारौँ न त केही बेस हाम्रो कारणले ।

भावी पुस्ताले लिऊन् हाम्रो उदाहरण
नबसौँला केही क्लेश हाम्रो कारणले ।

# गजल

एलिसा राई
कक्षा - १२

तिम्रो हरेक समस्यालाई हराउन सकूँ आमा
हृदयमा तिमीलाई सजाइ तिमीसँगै रमाउन सकूँ आमा

तिमीले गरेका सङ्घर्ष सबै याद छ मलाई
ती सङ्घर्षलाई नै सफलता बनाउन सकूँ आमा

तिम्रो त्यो, मुस्कान हराएका मुहारमा
सुनौला मोतीहरू चम्काउन सकूँ आमा

आज पूरा भएको छैन, एक दिन पूरा हुने छ सपना
मेरो सपनामा नै तिम्रा रहरहरू कमाउन सकूँ आमा

सम्झन्छु , तिम्रा ती फुटेका पैतालाहरू
ती पैतालामुनि तिम्रा दुःखलाई जमाउन सकूँ आमा

खुसीहरू खोजीरहेको छौ होला अपार
तपाईंको जीवनमा अनमोल माया ल्याउन सकूँ आमा

संसारका सारा खुसी दिन त नसकुँला
तर अदभूत् खुसी तपाईंको हातमा थमाउन सकूँ आमा

कविता

# वर्णेको डिही

- अनुशिल राई
कक्षा ११

वर्णेको डिही एक्लो छ
अति नै एक्लो
त्यहाँ आगो नसल्केको वर्षौ भयो
सायद १५ होला

किन सल्किन्थ्यो र ?
बारी हेर्ने डिहीले हेर्न
न बाली नै छ न खेद्नं बाँदर नै
डिहीले विरहको गीत गाउँछ
ऊ एक्लो भएकोमा
अनि सम्झन्छ
पुराना दिनहरू वर्णेले चोरेर ल्याएको मादल
समला बजेको
रामले झिक्रा बालेको
अनि गुमानसिंहले मिठो गीत गाएको

कहिले त बटुवा नि बस्दिए
नुन बोकेर ल्याउँदा
उनीहरू आउँदा वर्णे साह्रै रमाउँथ्यो
त्यस दिन वर्णेको डिहीबाट मिठो
बास्ना आउँथ्यो

खै र !
अहिले त गाडी चल्न थाल्यो क्यार !
एक्लो डिही बर्खाइमा छ
१२ वर्षदेखि
वा वटुवा पो आउने हुन् कि ?
वा बारी हेर्ने वर्णे पो आउने हो कि ?
आइहाले आकाश छोप्न
डिही उभिरहेको छ
ठिङ्रिङ्ग
वर्णेको डिही पर्खाइमा छ
आशा बोकेर

कविता

# मेरो देश नेपाल र यहाँको स्थिति

शक्तिराज साम्पाङ राई

नाम नै राम्रो नेपाल तीन वर्णले बनेको
हिमाल, पहाड र तराई मिली सुन्दर भूमि बनेको
भाग्यमानी रहेछु म पनि नेपालमै जन्मेको
चार जात, छत्तीस वर्णको साझा फूलबारी रहेको ।

हरियाली वनपाखा स्वच्छ खोलानाला भएको
सुनिरहुँ लाग्छ कुनै मौसम कोइलीले कुहुकुहु गाएको
सम्म भूमि उपत्यकादेखि अग्ला पहाडसम्म भएको
चाँदीझैं सगरमाथाले विश्वमा नाम अझ उच्च रहेको ।

कति राम्रो नेपाल हाम्रो आफ्नै भेषभूषा भएको
किराँत, बौद्ध, इस्लाम र मुस्लिम पर्वहरू यहीको खास भएको
देश बनाउन बलभद्र, भक्ति थापा जस्ता असङ्ख्य वीर भएको
लाखौं सहिदहरूले गर्दा नेपालको नाम रच्न सफल भएको ।

जून झैं चम्किलो र सूर्य झैं उल्यालो भएको मेरो देश
एकसय बयालीस जात अनि एकसय पच्चीस भाषाभाषी भएको मेरो देश
पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म फैलिएको मेरो देश
भगवान गौतम बुद्धको जन्म भएको नेपाल मेरो देश ।

राष्ट्रिय गानमा झैं एउटै माला हौं हामी
चिन्ता गर्न छोड्नु हुन्न माला खुस्किन्छ कि भनी
अघिपछि होइन सबै जाऊ हातेमालो गरी
देशको लागि सधैं लडौं वीरहरूको सन्तान हूँ भनी ।

हाल हाम्रो देश विदेशी विप्रेषणमा चल्दै छ.
प्रत्येक दिन हजारौं युवायुवती पलायन हुँदै छ
सक्रिय जनसङ्ख्याभन्दा आश्रित जनसङ्ख्याको चाप बढ्दै छ
अब सोचौं साथी हो हाम्रो देशले पाइला कता चाल्दै छ ।

अब सबै मिली देशलाई प्रगति मार्गतिर लाग्नुपर्दछ
अब नि केही नसोचेर हामी नलागे यसले अझै अर्को रूप लिनेछ
देशमा सुव्यवस्थाका साथ युवा शक्ति लागि पर्नुपर्छ
अनि मात्र हाम्रो देशको सुन्दर रूप देखा पर्दछ ।

कविता

# मेरो देश नेपाल

सुदीप श्रेष्ठ

पहाड, तराईको फाँटमा धान झुल्छ अनि हिमालमा डाँफे गाउँछ
प्रकृति भन्ने बित्तिकै सबको मुखमा नेपाल आउँछ
आफ्नै छ रीतिरिवाज मेचीदेखि महाकालीसम्म
सायद त्यही हेर्नको लागि होला त्यो विदेशी नेपाल आउँछ।

भगवान् गौतम बुद्ध जन्मिए त्यो पवित्र भूमि साथ छ यहाँ
१२५ भाषाभाषी अनि १९२ जात छन् यहाँ
हरियालीले सजिएको स्वर्ग जस्तो छ गाउँघर यहाँ
त्यसैले त मेरो देश हर व्यक्तिको लागि खास छ यहाँ

सुखदु:खको डेबिट् क्रेडिट् हरदिन हुन्छ यहाँ
देशलाई दु:ख पर्दा हर देशवासीको मन रुन्छ यहाँ
देशवासीमा सद्भाव छ देशप्रेम सहिष्णुता पनि
